# बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना
# नेपाल

आ.व.२०६१/६२-२०७१/७२

(सन् २००४/०५-२०१४/१५)

श्री ५ को सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

**सिंहदरवार, काठमाण्डौं**

२०६१

# समर्पण

आफ्ना मौलिक अधिकारहरुबाट बञ्चित, द्वन्द्व पीडित लगायत सम्पूर्ण बालबालिकाहरु र विशेष गरी कार्ययोजना तर्जुमाको सिलसिलामा आयोजित पश्चिमाञ्चल क्षेत्रीय कार्यशालाका सक्रिय सहभागी १४ बर्षीय हरि प्रसाद खनाल जसको कार्यशालामा भाग लिएर घर फर्कने क्रममा दुर्घटनामा परी २०६० साल पौष २१ गते असामयिक निधन भयो उनै प्रति सादर समर्पित ।

## विषय सूची


संक्षेपीकरण.................................................................................................................................... i

मुख्य सारांश.................................................................................................................................. ii

**अध्याय-१: बालबालिकाका लागि राष्ट्रिय कार्ययोजना**

1. अन्तर्राष्ट्रिय प्रतिवद्धता र बालबालिकाको लागि राष्ट्रिय कार्ययोजना ..........................................१
2. बालबालिकाको लागि राष्ट्रिय कार्ययोजनाको थालनी प्रयास.....................................................२
3. राष्ट्रिय कार्ययोजना तर्जुमामा भएको सहकार्य...................................................................३
4. कार्ययोजनासँग सम्बन्धित मुख्य दस्तावेजहरु माथि प्रकाश.................................................... ४
5. अन्य कार्ययोजनाहरुसँग बालबालिकासम्बन्धी १०-वर्षे राष्ट्रिय कार्ययोजनाको सम्बन्ध......................६

**अध्याय-२: सन् १९९० को दशकको बालबालिकासम्बन्धी कार्ययोजनाको पुनरावलोकन तथा विश्लेषण**

1. बाल अधिकार तथा विकासमा भएको प्रयास.......................................................................७
2. सन् १९९० को दशकको बालबालिकासम्बन्धी कार्ययोजनाको समिक्षा र मूल्याकंन..........................८
3. सन् १९९० दशकको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा देखापरेका चुनौतिहरु...........................१०

**अध्याय-३: बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा र यसको कार्यान्वयन ढाँचा**

1. भूमिका.....................................................................................................................११
2. परिलक्ष्य..................................................................................................................११
3. लक्ष्य.......................................................................................................................११
4. उदेश्यहरु..................................................................................................................११
5. नीतिहरु....................................................................................................................११
6. कार्यान्वयन ढाँचा.........................................................................................................१५
7. सांगठनीक सतह तालिका................................................................................................१७

**अध्याय-४: राष्ट्रिय कार्ययोजना**

1. भूमिका.....................................................................................................................१८
2. बाल स्वास्थ्य..............................................................................................................१८
3. बाल शिक्षा.................................................................................................................२६
4. बाल अधिकार संरक्षण....................................................................................................३४
5. एच.आइ.भी/एड्स विरुद्धको अभियान...................................................................................४७
6. बाल सहभागिता............................................................................................................५३
7. समन्वय, अनुगमन तथा मूल्यांकन.........................................................................................५६

**अध्याय-५: अवसर, कठीनाई/जोखिम/चुनौति तथा नीतिगत सुझावहरु**

1. भूमिका.....................................................................................................................५९
2. अवसर......................................................................................................................५९
3. कठीनाई/जोखिम/चुनौति..................................................................................................६१
4. नीतिगत सुझावहरु.........................................................................................................६२

**परिशिष्ट**

अनुसूची-१: बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरु..................................................६४

अनुसूची-२: कार्यदलका सदस्यहरुको नामावली...........................................................................६५

अनुसूची-३: विषयगत समूहका सहभागीहरुको सूची.....................................................................६६

अनुसूची-४: सन् २०१५ को नेपालका लक्ष्यहरु.........................................................................६९

अनुसूची-५: कार्ययोजना अवधिका लागि अनुमानित बजेट.........................................................७२

# अध्याय - १
# बालबालिकाको लागि १० बर्षे राष्ट्रिय कार्ययोजना

## १. बालबालिकाको लागि अन्तर्राष्ट्रिय प्रतिवद्धता र नेपालको राष्ट्रिय कार्ययोजना

सन् १९२० दशकको शुरुदेखि, खासगरी प्रथम विश्वयुद्ध पछि बालबालिकाको विकास र अधिकारको लागि विश्वभरिमा नै विविध प्रयास भै रहेको छ । सेभ द चिल्ड्रेनले बालबालिकाको कल्याण र विकासको लागि सन् १९२३ मा एउटा पाँच बुँदे घोषणा विश्वभरि नै जारी गऱ्यो । बालबालिकाको अधिकार र विकाससम्बन्धी यस्ता अन्य घोषणा, महासन्धि तथा विश्व शिखर सम्मेलन भए, जस्तै, बाल अधिकारसम्बन्धी घोषणा - १९२४, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र - १९४८, बाल अधिकारसम्बन्धी घोषणा - १९५९, अन्तर्राष्ट्रिय बाल बर्ष - १९७९ आदि । संयुक्त राष्ट्रसंघको महासभाबाट सन् १९८९ को नोभेम्बर २० तारिखका दिन बाल अधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो र संयुक्त राष्ट्रसंघले बालबालिकाको सम्बन्धमा प्रथम विशेष सभाको आयोजना गऱ्यो । यस विशेषसभाबाट "बालबालिकाको लागि पहिलो आह्वान" नामक विश्वभरि कै लागि कार्ययोजना पारित गरियो । यस अतिरिक्त बालबालिकाको बेचबिखन, बाल बेश्याबृत्ति र अश्लिल चित्रसम्बन्धी तथा बालबालिकालाई सशस्त्र विद्रोहमा संलग्नता सम्बन्धी दुईवटा इच्छाधिन आलेखहरु - २००० अनुमोदन गरिएका छन् । यी सबै घोषणा र महासन्धिहरुबाट विश्वभरि नै बाल अधिकारको सुनिश्चितताको लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता भएको देखिन्छ । बाल अधिकार र विकाससंग प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा सम्बन्धित घोषणाहरु अनुसूची १ मा दिइएको छ ।

सन् १९९० को सेप्टेम्बर ३० मा संयुक्त राष्ट्रसंघमा बालबालिकाको बचावट, संरक्षण र विकास सम्बन्धी विश्व शिखर सम्मेलनको आयोजना भएको थियो । नेपाल लगायत विश्वका धेरै देशहरु यस शिखर सम्मेलनमा सहभागी भएका थिए र सम्मेलनको घोषणा-पत्रका प्रावधानहरु लागू गर्न प्रतिवद्धता जाहेर गरेका थिए । यस अनुरुप करिव १५५ वटा देशहरुले बालबालिकाको लागि पहिलो १० बर्षे राष्ट्रिय कार्ययोजना तयार गरी सन् १९९० को दशक भरि लागू गरेका थिए । यस शिखर सम्मेलन र बाल अधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनले विश्वभरी नै बालबालिकाको लागि प्राथमिकता दिने लहर चल्यो र यसबाट धेरै सकारात्मक परिणामहरु पनि देखा परे । यसरी यो दशक बालबालिकाको लागि कार्य गर्न महत्वपूर्ण रुपमा प्रतिबद्धता दर्शाइएको दशकको रुपमा रह्यो ।

सन् २००२ को मे महिनामा संयुक्त राष्ट्रसंघमा विश्वभरका बालबालिकाको स्थितिबारे, सन् १९९० दशकको लागि तयार गरिएको बालबालिकासम्बन्धी १० बर्षे राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अवस्था तथा यसका उपलब्धिबारे छलफल गर्न तथा आउंदो दशकका लागि नीति, कार्यक्रम तथा निर्देशिका तयार गर्न बालबालिकाको लागि विशेष साधारण सभाको आयोजना भयो । यस सभामा उक्त दशकको प्रतिवेदन माथि बृहत छलफल भयो र आउंदो दशकका लागि बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन गर्न चारवटा मुख्य विषयगत क्षेत्रको पहिचान गरी "बालबालिकाको लागि सुहाउंदो विश्व" नामक घोषणा-पत्र पारित गरियो । यस घोषणाले सबै सहभागी मुलुकलाई बाल अधिकारको सम्बर्द्धनार्थ निम्न विषयहरुमा विशेष ध्यान दिन निर्देशनसमेत गरेको छ :

- पर्याप्त पोषण र संक्रमित रोगहरुको नियन्त्रणसहित स्वस्थ जीवनको प्रबर्द्धन
- सन् २०१५ सम्ममा निशुल्क र अनिवार्य आधारभूत प्राथमिक शिक्षासहित गुणात्मक शिक्षा
- दूर्व्यवहार, शोषण र हिंसा (सशस्त्र विद्रोह, बालश्रम, बेचविखन तथा यौन शोषण) वाट संरक्षण, र
- एच. आइ. भि. ⁄ एड्स बिरुद्धको अभियान

संयुक्त राष्ट्रसंघको यस घोषणामा सबै राष्ट्रहरुले सन् २००३ सम्ममा उपर्युक्त विषय समावेश गरी बालबालिकाको लागि १० बर्षे राष्ट्रिय कार्ययोजना तयार गर्नु पर्ने र सम्भव भएसम्म क्षेत्रीयस्तरमा पनि कार्ययोजना बनाउनु पर्ने व्यहोरा उल्लेख भएको छ । साथै उक्त कार्ययोजना बाल अधिकार र विकासमा अत्यन्त संबेदनशील तथा उन्मुख हुनु पर्ने र राष्ट्रिय विकास योजनासंग तालमेल मिल्नु पर्ने व्यहोरासमेत उल्लेख छ । यसर्थ, संयुक्त राष्ट्रसंघको यस साधारण सभाका सहभागी राष्ट्रहरुले बालबालिकाको लागि १० बर्षे राष्ट्रिय कार्ययोजना तयार गरी सहभागितात्मक एवम् प्रभावकारीरुपमा कार्यान्वयन गर्नु पर्ने हुन्छ ।

## २. बालबालिकाको लागि १० बर्षे राष्ट्रिय कार्ययोजनाको थालनी प्रयास

संरासंको बालबालिकाको लागि विशेष साधारण सभामा भाग लिने राष्ट्रहरुमध्ये नेपाल पनि एक हो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्री, राष्ट्रिय योजना आयोगका सदस्यहरु, सरकारी तथा गैरसरकारी संस्थाका अन्य पदाधिकारीहरु एवम् बालबालिकासहित नेपालका प्रधानमन्त्रीले यस विशेष सभामा भाग लिएका थिए र नेपालको तर्फबाट "बालबालिकाका लागि सुहाउंदो विश्व" घोषणामा उल्लेख भए अनुसार बालबालिकाको अधिकार संरक्षण र प्रवर्द्धन गर्न श्री ५ को सरकार प्रतिबद्ध रहेको भावना व्यक्त गरिएको छ ।

उक्त घोषणा एवम् प्रतिबद्धता अनुसार श्री ५ को सरकार, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले २०५९ साल मंसिर महिनामा बालबालिकाको लागि १० बर्षीय राष्ट्रिय कार्ययोजना तर्जुमा गर्न कार्य विवरणसहित एक सात सदस्यीय कार्यदल गठन गऱ्यो, साथै उक्त कार्यदललाई २०६० सालको असार महिनामा १४ सदस्यीय बनाइयो । यो कार्यदलको सदस्यहरुको नामावली अनूसुचि-२ मा दिइएको छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले राष्ट्रिय कार्ययोजना तयार गर्न उक्त कार्यदलको लागि निम्नानुसारको कार्य विवरण स्वीकृत गऱ्यो :

- उपर्युक्त विशेष साधारण सभामा श्री ५ को सरकारबाट व्यक्त प्रतिवद्धता अनुसार राष्ट्रिय कार्ययोजना तयार गर्ने
- दशौं योजनामा (२०५९ - २०६४) उल्लेख भएका विषयहरुमा जोड दिने
- मबासकमसंग निकट समन्वय गरी केन्द्रीय बाल कल्याण समितिले आवश्यक स्रोत जुटाउने

उक्त कार्यदलले स्वीकृत कार्य विवरण र "बालबालिकाको लागि सुहाउंदो विश्व" घोषणा बमोजिम निम्नानुसार राष्ट्रिय कार्ययोजना तयार गर्नको लागि एउटा अवधारणा-पत्र तयार गऱ्यो र यसलाई मबासकमबाट स्वीकृत गरियो :

- बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरुको अध्ययन गर्ने
- नेपालको सन्दर्भमा बालबालिकाको लागि विश्व अभियानमा उल्लिखित १० वटा सिद्धान्तहरुलाई मध्य नजर राख्ने
- लागू गर्न सकिने गरी राष्ट्रिय कार्ययोजना तयार गर्ने
- राष्ट्रिय कार्ययोजनालाई राष्ट्रिय विकास योजनामा उल्लिखित बाल अधिकारको मूलधारसंग र अन्य राष्ट्रिय कार्ययोजनासंग तालमेल मिलाउने
- चारवटा विषयगत समूह गठन गर्ने
- जिल्ला बाल कल्याण समितिलगायत सम्बद्ध मन्त्रालय र निकायहरुसंग समन्वय गर्ने
- स्थानीय निकाय-जिल्ला विकास समिति, गाउं विकास समिति तथा नगरपालिका संग समन्वय गर्ने
- संयुक्त राष्ट्र संघीय र द्धिपक्षीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था (अगैसस), गैरसरकारी संस्था, नागरिक समाज र व्यापारिक संस्थाहरुसंग सहकार्य प्रबर्द्धन गर्ने
- कार्ययोजना तयारीको सम्पूर्ण प्रक्रियामा बाल सहभागितालाई प्रोत्साहन गर्ने
- जिल्लादेखि केन्द्रसम्म प्रक्रिया-उन्मुख परामर्श गोष्ठीहरु आयोजना

यो राष्ट्रिय कार्ययोजनाको तयारी प्रक्रियामा विभिन्न क्षेत्रहरु/समूहहरु/व्यक्तिहरुको संयुक्त योगदान रहेको छ जस्तै, किशोरकिशोरी लगायत बालबालिकाहरु; अभिभावकहरु, परिवार तथा हेरविचार गर्ने व्यक्तिहरु; स्थानीयस्तरका व्यक्तिहरु; मानव अधिकारवादी संस्थाहरु; गैरसरकारी तथा समुदायिक संस्थाहरु; निजी क्षेत्र; संचार माध्यम; बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरु; शिक्षक संघ संगठन; ट्रेड युनियनहरु तथा अन्य सम्बन्धित पेशागत व्यवसायीहरु ।

कार्यदलले उपर्युक्त विशेष साधारण सभाको घोषणामा उल्लिखित चारवटा मुख्य विषयहरुको आधारमा चारवटा विषयगत समूहहरु गठन गर्ने निर्णय गऱ्यो :- क) स्वस्थ जीवनको प्रबर्द्धनसम्बन्धी समूह ख) शिक्षासम्बन्धी समूह ग) बाल अधिकार संरक्षण समूह र घ) एच. आइ. भि./एड्ससम्बन्धी समूह । यी समूहहरु सम्बन्धित विषयहरुको सम्बन्धमा विस्तृत जानकारी संकलन गर्न गठन गरिएका थिए ।

सबै विषयहरुका समूहमा सम्बद्ध मन्त्रालय, विभाग, गैरसरकारी संघसंस्था, पेशागत व्यवसायी तथा बालबालिकाका संस्थाहरुका प्रतिनिधिहरु समावेश थिए । यी सबै समूहहरुको नामावली अनुसूची ३ मा दिइएको छ ।

कार्यदलले कार्ययोजना निम्नलिखित तीन चरणमा सम्पन्न गऱ्यो :

**प्रथम चरण (नोभेम्बर १५, २००३ सम्म)** मा कार्ययोजना तयारीको लागि स्रोत जुटाउने तथा पाँच जनाको कार्य टोलीको व्यवस्था गर्ने जस्ता प्रारम्भिक कार्य, सम्बद्ध मन्त्रालयहरु र दातृसंस्था (युनिसेफ, आइएलओ, जिटिजेड, प्लान नेपाल, बाल बचाउ नर्वे, युके र युएसए) संग परामर्श, अवधारणा-पत्र परिमार्जन, आवश्यक साधनसहितको सचिवालयको स्थापना, कार्ययोजनामा समावेश गर्नु पर्ने विषय तथा क्षेत्रको पहिचान, संचार अभियानको विकास तथा प्रारम्भिक छलफल कागजात तयार गर्ने कार्य सम्पन्न गरियो ।

**दोस्रो चरण (जनवरी २००४ सम्म)** मा राष्ट्रिय कार्ययोजना तयार गर्नु पर्ने दायित्व, यसका पृष्ठभूमि, कार्ययोजनाको खाका तथा आवश्यक सूचनाहरुबारे राष्ट्रिय तथा क्षेत्रीयस्तरमा परामर्श तथा छलफल, चारवटा विषयगत समूहको बैठक, विभिन्न पेशागत संघसंस्थाहरु (शिक्षक संघ/संगठन, ट्रेड युनियन आदि), बालबालिकाका संस्थाहरु तथा बालबालिकासंग परामर्श गर्ने कार्य सम्पन्न भयो ।

**तेश्रो चरण (मार्च २००४ सम्म)** मा राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयारी तथा केन्द्रीयस्तरमा सरोकारवाला संस्थाहरुको लागि र बालबालिकाको लागि गरी कार्ययोजनालाई अन्तिम रुप दिन दुइवटा कार्यशालाको आयोजना गरियो । साथै राष्ट्रिय कार्ययोजना सम्माननीय प्रधानमन्त्री तथा विभागीय मन्त्री समक्ष पेश गरियो ।

## ३. राष्ट्रिय कार्ययोजना तयारीमा भएको सहकार्य

यो राष्ट्रिय कार्ययोजना महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समितिको अगुवाइ र युनिसेफ, आइएलओ, जिटिजेड, प्लान नेपाल, बाल बचाउ नर्वे, युके र युएसएको सहयोगमा एवम् राष्ट्रिय योजना आयोगको सचिवालय, स्वास्थ्य मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय, स्थानीय विकास मन्त्रालय, गैरसरकारी संस्था महासंघ, बालबालिकासम्बन्धी गैरसरकारी संस्था महासंघ, बाल अधिकारसंग सम्बन्धित विषयमा कार्यरत गैरसरकारी संस्था, बालबालिकाको समूह तथा संस्था र नागरिक समाजका प्रतिनिधिहरुसंगको निकट परामर्श, नीतिगत तथा विषयगत छलफल, कार्यशाला आदिको प्रक्रियाबाट तयार गरिएको छ । कार्ययोजना तयारीको क्रममा अवलम्बन गरिएका प्रक्रियालाई संक्षिप्तमा निम्नानुसार प्रश्तुत गरिएको छ :

- **अवधारणा-पत्रको सहमतिः** राष्ट्रिय कार्ययोजना तयारी कार्यदलले एउटा अवधारणा-पत्र तयार गऱ्यो र महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र विकासका साझेदार संस्थाहरुसंग विस्तृतमा छलफल गऱ्यो । यस अवधारणा-पत्र अनुसार कार्य गर्न मन्त्रालयले सहमति दियो ।

- **अवधारणा-पत्रबारे विकासका साझेदार संस्थाहरुसंगको छलफल र सहमतिः** कार्यदलको गठनको साथसाथै केन्द्रीय बाल कल्याण समितिले विकासका साझेदारहरु (युनिसेफ, आइएलओ, जिटिजेड, प्लान नेपाल, सेभ द चिल्ड्रेन नर्वे, युके र युएस) संग राष्ट्रिय कार्ययोजनाको तयारी, अवधारणा-पत्र तथा उनीहरुको यस कार्यमा योगदानबारेमा छलफल सुरु गऱ्यो । ती सबै संस्थाहरु कार्ययोजना तयारीको प्रक्रियामा सहभागी हुन र आवश्यक आर्थिक, मानव साधन तथा अन्य भौतिक सेवा र सुविधासम्बन्धमा सहयोग गर्न राजी भए । ती संस्थाहरुका प्रतिनिधिहरुले कार्ययोजनाको तयारीको क्रममा भएका क्षेत्रीय गोष्ठीहरुको आयोजना र सहजकर्ताको कार्यमा पनि योगदान गरेका थिए । यस प्रकार सहकार्य र सहभागितात्मक प्रक्रिया अवलम्बन गरिएको थियो ।

- **चारवटा विषयगत समूहहरुको गठनः** कार्यदलले संयुक्त राष्ट्रसंघको घोषणामा उल्लेख गरिए अनुसारका चार विषयहरुमा बृहत र गहन सूचना संकलनार्थ विषयगत समूह गठन गरेको थियो । ती समूहहरु क) स्वास्थ्य ख) शिक्षा ग) बाल अधिकार संरक्षण, र घ) एचआइभि/एड्स विषयहरुमा केन्द्रित थिए । सबै समूहहरुमा सम्बद्ध मन्त्रालय, विभाग, गैरसरकारी संस्था महासंघ लगायत गैरसरकारी संस्था, पेशागत व्यवसायी तथा बालबालिकाका संस्थाहरुको प्रतिनिधिहरु सम्मिलित थिए । नोभेम्बर २००३ देखि जनवरी २००४ बीचमा यी समूहरुको करिव ३० वटा बैठक सम्पन्न भए र बैठकमा विषयगत मामला, प्रगति तथा समस्या/चुनौतिहरुकोबारेमा बृहत छलफल भएको थियो साथै कार्ययोजनाको लागि सम्भावित उद्देश्यहरु एवम् कार्यक्रमहरुको पहिचान गरिएको थियो ।

- **क्षेत्रीय परामर्श तथा कार्यशालाः** केन्द्रीय बाल कल्याण समितिले जिल्ला बाल कल्याण समिति र यस कार्ययोजना तयारीका विकासका साझेदारहरुको संयुक्त प्रयासमा ५ विकास क्षेत्रमा ६ वटा क्षेत्रीयस्तरमा परामर्श गोष्ठी सञ्चालन गऱ्यो । यस गोष्ठीमा ७५ जिल्लामध्ये ७३ जिल्लाका प्रतिनिधिले सक्रिय रुपमा सहभागी भए भने सिन्धुली र मुस्ताङ्ग जिल्लाबाट गोष्ठीमा सहभागीता भएन । यी दुइ जिल्लालाई पछि सम्पर्क गरी प्राप्त सुझावहरु कार्ययोजनामा समावेश गरिएको छ । जिल्लास्तरीय सरोकारवालाहरुलाई कार्ययोजनाको तयारी प्रक्रियामा समावेश गर्नु, आवश्यक सूचना संकलन गर्नु र समग्र तयारी प्रक्रियालाई सहभागिमूलक बनाउनु यी परापर्श गोष्ठीहरुको प्रमुख उद्देश्यहरु थिए । सहभागीहरुमा जिबाकसका संयोजक/अध्यक्ष, जिबाकसको सदश्य (गैससका प्रतिनिधि), जिल्ला बाल कल्याण अधिकारी (महिला विकास अधिकृत) र दुइजना बालबालिका ( एक जना बालक र एक जना बालिका) थिए । यस अतिरिक्त गोष्ठी सञ्चालन गरिएको जिल्लाका बालबालिकाको विषयमा

कार्यरत केही गैरसरकारी संस्था र बालबालिकाका संस्थाहरुका प्रतिनिधिहरु थिए । प्रायः सबैजसो सहभागीहरु बाल अधिकारको विषयमा संबेदनशील र सिर्जनशील भएका कारण पनि उक्त गोष्ठीहरुबाट प्राप्त सूचनाहरु कार्ययोजनाको लागि धेरै महत्वपूर्ण थिए । यस अतिरिक्त, सहभागीहरुलाई जिल्लामा पनि कार्ययोजनाको लागि आवश्यक सूचना प्रदान गर्नको लागि बैठकको आयोजना गरी केन्द्रीय बाल कल्याण समितिमा पठाइ दिन अनुरोध गरिएको थियो । केही जिल्लाबाट प्राप्त थप सूचनालाई कार्ययोजनामा समावेश गरिएको छ ।

- **केन्द्रीयस्तरमा विभिन्न पेशागत तथा विशेष समूहसंगको परामर्शः** निजी क्षेत्र, जिविस, नगरपालिका तथा गाविस महासंघहरु, विभिन्न शिक्षक, अभिभावक तथा विद्यार्थी संघसंगठनहरु, सडक बालबालिका, अपाङ्ग बालबालिका एवम् अन्य सम्बद्ध निकायहरुसंग बालबालिकाको अवस्था, बाल अधिकार र राष्ट्रिय कार्ययोजनामा समावेश गर्नु पर्ने विषयहरुकोबारेमा परामर्श गरियो । यी परामर्शमा संलग्न व्यक्तिहरुबाट प्राप्त सूचनाहरु खासगरी उपलब्धि समीक्षा, विद्यमान समस्याहरु तथा सुझावहरु कार्ययोजनाको लागि महत्वपूर्ण रह्यो ।

- **संचार माध्यमबाट सार्वजनिक आह्वानः** कार्ययोजना तयारीको लागि आवश्यक सूचना तथा सुझाव पठाइ सहयोग गरी दिन मुख्य संचार माध्यमबाट जनसाधारणलाई अनुरोध गरिएको थियो । यस प्रयासबाट प्राप्त सुझावहरुसमेत कार्ययोजनामा समावेश गरिएको छ । यस अतिरिक्त पत्रकार सम्मेलन लगायत संचार माध्यमसंग कार्ययोजना तयारीको समय भरी नियमित सम्पर्क गरिएको थियो ।

- **बाल सहभागिताः** राष्ट्रिय कार्ययोजनाको पुरै प्रक्रिया भरी बालबालिकाको सहभागिता तथा योगदान अति महत्वपूर्ण र उत्साहबर्द्धक रह्यो । बालबालिकाका प्रतिनिधिहरु सबै चारवटा विषयत समूहका सदस्य थिए र समूह कार्यमा उनीहरुको सक्रिय योगदान रहेको थियो । सबै ६ वटा क्षेत्रीय परामर्श भेलाहरुमा बालबालिकाको सहभागिता कम्तिमा ४० प्रतिशत थियो । तर पूर्वाञ्चल र मध्यपश्चिमाञ्चलको भेलामा बाल सहभागिता करिव ५० प्रतिशत थियो । सबै क्षेत्रीय भेलामा बालबालिकालाई भिन्नाभिन्नै चार विषयगत समूहमा विभाजन गरी छलफल गरिएको थियो । यस छलफलबाट चार विषयगत क्षेत्र बाहेकका र उनीहरुले भोगेदेखेका विषयहरु पनि पहिचान गरेका थिए । वास्तवमा ती बाल प्रतिनिधिहरु बाल अधिकारकाबारेमा सचेत, सुसूचित एवम् सक्रिय भएकाले विविध खालका सूचनाहरु प्राप्त भए र कार्ययोजनाको लागि महत्वपूर्ण रह्यो । क्षेत्रीय भेलाहरुमा बालश्रम, दलित, जनजाति, सशस्त्र विद्रोह, यौनशोषण, दूर्व्यवहार तथा बेचविखन, अपाङ्ग तथा सडक बालबालिका जस्ता बाल अधिकारविरुद्धका मामलामा कार्यरत बालबालिका बाहेक प्रत्येक जिल्लाबाट एक जना बालक र एक जना बालिकाको सहभागिता रहेको थियो ।

## ४. राष्ट्रिय कार्ययोजनाका आधारभूत दस्तावेजको संक्षिप्त जानकारी

### क. बालबालिकाको लागि सुहाउंदो विश्व घोषणा, २००२

सन् २००२ को मे महिनामा न्युयोर्कमा विश्वका बालबालिकाको अवस्था, विगतका अनुभव, सन् १९९० दशकमा कार्यान्वयन गरिएको कार्ययोजनाको उपलब्धि समीक्षा गर्न र आउंदो दशकका लागि आवश्यक रणनीति तथा कार्यनीति तयार गर्न बालबालिकाको लागि संयुक्त राष्ट्रसंघको साधारण सभामा विशेष अधिवेशन सम्पन्न भएको थियो । यस विशेष अधिवेशनबाट "बालबालिकाको लागि सुहाउंदो विश्व" नामक घोषणा सार्वजिक गऱ्यो जस्मा विश्वमा बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि माथि उल्लेख गरिएका चार मुख्य विषयगत क्षेत्र समावेश गरेको छ । साथै त्यसै घोषणाबाट सन् २००३ सम्ममा घोषणा-पत्रमा उल्लेख गरिएका विषयहरु समावेश गरी निम्नलिखित रणनीतिहरुको आधारमा सदस्य राष्ट्रहरुले बालबालिकाको लागि १० बर्षेय राष्ट्रिय कार्ययोजना तयार गर्नु पर्ने र सम्भव भएसम्म क्षेत्रीयस्तरमा पनि कार्ययोजना तयार गर्नु पर्ने व्यहोरा उल्लेख गरिएको छ :

- प्रभावकारी कानून, नीति र कार्ययोजना तयार गर्ने र बालबालिकाको अधिकार सुनिश्चितताका लागि कार्यक्रम संचालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।
- बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय तथा अन्य निकायहरुको स्थापना एवम् क्षमता अभिबृद्धि गर्ने ।
- कार्यक्रम अनुगमन तथा मुल्याङ्कन गर्ने पद्धतिको विकास गर्ने ।
- बाल अधिकारबारे व्यापक चेतना जागरण गर्ने ।

**ख. सहस्राब्दी विकास लक्ष्यसम्बन्धी घोषणा, २०००**

सन् २००० को सेप्टेम्बर महिनामा १९१ वटा राष्ट्रहरुको सभाले सहस्राब्दी विकास लक्ष्यसम्बन्धी घोषणा गऱ्यो । यस घोषणाले वातावरण, मानव अधिकार र सुशासनलगायत शान्ति, सुरक्षा र विकासलाई जोड दिएको छ र विश्व एजेण्डामा विकासका लक्ष्यहरुलाई अन्तरसाम्बन्धिक रुपमा पेश गरेको छ । अन्तर्राष्ट्रिय विकास लक्ष्यहरु र सहस्राब्दी घोषणालाई आठ वटा मुख्य विषयहरुमा केन्द्रित गरी सहस्राब्दी विकास लक्ष्यको रुपमा समावेश गरिएको छ । ती विषयहरुमध्ये बालबालिकाको सम्बन्धमा सबैको लागि शिक्षा, लैङ्गिक समानता, बाल मृत्यूदर घटाउने, एचआइभि/एडस्, मलेरिया तथा अन्य रोगविरुद्ध लड्ने विषयहरु समावेश छन् ।

**ग. बेइजिङ्ग + ५ घोषणा**

सन् १९९५ मा बेइजिङ्गमा सम्पन्न चौथो विश्व महिला तथा विकाससम्बन्धी सम्मेलनले महिलाको सशक्तीकरण र लैङ्गिक समता सुनिश्चित गर्न बालिकाको विषयलगायत १२ वटा महत्वपूर्ण विषयहरु पहिचान गरेको थियो । बेइजिङ्ग कार्ययोजनाले बालक र बालिकाबीच हुने सामाजिक, आर्थिक, स्वास्थ्य र शिक्षासम्बन्धी भेदभाव निराकरण गर्नु पर्ने कुरामा जोड दिएको छ । यस प्रयासलाई बेइजिङ्ग + ५ घोषणाले बाल अधिकारसम्बन्धी मामलालाई थप जोड गरेको छ ।

**घ. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९**

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ मा विश्वका सबैभन्दा बढी मुलुकहरुले अनुमोदन गरेको महासन्धि हो । यसले बाल अधिकार सुनिश्चित गर्नको लागि बाल बचाउ, संरक्षण, विकास र सहभागिता गरी चारवटा मुख्य विषयमा जोड दिएको छ । बालबालिकासम्बन्धी सन् २००० को घोषणाका (UNGASS Declaration) चारवटा मुख्य विषयहरु बाल अधिकारसम्बन्धी घोषणाका प्रावधानहरुसंग मिल्दोजुल्दो छ । श्री ५ को सरकारले बाल अधिकारसंग सम्बन्धित निम्नलिखित अन्य दुइवटा इच्छाधिन आलेखहरुमा हस्ताक्षर गरेको छ ।

**अ. बालबालिकाको बेचबिखन, बाल बेश्यावृत्ति र बालबालिकासम्बन्धी अश्लिल चित्रविरुद्धको बाल अधिकार महासन्धिको इच्छाधिन आलेख, २०००:** संयुक्त राष्ट्रसंघले यस इच्छाधिन आलेखलाई सन् २००० मा पारित गऱ्यो । यसमा कुनै पनि बालबालिकाको अङ्ग नाफाको लागि प्रत्यारोपण गर्न नपाइने र बालबालिकालाई देवदेउताको नाउँमा चढाउन नपाउने, बालबालिकाको बेचबिखन गर्न नपाउने, बालबालिकालाई बेश्यावृत्तिमा लगाउन नपाउने र बालबालिकासम्बन्धी अश्लिल चित्र बनाउन नपाउने प्रावधान उल्लेख गरिएको छ ।

**आ. बालबालिकाको सशस्त्र विद्रोहमा संलग्नता विरुद्धको बाल अधिकार महासन्धिको इच्छाधिन आलेख, २०००:** यस इच्छाधिन आलेखमा कुनै पनि सदस्य राष्ट्रले आफ्नो देशमा १८ बर्ष मुनिका कुनै पनि बालबालिकालाई सेनामा भर्ना गर्नु नहुने तथा सशस्त्र विद्रोहमा संलग्न गर्न नपाइने विषय समावेश गरिएको छ । साथै सदस्य राष्ट्रहरुले यस आलेखको प्रभावकारी कार्यान्वयनको लागि कानूनी, प्रशासनिक तथा अन्य उपायहरु अनिवार्य रुपमा अपनाउनु पर्ने व्यहोरा उल्लेख गरिएको छ ।

**ङ. अन्तर्राष्ट्रिय श्रम संगठनको निकृष्ट प्रकारको बालश्रमसम्बन्धी अभिसन्धी, १९९९ (१८२ नं)**

अन्य राष्ट्रहरु सरह श्री ५ को सरकारले यस अभिसन्धीमा अनुमोदन गरेको छ, तसर्थ यी सबै राष्ट्रहरुमा निकृष्ट प्रकारको बालश्रम निराकरण गर्नु पर्ने दायित्व छ । श्री ५ को सरकार निकृष्ट प्रकारको बालश्रम निराकरण गर्न, यस्ता श्रमबाट विस्थापित बालबालिकालाई पुनर्थापना गर्न र अन्य जोखिम परिस्थितिमा रहेका बालबालिकालाई बालश्रम हुनबाट रोक्न तुरुन्तै प्रभावकारी समयाबद्ध उपायहरु अपनाउन प्रतिबद्ध छ ।

**च. सार्कस्तरीय घोषणाहरु**

कोलोम्बो घोषणा, १९९१ देखि २००२ सम्मका सार्कस्तरीय घोषणा अनुसार सबै सात राष्ट्रहरु बाल अधिकारको संरक्षण र प्रबर्द्धनमा प्रतिबद्ध रहेको देखिन्छ । ती सबै घोषणाहरुमा उठाइएका बालबालिकासम्बन्धी विषयहरुमा - शिशु र बाल मृत्युदर घटाउने, पाँच बर्ष मुनिका बालबालिकामा कुपोषण घटाउने, मातृ मृत्युदर घटाउने, विवाह गर्ने उमेर बढाउने, लैङ्गिक असमानता हटाउने, कठिन परिस्थितिका बालबालिकाको संरक्षण विशेषगरी विषम सामाजिक वातावरणमा रहेका बालिकाको संरक्षण गर्ने, प्राथमिक शिक्षामा बालबालिकाको पहुँच तथा विद्यालय भर्ना बढाउने तथा बालश्रमको निराकरण गर्ने ।

### छ. दशौं योजना, २०५९ - २०६४

दशौं योजनामा बाल अधिकारको विषयलाई सबै क्षेत्रसँग सरोकार भएको विषयको (Cross-cutting issue) रुपमा उल्लेख गरिएको छ र बालबालिकाविरुद्ध हुने सबै प्रकारको हिंसा, शोषण, दूर्व्यवहार र विभेद निराकरण गर्दै र बाल अधिकारको संरक्षण र प्रवर्द्धन गरी देशमा बाल मैत्री वातावरणको सिर्जनामा जोड दिने व्यहोरा उल्लेख छ । साथै जीवनको सबै पक्षहरुमा - शारीरिक, भावनात्मक, आत्मीय, मानसिक, सामाजिक र मनोबैज्ञानिक विकासमा बालबालिकाको अधिकार सुनिश्चित गर्ने उद्देश्य रहेको छ । यस योजनामा समावेश गरिएका मुख्य लक्षहरु र नीतिहरुमा - कानूनमा सुधार गर्ने, बालबालिकासंग सम्बन्धित क्षेत्रमा बाल मैत्री वातावरणको सिर्जना गर्ने, बाल सहभागिता अभिबृद्धि गर्ने, दलित र अपाङ्ग सबै बालबालिकालाई निःशुल्क शिक्षा प्रदान गर्ने र अपाङ्ग बालबालिकालाई प्रभावकारी रुपमा विशेष शिक्षा प्रदान गर्ने, संस्थागत व्यवस्था सुधार गर्ने, विकासका साझेदारहरुसंग सहकार्य र साझेदारी बढाउने, निकृष्ट बालश्रम निराकरण गर्ने, संरक्षणात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक उपायद्धारा अन्य किसिमका बालश्रम, यौनशोषण, यौन दूर्व्यवहार, बेचविखन जस्ता बाल अधिकारविरुद्धका क्रियाकलाप कम गर्ने, सशस्त्र विद्रोहबाट र अन्य कठिन परिस्थितिबाट प्रभावित बालबालिकाको लागि पुनर्स्थापना कार्य गर्ने, तथा यी उद्देश्य पुरा गर्नको लागि विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाज र निजी क्षेत्रलाई परिचालन गर्ने ।

### ज. राष्ट्रिय कानूनहरु

यस राष्ट्रिय कार्ययोजनामा नेपाल अधिराज्यको संविधान २०४७ लगायत बालबालिकासम्बन्धी ऐन, २०४८, श्रम ऐन, २०४८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ र अन्य सम्बन्धित कानूनहरुलाई आधार मानिएको छ ।

## ५. यो राष्ट्रिय कार्ययोजना र अन्य राष्ट्रिय कार्ययोजनाबीचको अन्तर सम्बन्ध

विगतका केही बर्षहरुमा नेपालमा विभिन्न क्षेत्रमा राष्ट्रिय कार्ययोजना तयार गरिएका छन् जस्तै - सबैको लागि शिक्षासम्बन्धी राष्ट्रिय कार्ययोजना, सन् २००१ देखि २०१५, दोस्रो दीर्घकालिन स्वास्थ्य योजना, सन् १९९७ देखि २०१७, स्वास्थ्य क्षेत्र रणनीतिः सुधारका लागि एक कार्यक्रम, २००२/०३, नेपालको राष्ट्रिय एचआइभि/एड्स रणनीतिक योजना, २००२, स्वास्थ्य क्षेत्र कार्यक्रम कार्यान्वयन योजना, २००३ देखि २००७, श्रम र यौनशोषणको लागि बालबालिका र महिला बेचबिखनबिरुद्धको राष्ट्रिय कार्ययोजना, २००२ र महिला उपर हुने सबै प्रकारको भेदभाव निर्मूलन महासन्धि सम्बन्धी राष्ट्रिय कार्ययोजना, २००३, मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, २००३, बेइजिङ्ग + ५ सम्बन्धी राष्ट्रिय कार्ययोजना तथा अपाङ्गको अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना, २००३ तयार भै सकेको छ । बाल अधिकार तथा विकासको विषय अन्य सबै क्षेत्रको विकास र प्रशासनिक प्रक्रियासंग पनि सम्बन्धित हुने भएकोले यो राष्ट्रिय कार्ययोजना अन्य क्षेत्रका राष्ट्रिय कार्ययोजनासंग पनि प्रत्यक्ष तथा अप्रत्यक्षरुपमा अन्तरसम्बन्धित रहेको छ । यसर्थ यो राष्ट्रिय कार्ययोजनामा विषयगत क्षेत्रहरुमा बाल अधिकारको दृष्टिकोणबाट विषयबस्तुलाई जोड दिइएको छ । त्यसकारण, विविध विषयगत क्षेत्रमा कार्यक्रमगत जोड, सहभागिता, अनुगमन र मुल्याङ्कन पद्धतिलगायत कानूनी, प्रशासनिक र संस्थागत विषयमा अन्य क्षेत्रमा बढी उल्लेख गरिएको हुनसक्छ । तथापि, ती कुराहरुमा यो राष्ट्रिय कार्ययोजनामा अन्तरसम्बन्धित रुपमा उल्लेख गरिएको छ र आवश्यक स्थानहरु वा प्रावधान वा विषयहरुमा सम्बन्धित राष्ट्रिय कार्ययोजनालाई उद्धृत गरिएको छ ।

## अध्याय - २

## बालबालिका र विकाससम्बन्धी सन् १९९० दशकको राष्ट्रिय कार्ययोजनाको समीक्षा तथा मूल्याङ्कन

### १. बाल अधिकार र विकासका प्रयासहरु

- **प्रतिबद्धताः** श्री ५ को सरकारले बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय र सार्कस्तरीय प्रायजसो सबै घोषणाहरुमा अनुमोदन गरेको छ र घोषणाका सबै प्रावधानहरु लगू गर्न प्रतिबद्ध छ । खासगरी बाल अधिकारसम्बन्धी महासन्धिमा २०४६ (सन् १९९०) मा अनुमोदन गरेपछि बालबालिकाको सर्वाङ्गिण विकासको लागि राष्ट्रिय विकासका योजनाहरुमा निकै प्राथमिकता दिएको छ ।

- **कानूनी प्रयासः** नेपाल अधिराज्यको संविधान २०४७ मा बालबालिकाको केही मौलिक अधिकार समावेश भएको छ । श्री ५ को सरकारले देखाएको अन्तराष्ट्रिय प्रतिबद्धता अनुसार बालबालिकासम्बन्धी ऐन, २०४८ र यसको नियमावली २०५१, र श्रम ऐन, २०४८ पारित गरेको छ साथै बालबालिकासम्बन्धी ऐनलाई बाल अधिकार महासन्धि र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बाल अधिकारमुखी बनाउने प्रक्रियामा छ ।

- **नीतिगत प्रयासः** श्री ५ को सरकारले २०४८/२०४९ मा बाल अधिकारका मुख्य विषयहरु बाल बचाउ, संरक्षण र विकाससम्बन्धी विषयमा केन्द्रित भै बालबालिका र विकासको लागि १० बर्षे राष्ट्रिय कार्ययोजना तयार गरी लागू गऱ्यो । साथै उक्त राष्ट्रिय कार्ययोजनामा उल्लेख गरिएका विषयहरु तथा कार्यक्रमहरु आठौं योजना (२०४९ - २०५४) मा समावेश गरिएका थिए । बाल अधिकारका विषयहरुलाई नवौं योजनामा अझ राम्रो तथा गहनरुपमा समावेश गरिएको थियो भने बर्तमान दशौं योजनामा अझ विस्तृत रुपमा उल्लेख गरिएको छ । योजना तथा नीति निर्माणमा गैरसरकारी क्षेत्र र नागरिक समाजको योगदान तथा सहभागितालाई आठौं योजनादेखि प्रोत्साहन गरिँदै आएको छ । यस अतिरिक्त दशौं योजनाको तयारी प्रक्रियामा बालबालिकाको सहभागिता गराइएको थियो भने बाल अधिकार र विकासको विषयलाई अन्य क्षेत्रसंग पनि अन्तरसम्बन्ध रहेको विषयको रुपमा उल्लेख गरिएको छ । साथै बालबालिकासम्बन्धी नीतिहरु कल्याणमुखी नीतिबाट अधिकारमुखी नीतितर्फ उन्मुख हुँदैछ ।

- **कार्यान्वयन प्रयासः** खासगरी विगत दशकदेखि सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा स्थानीय निकायबाट बालबालिकाको अधिकारको संरक्षण तथा प्रवर्द्धनको लागि विभिन्न क्षेत्रहरु - स्वास्थ्य तथा पोषण, शिक्षा, तालिम, चेतना जागरण, सामुदायिक विकास एवम् अपाङ्ग बालबालिकाका लागि पुनस्थापना कार्यक्रमहरुलगायत बालश्रम, यौनशोषण, दूर्व्यवहार तथा बेचबिखनविरुद्धका कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । यी प्रयासहरुले शिक्षा, स्वास्थ्य, बाल सहभागिता, चेतना जागरण आदिमा सुधार गर्न योगदान गरेको छ । यसबाट बालबालिकाको सरोकार प्रति सरकार गम्भीर तथा प्रयत्नरत रहेको यसबाट पनि इङ्गित हुन्छ । अर्कोतर्फ, गैरसरकारी संस्थाहरु बाल अधिकारविरुद्धका सबै विषयमा चेतना जागरण, पैरवी, गरीव परिवार र समुदायमा आयमूलक कार्यक्रम सञ्चालनमा बढी सक्रिय भएको छ । साथै गैरसरकारी संस्थाहरुले बालश्रमविरुद्धको विश्व अभियान सञ्चालन गरेको छ र यस अभियानमा सरकारी, युनिसेफ, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र गैरसरकारी संस्थाहरुको संयुक्त प्रयाससमेत भएको थियो । गैरसरकारी संस्थाहरु बाल अधिकारबारे देश भरि चेतना जागरण गर्न क्रियाशिल रहेका छन् ।

- **अध्ययन अनुसन्धान तथा सर्वेक्षणः** श्री ५ को सरकारले बालबालिका र विकाससम्बन्धी विगत दशकको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रगति समीक्षा गर्न नेपाल बहुसूचकाङ्क २०५२ सालदेखि सर्वेक्षण लागू गरेको थियो । यसैगरी विगतकै दशकमा सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा गैरसरकारी संस्थाबाट स्वास्थ्य, पोषण, शिक्षा, बालश्रम, सडक बालबालिका, अपाङ्ग, यौनशोषण र दूर्व्यवहार, बालबालिकाको बेचबिखन, बाल विवाह, जन्मदर्ता, निकृष्ट प्रकारको बालश्रम आदिबारे विभिन्न अध्ययन तथा सर्वेक्षणहरु गरेका छन् । यी अध्ययन तथा सर्वेक्षणहरुबाट बाल अधिकारको स्थिति सन्दर्भमा धेरै अस्पष्ट भएका र लुकेर रहेका तथ्यहरु प्रकाशमा ल्याएको छ र ती तथ्य तथा सुझावहरु नीति निर्माण र कार्यान्वयनमा निकै सहयोगी भएका छन् ।

- **प्रतिवेदन तयारीः** २०५१ सालमा श्री ५ को सरकारले बाल अधिकार महासन्धिको कार्यान्वयनसम्बन्धी प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्रसंघमा पेश गऱ्यो र यो प्रतिवेदन २०५३ सालमा संयुक्त राष्ट्रसंघमा छलफल भयो । उक्त समयमा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिले कार्यान्वयन र समस्याबारे खुला र स्पष्ट प्रतिवेदन पेश गरिएकोमा प्रसंशा गरेको थियो । उक्त समितिले उठाएका विषयहरुमा - कानून र यसका कार्यान्वयनबीचको फरक, बालिकाप्रति गरिने विभेदपूर्ण व्यवहार कम गर्न लिइएका अपर्याप्त उपायहरु तथा बाल बेश्यावृत्ति, यौनशोषण र दूर्व्यवहार निराकरणको लागि विशेष नीति र कानूनको अभाव भएकोसमेत टिप्पणी गरेको थियो । श्री ५ को सरकारले युनिसेफ र सेभ द चिल्ड्रेन, नर्वेको सहयोग र सहकार्यमा तयार गरिएको बाल अधिकार सम्बन्धी दोस्रो तथा तेस्रो राष्ट्रिय प्रतिवेदन २०५९ सालमा संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा पेश गरेको थियो । त्यस प्रतिवेदनमा विगत ५ बर्षमा गरिएका प्रयास, उपलब्धि र समस्याबारे उल्लेख गरिएको छ । यस

प्रतिवेदनमा सम्बद्ध सरकारी निकाय, बालबालिकाको समूह तथा संस्थाहरु तथा बालबालिकाको लागि कार्यरत गैरसरकारी संस्थाकोसमेत योगदान रहेको छ ।

- **संस्थागत विकासः** श्री ५ को सरकारले बाल अधिकार महासन्धिको कार्यान्वयनको सन्दर्भमा विभिन्न संस्थागत सुधारहरु गरेको छ जस्तै, सन् १९९३ मा राष्ट्रिय योजना आयोगको सचिवालयमा बाल तथा महिला विकास शाखाको सिर्जना, सन् १९९५ मा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको स्थापना र केन्द्रीय तथा जिल्ला बाल कल्याण समितिहरुको गठन । यस अतिरिक्त, बाल अधिकारका विभिन्न विषयहरुमा कार्य गर्नको लागि जिल्लास्तरमा विभिन्न समितिहरु गठन गरिएका छन् । सरकारी तथा गैरसरकारी क्षेत्रबाट बाल गृहहरु सञ्चालन भै रहेका छन् । यसैगरी बालबालिकाको लागि कार्य गर्न गैरसरकारी संस्थाहरुलाई प्रोत्साहन गरिंदैछ । सन् १९९४ मा श्री ५ को सरकारले प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय महिला तथा बाल विकास परिषद्को गठन गरेको थियो तर यो परिषद् सक्रिय हुन सकेको छैन । विभिन्न बालबालिकाको समूह तथा संस्थाहरु बाल अधिकार र विकासको पक्षमा प्रयासरत छन् । सन् २००० मा गठित राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोगबाट पनि बालबालिका तथा महिलाको अधिकार संरक्षण कार्यमा महत्वपूर्ण योगदान हुनेछ भन्ने आशा गर्न सकिन्छ ।

- **संयुक्त प्रयासः** विगतको दशकमा बालबालिकाको विषयसंग सम्बद्ध सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा स्थानीय निकायहरुबीच प्रसंशनीय रुपबाट समन्वय, सहयोग र सहकार्य बढिरहेको छ । यस अतिरिक्त, राष्ट्रिय विकास प्रक्रियामा बालबालिका, गैरसरकारी संस्था र नागरिक समाजको सहभागिता उल्लेखनीय रुपमा बढिरहेको छ । यसको परिणाम स्वरुप कानून, संस्थागत सुधार, योजना तथा नीति निर्माण, कार्यक्रम कार्यान्वयन, चेतना जागरण तथा सबै प्रकारको भेदभाव कम गर्ने मामलामा महत्वपूर्ण उपलब्धिहरु भएका छन् ।

- **बाल सहभागिताः** योजना र विकास प्रक्रियामा बालबालिकाको सहभागितालाई महत्वपूर्ण विषयको रुपमा लिइएको छ । नवौं योजनामा बालबालिबाको विषयलाई निकै जोड दिइएको थियो भने दशौं योजनाको तर्जुमा प्रक्रियामा नै बालबालिकाको सहभागितालाई प्रोत्साहन गरिएको र सुझावहरुलाई योजनामा समावेश गरिएको थियो । यसैगरी हाल नेपालमा तर्जुमा गरिएका कतिपय राष्ट्रिय कार्ययोजनाहरुमा बाल सहभागितालाई बढावा दिइएको थियो । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट पनि बाल सहभागितालाई व्यापक रुपमा जोड दिइएको छ । बाल क्लवहरु बाल अधिकारको पक्षमा आवाज उठाउन निकै अग्रसर भै रहेका छन् ।

## २. सन् १९९० दशकको राष्ट्रिय कार्ययोजनाको समीक्षा र मूल्याङ्कन

माथि उल्लेख गरिए अनुसार विगतको दशकमा नेपालमा बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धनका लागि कानूनी, नीतिगत, संस्थागत र भेदभाव कम गर्ने विभिन्न उपायहरु लिइएका थिए । यी सबै पक्षहरुको कार्यान्वयनको आधारमा विभिन्न प्रयासहरु र उपलब्धिहरुलाई संक्षेपमा निम्नानुसार समीक्षा तथा मूल्याङ्कन गर्न सकिन्छ :

विगत दशकमा विभिन्न कानूनी उपायहरु तथा प्रयासहरु गर्दागर्दै पनि विशेषगरी विद्यमान बालश्रम, विवाहको कानूनी उमेर, यौनशोषण र दूर्व्यवहारलगायत स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा उल्लिखित बालबालिकासम्बन्धी कानूनी प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन भएका छैनन् । बालश्रम नियमित र निषेधित गर्ने ऐन, २०५६ पारित भयो तर कार्यान्वयन भएको छैन । तथापि, बाल अधिकार महासन्धि र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार बालबालिकासम्बन्धी ऐन, २०४८ सुधारको प्रक्रियामा रहेको कुरालाई सकारात्मक रुपमा लिन सकिन्छ ।

माथि उल्लेख गरिए अनुसार केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति, जिल्लामा महिला विकास कार्यालय, जिल्लास्तरीय समितिहरु र बाल क्लवहरु लगायत गाउंदेखि केन्द्रसम्म विभिन्न संस्थागत संरचनाहरुको सुधार भएका छन् । तथापि, ती संस्थाहरुले गर्नु पर्ने कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्न खासगरी मानवीय, आर्थिक र प्राविधिक स्रोतसाधनको दृष्टिकोणबाट ती संस्थाहरुको क्षमता विकास गर्न निकै प्रयास गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । यस अतिरिक्त, बालबालिकाको अधिकार सुनिश्चित गर्न परम्परागत सोचाइ र व्यवहार, गरिबी, कम साक्षरता, चेतनाको कमी, प्रशासनिक जटिलता र भौगोलिक विकटता निकै चुनौतिको रुपमा रहेको छ ।

माथि उल्लेख गरिए झैं श्री ५ को सरकारले बालबालिका र विकाससम्बन्धी विगत दशकको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रगति समीक्षा गर्न नेपाल बहुसूचकाङ्क २०५२ सालदेखि सर्वेक्षण लागू गरेको थियो । २०५३ सालमा गरिएको विगतको कार्ययोजनाको मध्यावधि मुल्याङ्कनबाट स्वास्थ्य, पोषण र शिक्षा क्षेत्रको अधिकांश लक्षहरु पुरा गर्न नसकिए पनि शिशु तथा बाल मृत्युदर एवम् साक्षरता र विद्यालय भर्ना उल्लेखनीय रुपमा बढेको निष्कर्ष निकालेको छ । यसैगरी, श्री ५ को सरकारले विकासका साझेदारहरुसंग मिलेर पुरै दशकको लक्षहरु समीक्षा गर्दा देशको कम आर्थिक बृद्धि दर, लैङ्गिक तथा जातीय भेदभाव, उच्च जनसंख्या बृद्धि, गरिबी, राजनीतिक अस्थिरता लगायत धेरै तत्वहरुले लक्ष हांसिल गर्न प्रभाव पारेको कुरा उल्लेख गरिएको छ । ती कठिनाइ

हुँदाहुँदै पनि उक्त समीक्षाले खानेपानी र सरसफाइ क्षेत्रको उपलब्धि लक्षको नजिक रहेको औंल्याएको छ । तथापि, खानेपानीको गुणस्तरमा भने अझै शंका गर्नु पर्ने ठाउँ छ ।

विशेष बाल बचाउसम्बन्धी प्रयासहरु खासगरी नियमित खोप र भिटामिन ए तथा जुका निवारण कार्यक्रम, झाडापखाला र स्वाँसप्रस्वाँस रोग नियन्त्रण कार्यक्रमहरुले विगतको दशकमा बाल मृत्युदर उल्लेखनीय रुपमा कम गर्न सहयोग पुऱ्याएका छन् । तथापि, नेपालमा अझै पनि खोपबाट नियन्त्रण गर्न सकिने रोगहरु नै बाल मृत्युदरका कारक भएका छन् । विश्व पोलियो उन्मुलन कार्यक्रममा नेपालले सन् १९९६ मा मात्रै संलग्न भएपनि सन् २००५ सम्ममा पोलियो निराकरण गर्न सकिन्छ भन्ने कुरामा विशेषज्ञहरु विश्वस्त छन् । अहिलेसम्म एचआइभि/एड्सको बर्तमान दर कम भएपनि उच्च जोखिम समूह व्यापक रुपमा फैलिरहेको र बालबालिका लगायत जनसाधारणमा फैलिन सक्ने खतरा रहेको कुरा अध्ययनहरुले देखिएको छ । यसैगरी युवाहरुमा लागू पदार्थको सुइ लिने क्रम बढ्दो छ । सरकारी तथा गैरसरकारी संस्थाहरुबाट एचआइभि/एड्सबाट प्रभावित व्यक्तिहरुका लागि पुनर्स्थापना र उपचार केन्द्रहरु सञ्चालन गरिएका छन् तर ती केन्द्र तथा सुविधाहरु राजधानीमा केन्द्रित छन् । यो समस्याको रोकथामको लागि सरकारी तथा गैरसरकारी संस्थाहरुले संचार माध्यमबाट चेतना अभिबृद्धि गरिरहेका छन् ।

विगत दुइ दशकमा पोषणको क्षेत्रमा लगानी अनुसार धेरै कम मात्र प्रगति भएको छ । अध्ययनबाट उक्त प्रगति पनि पोषण कार्यक्रमको प्रभावबाट भन्दा पनि सामाजिक तथा आर्थिक विकास जस्तै, कूल राष्ट्रिय उत्पादन, भौतिक संरचना र स्वास्थ्य सुविधाको कारणबाट भएको भन्ने देखिएको छ ।

सरकारी निकाय, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, गैरसरकारी संस्था तथा स्थानीय निकायबाट गरिएको प्रयास स्वरुप समुदायदेखि केन्द्रसम्म बाल अधिकारबारेमा निकै चेतना अभिबृद्धि भएको छ । धेरै अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा स्थानीय/राष्ट्रिय गैरसरकारी संस्थाहरु बाल अधिकार र विकासको संरक्षण तथा प्रवर्द्धनमा कार्यरत छन् । यी प्रयासहरु अव ग्रामीण क्षेत्रका सुविधाविहिन बालबालिका तथा महिलासम्म पुग्ने गरी अगाडि बढाउनु जरुरी छ ।

बालबालिकाको औपचारिक तथा अनौपचारिक शिक्षामा पहुँच बढिरहेको छ । परिणाम स्वरुप, विद्यालय भर्ना र साक्षरता दर बढिरहेको छ । सरकारी र गैरसरकारी क्षेत्र दुवैले विद्यालय बाहिरका बालबालिका र बयस्कहरुको लागि अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिरहेका छन् । तथापि, यी प्रयासहरुबाट शिक्षा क्षेत्रमा कम नै उपलब्धि भएको देखिन्छ ।

आधारभूत सामाजिक सेवामा कूल बजेटको २० प्रतिशत र बैदेशिक सहयोगको २० प्रतिशत लगानी गर्ने नीति (२०/२० नीति) नेपालले सन् १९९६/१९९७ देखि अवलम्बन गरेको छ । तथापि अन्तर्राष्ट्रिय नीति तथा स्तर अनुसार आधारभूत सामाजिक सेवामा खर्च गरिएको तथा भएको छैन । यस सेवामा कूल बजेटको करिव १४ प्रतिशत मात्रै बजेट विनियोजन गरेको पाइएको छ । (आधारभूत सामाजिक सेवासम्बन्धी अध्ययन, २००१)

कानूनले निषेध गर्दागर्दै पनि बालश्रम नेपालमा व्याप्त छ र गरीव परिवारका बालबालिकाले आफुले कमाएर परिवार चलाउनसमेत सहयोग गर्नु पर्ने भएकोले पनि बालश्रम रोकथाम गर्न र नियन्त्रण गर्न कठिनाइ भएको छ । सन् १९९८/१९९९ मा गरिएको नेपाल श्रम शक्ति सर्वेक्षणबाट ५ देखि १४ बर्षसम्मका बालबालिकाहरुमध्ये ४० प्रतिशत बालबालिकाहरु आर्थिक रुपमा सक्रिय भएको देखाएको छ जसमा १९ लाख ८७ हजार बालबालिका पर्दछन् । साथै बालकले भन्दा बालिकाले बढी समयसम्म कार्य गर्ने र शहरमा भन्दा ग्रामीण क्षेत्रमा कार्य गर्ने बालबालिकाको अनुपात बढी भएको पाइएको छ । ग्रामीण क्षेत्रमा कार्य गर्ने बालबालिकाको समूहमा सन् २००० मा मुक्त गरिएका बधुँवा मजदूर पनि समावेश भएको छ । अर्कोतर्फ, प्रयास गरिए अनुसार बालबालिकाको बेचबिखन, बाल यौनशोषण र दूर्व्यवहारको समस्या कम भएको छैन ।

बर्तमान सशस्त्र विद्रोहको कारण धेरै बालबालिकाहरु उनीहरुको आधारभूत अधिकारबाट बञ्चित भएका छन् । केही पुनर्स्थापन कार्यक्रमहरु सञ्चालन भएका छन् तर द्वन्द्व प्रभावित बालबालिका बढी रहेकोले ती सुविधाहरु पर्याप्त छैनन् ।

बालबालिका र विकासको लागि सन् २००१ सम्मका लागि निर्धारित केही मुख्य लक्ष्यहरु र उपलब्धिहरु निम्नानुसार छन् :

**सन् २००१ को लागि नेपालको लक्ष्यहरु र उपलब्धिहरु**

| सूचकहरु | सन् २००१ का लक्ष्यहरु | उपलब्धिहरु |
|---|---|---|
| **बाल स्वास्थ्य** | | |
| शिशु मृत्युदर घटाउने | ५०÷१००० प्रति जन्ममा | ६४ |
| बाल मृत्युदर घटाउने | ७०÷१००० प्रति जन्ममा | ९१ |
| मातृ मृत्युदर घटाउने | ४००÷१००००० | ४१५ |
| ५ बर्ष मुनिका बालबालिकामा कुपोषण घटाउने | २५ % | ४८% |
| सुरक्षित खानेपानीको सुविधा बढाउने | ७७ % | ७२% |
| सरसफाइमा पहुँच बढाउने | ३१ % | २५ % |

| | | |
|---|---|---|
| **बाल शिक्षा** | | |
| आधारमूत शिक्षामा पहुँच बढाउने | १०० % | ८० % |
| प्राथमिक विद्यालय पुरा गर्ने | ७० % | ४५ % |
| प्रौढ साक्षरता दर<br>महिला साक्षरता दर | ७० %<br>६१ % | ४९ %<br>३६ % |

स्रोतः जनगणना, २०५८ र दशौं योजना (२०५९ देखि २०६४)

### ३. सन् १९९० दशकको राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा देखापरेका चुनौतिहरु

माथि उल्लेख गरिए झैं विगतको दशकमा केही उपलब्धिहरु हाँसिल गरिएतापनि राजनीतिक अस्थिरता, स्रोतसाधनको कमि, संस्थागतरुपमा कम क्षमता, सचेतना र स्वामित्वको कमि इत्यादिको कारण सन् २००१ को लागि लक्षित विभिन्न सूचकहरु पुरा गर्न सकिएको छैन । यसका केही चुनौतिहरु निम्नानुसार छन् :

- राष्ट्रिय विकासको मूलधारमा बालबालिकाको विषयहरुलाई ल्याउनु
- बालक र बालिकाबीच, शहर र गाउँबीच, पिछडिएका र सुविधाविहिन क्षेत्रहरु विशेषगरी स्वास्थ्य र शिक्षामा असमानता कम गर्नु
- गरिवीको अवस्था विकराल रहनु
- प्राथमिक शिक्षा सर्वसुलभ र गुणस्तरीय बनाउनु
- अभिभावक र समुदायलाई सचेत बनाउनु
- बालबालिकाको पोषण अधिकार सुनिश्चित गर्नु र समुदाय नै उत्तरदायी हुने पोषण कार्यक्रमको विकास गर्नु
- स्वास्थ्य सुविधाहरुको गुणस्तर सुधार गर्नु
- नवजात शिशुको उच्च मृत्युदर घटाउने उपयुक्त कार्यनीतिको विकास गर्नु
- विद्यमान बालबालिकासम्बन्धी ऐन, श्रम ऐन र अन्य बालबालिकासंग सम्बन्धित ऐनकानूनको प्रभावकारी रुपमा लागू गर्नु र बाल अधिकार अनुकूल कानूनको विकास गर्नु
- समुदायदेखि केन्द्रीयस्तरसम्मका सरोकारवालाहरुलाई बाल अधिकारमा संबेदनशील बनाउनु
- सबै सरोकारवालाहरुमा उत्तरदायित्व र स्वामित्वको बोध गराउनु
- समुदायमा लाभान्वित हुने र लागत प्रभावकारी कार्यक्रमको कार्यान्वयन गर्नु
- बालश्रम र अन्य शोषणबाट बालबालिकालाई संरक्षण गर्नु
- सशस्त्र विद्रोहबाट विस्थापित र अन्य कठिन परिस्थितिमा परेका (प्राकृतिक प्रकोप समेत) बालबालिकाको पुनर्स्थापना गर्नु

# अध्याय-३

## बालबालिकाका लागि राष्ट्रिय कार्ययोजनाको तर्जुमा र यसको कार्यान्वयनको ढाँचा

### (१) भूमिका

सन् १९९० को बालबालिका र विकास सम्बन्धी राष्ट्रिय कार्ययोजनामा लक्षित गरिएका कतिपय कुराहरु हासिल हुन सकेनन्। यद्धपि कानूनी, नीतिगत, कार्यान्वयन र संस्थागत विकास जस्ता विषयहरु समावेश भएका थिए। धैरै जसो बालबालिकाहरु अझै बाल अधिकार महासंन्धिले प्रत्याभूत गरेका अधिकारको उपयोगबाट बञ्चित छन्। बाल अधिकारको सुरक्षा र प्रवर्द्धन तथा बाल विकासका चुनौति र बाधाहरुका रुपमा रहेका केही कारणहरु पहिचान भईसकेका छन्। जस्तै विरोधाभाषपूर्ण कानूनी प्रावधानहरु, उपलब्ध कानूनको कमजोर कार्यान्वयन, बालबालिका माथिको शोषण, दूर्व्यवहार र भेद्भावविरुद्धका कानूनी प्रावधानको फितलोपन, मानव संसाधन र संयन्त्रको अपर्याप्त क्षमता, स्रोतको अभाव, प्रमुख जिम्मेवार निकायहरुमा जवाफदेहिता र जिम्मेवारीको अभाव, सशस्त्र द्वन्द्वको निरन्तरता, मुलुकमा व्याप्त अतिगरिबी, बाल अधिकारको महत्व बारे न्यूनज्ञान आदि रहेका छन्।

राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा वर्तमान बाल अधिकारको आस्थामा आधारित भई यो बालबालिकाका लागि नयाँ राष्ट्रिय कार्ययोजनाका निम्न परिलक्ष्य, उद्देश्य, लक्ष्य, नीति र कार्य नीतिहरु हुने छन्।

### (२) परिलक्ष्य

बालबालिकाले सुहाउँदो समाजमा उनीहरुका अधिकारको उपयोग गर्ने छन् र तिनीहरुको पूर्ण सामर्थ्यको अनुभूति गर्ने छन्।

### (३) लक्ष्यः

बाल-मैत्री वातावरणको प्रवर्द्धन गर्दै बालबालिका विरुद्धका सबै प्रकारका शोषण, दूर्व्यवहार र भेदभावको अन्त्य गरी बालबालिकाहरुलाई जीवनस्तर उच्च पार्ने अधिकारको प्रत्याभुति गर्नु।

### (४) उद्देश्यहरुः

- प्रत्येक बालबालिकाको अधिकार प्रवर्द्धन गर्नु।
- बालबालिकाका विरुद्धमा हुने सबै प्रकारका शोषण दूर्व्यवहार र भेदभावको अन्त्य गर्नु।
- शिक्षा, बाल बिकास, स्वास्थ्य पोषण, र अन्य सम्बन्धित क्षेत्रमा केन्द्रित भई बाल-मैत्री वातावरणको प्रवर्द्धन गर्नु।
- गुणस्तरको प्रत्याभूति भएका सबै आधारभूत आवश्यकता, सुविधा र सेवाहरुमा बालबालिकाको पहुचँ अभिवृद्धि गर्नु।

### (५) नीतिहरुः

**(क) सामान्यः**

- बाल अधिकार महासन्धि अनुरुप (अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु) बालबालिकाको सर्वोतम हित, दूर्व्यवहार र भेदभावको अन्त्य जस्ता कुराहरुसँग तादात्म्यता मिलाउँदै बाल अधिकारको प्रत्याभुति गर्ने कानूनको पुनरावलोकन गर्ने, मिलाउने तथा सुधार गर्ने।
- विना कुनै भेदभाव सबै किसिमका बालअधिकारहरु र आधारभूत स्वतन्त्रताको पूर्ण उपभोगको प्रत्याभूतिका लागि संस्थागत, प्रशासनिक र कार्यान्वयन प्रकृयाको प्रयोग गर्ने।
- गुणात्मक आधारभूत सेवा प्रदान गर्न प्राथमिकता दिने र अशक्त, अनाथ, सडकका, दलित, सुविधाबाट वञ्चित, आन्तरिक रुपमा विस्थापित र शरणार्थी बालबालिका तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका, बेचविखन तथा ओसारपसार, यौन तथा अर्थिक शोषण र जेलमा रहेका बालबालिका समेतलाई अधिकारको प्रत्याभूत हुने अवसरहरु प्रदान गर्नु।
- सम्पूर्ण क्षेत्रमा बाल-मैत्री वातावरणको पहिचान र प्रवर्द्धन गर्नु।
- बालबालिकाको लैङ्गिकता र सुविधा विमुख समूहलाई विशेष ध्यान दिंदै सबै क्षेत्रमा लैङ्गिक सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने।
- सबै क्षेत्रका मार्ग निर्देशन र तालिम सामग्रीमा बाल अधिकारको सवाललाई समावेश गर्ने।
- विशेष रुपमा स्वास्थ्य, शिक्षा र पुनर्स्थापनका क्षेत्रहरुमा शारीरिक दूर्वलता र विशेष कठिन परिस्थितिमा रहेका तथा आकस्मिकता (प्राकृतिक प्रकोप)लाई समेत समावेश गरी क्रमशः सामाजिक सुरक्षा योजनालाई लागू गर्दै जाने।
- सरकारी निकायहरु, विकासका साझेदारहरु, गैह्र सरकारी संस्थाहरु र अन्य सरोकारवालाहरु बीचमा सहकार्य र सम्बन्ध स्थापना गर्दै दोहोरोपना घटाउने पद्धतिमा एकरुपता ल्याउने र कार्यक्रमलाई परिणाममुखी बनाउने।

- निजी क्षेत्रमा सामाजिक/व्यवसायिक लैङ्गिक जवाफदेहिताको पद्धतिको विकास गर्ने ।
- बाल अधिकारसँग सम्बन्धित निकायहरुलाई जवाफदेही बनाउने ।
- कार्यक्रमको सबै तहमा विकासका साझेदारहरुलाई ल्याउन सक्ने गरी सरकारी संरचनाको क्षमता विकास गर्ने ।
- राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय र स्थानीय संयन्त्रको सुदृढीकरण गर्ने ।
- उमेर र बालबालिकाको परिपक्वता मुताविक सबै तहहरुका र क्षेत्रहरुमा बालबालिकासँग सम्बन्धित सवालहरुमा बाल सहभागितको प्रोत्साहन र प्रवर्द्धन गर्ने ।
- बाल अधिकारको रक्षा र उपभोगका लागि स्रोतको सही बाँडफाँट र सदुपयोग गर्ने ।
- समुदायमा आधारित बाल सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने ।
- बालबालिका, स्वास्थ्य संस्थाहरु र विद्यालयहरुलाई शान्ति क्षेत्र घोषणा गरी यसलाई सामाजिक सदाचारको रुपमा विकास गरी यसको नियमित अनुगमनको व्यवस्था गर्ने ।

(ख) **स्वास्थ्य (दोस्रो दीर्घकालीन रणनीतिक स्वास्थ्य योजनासँग सम्बन्धित)**:

- संस्थागत तथा मानवीय क्षमताको विकास गर्दै स्वास्थ्य सेवा प्रदान प्रणालीको विस्तार र सुदृढीकरण गर्ने ।
- बालबलिकाका लागि गुणात्मक र लैङ्गिक-मैत्री आधारमूत स्वास्थ्य सेवा पोषण सेवामा पहुँचको वृद्धि गर्ने ।
- शिशु, बाल र मातृ मृत्युदरमा कमी गर्ने ।
- दोस्रो दीर्घकालीन रणनीतिक स्वास्थ्य योजनामा उल्लेख भएका न्यूनतम सुविधा उपलव्ध गराउने ।
- प्रारम्भिक बाल विकासलाई जीवनचक्र प्रणाली मार्फत शिक्षासँग आवद्ध गर्दै सुदृढ र विस्तार गर्ने ।
- प्राथमिक स्वास्थ्य सेवाहरु अन्तर्गतकै एकीकृत स्वास्थ्य र पुनर्स्थापन कार्यमा अपाङ्ग तथा विशेष हेरचाह आवश्यक पर्ने बालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने ।
- निजी क्षेत्रलाई स्वास्थ्य सेवा प्रवर्द्धनमा प्रोत्साहन गर्ने ।
- शुद्ध र सुरक्षित खानेपानी तथा उचित सरसफाई सुविधामा सवैको पहुँच सुनिश्चित गर्ने ।

(ग) **शिक्षा (सबैका लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्ययोजनासँग सम्बन्धित)**:

- प्रारम्भिक बाल विकास र पूर्व प्राथमिक शिक्षाद्धारा ३-५ वर्ष उमेरका बालबालिकालाई समेटी बाल विकास एवं प्राथमिक शिक्षाको लागि पूर्व तयारी गर्ने
- गुणस्तरीय विद्यालय शिक्षाका लागि न्यूनतम मापदण्डको विकास गर्ने ।
- विद्यालय बाहिरका बालबालिकाहरुलाई शिक्षाको मूल प्रवाहमा ल्याउने ।
- विशेष गरेर जोखिम परिस्थिति र सुविधा विहीन समुदायका बालबालिकाहरुका लागि उचित बाल स्याहार तथा शिक्षाको विस्तार र स्तरोन्नति गर्ने ।
- विद्यालय शिक्षामा भर्ना, दक्षता, पूर्णता र निरन्तरताको वृद्धि गर्ने (प्रारम्भिक बाल विकास देखि उच्च मा. वि.सम्म) ।
- विद्यालय शिक्षामा लैङ्गिक समताको प्रत्याभूत गर्ने ।
- अर्थपूर्ण र जीवनोपयोगी शीप केन्द्रित शिक्षाको विस्तार र प्रवर्द्धन गर्ने ।
- बीचैमा विद्यालय छोड्ने र विद्यालय शिक्षाबाट वञ्चित बालबालिकाहरुलाई प्राथमिकता दिदै, व्यवसायिक, प्राविधिक तथा वैकल्पिक विद्यालय शिक्षाको विकास र विस्तार गर्ने ।
- विशेष सिकाईको आवश्यकता भएका बालबालिकाहरु प्रति सहज र समावेसी शिक्षा प्रणालीको सुनिश्चितता प्रदान गर्ने ।
- विद्यालयमा बाल-मैत्री शिक्षण-सिकाई वातावरणको विकास र विस्तार गर्ने ।
- बाल अधिकारको दृष्टिकोणबाट शिक्षक, प्रारम्भिक बाल शिक्षा प्रशिक्षक समेतको हैसियत, मनोवल, तालिम क्षमता र व्यवसायिकताको वृद्धि गर्ने ।
- विद्यालय शिक्षाको गुणस्तर वृद्धि गर्नको लागि सूचना र सञ्चार प्रविधिको विकास र विस्तार गर्ने ।

- बाल अधिकारमुखी दृष्टिकोणबाट विद्यमान विद्यालय पाठ्यक्रम, पाठ्यपुस्तक, तालिम सामग्रीहरु, शिक्षकका लागि (दण्ड/हिंसा रहित शिक्षण पद्धतिहरु, शान्त शिक्षा) अभिभावक समाजहरु र विद्यालय व्यवस्थापन समितिहरु समेतका लागि पुनरावलोकन र परिमार्जन गर्ने ।

**(घ) दूर्व्यवहार, शोषण र हिंसाबाट सुरक्षाः**

**सामान्य सुरक्षा**

- बालबालिकालाई घरमा, विद्यालयमा, कुनै संस्थामा काम गर्ने ठाउँमा वा समुदायमा (धर्म पुत्र-पुत्री बनेका र शरणार्थी बालबालिकाहरु समेतलाई) सबै प्रकारका दूर्व्यवहार, वञ्चितीकरण, शोषण, हिंसा र भेदभावबाट सुरक्षित गर्न सुरक्षित वातावरणको विकासका लागि उचित कानून र नीतिको विकास तथा तिनीहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

- सरोकारवालाहरु, सेवा प्रदायक, बालबालिकाहरु र जिम्मेवार निकायहरु समेत सबैमा संवेदनशीलता र जवाफदेहिताको विकास गर्ने ।

- कठिन परिस्थितिका बालबालिकालाई विशेष ध्यान दिदै उचित अनुगमन संयन्त्रका साथ बाल-मैत्री न्याय प्रणालीको प्रवर्द्धन र सुदृढीकरण गर्ने ।

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाईं सराई) दर्ता नीतिको सुदृढीकरण गर्ने र शोषणबाट बालबालिकाको सुरक्षा तथा पहिचानका लागि एवं सामाजिक सुविधामा बालबालिकाको सम्बन्ध स्थापित गर्न सजिलो होस् भनी सेवाग्राही (सहज दर्ता) प्रकृयाको विकास गर्ने ।

- शारीरिक सजाय तथा सबै प्रकारका यातनाहरु समेत, रोक्नका लागि एउटा उचित नीतिको विकास गर्ने र शिक्षकलाई विद्यार्थी माथि भौतिक सजाय नगर्न जागरुक बनाउने ।

- संस्थागत स्याहार (अनाथालय तथा बालगृहहरु) को न्यूनतम मापदण्डको विकास, कार्यान्वियन र अनुगमन गर्ने ।

- जोखिम परिस्थितिमा रहेका बालकालिकाहरुको निम्ति सामाजिक सुरक्षा मापकको (Measures) विकास गर्ने ।

- पिछडिएका जनजातिका बालबालिकाहरुको सामाजिक सूरक्षा प्रत्याभूत गर्ने

**सशस्त्र द्वन्द्वबाट सुरक्षा**

- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाहरुका निम्ति स्पष्ट आचार संहिता, पारिवारिक, सामुदायिक वा संस्थागत पुनर्स्थापनाको व्यवस्था गर्ने ।

- सशस्त्र द्वन्द्वबाट प्रभावित क्षेत्रमा संलग्न जनसाधारण र सुरक्षा पदाधिकारीहरुका लागि सचेतनामूलक संयन्त्रको विकास गरी  त्यसको नियमित अनुगमन गर्ने ।

- विशेष गरी स्वास्थ्य र शिक्षा क्षेत्रमा मनोसामाजिक स्याहार र सहयोग प्रणालीको विकास र स्तरीकरण गर्ने ।

- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि SOS सहयोग पद्धतिको विकास गर्ने ।

**बालश्रमको अन्त्य**

- तत्काल (अत्यन्त आवश्यक कुराको रुपमा) निकृष्ट प्रकारको बालश्रमको अन्त्य र अन्य प्रकारका बालश्रमको नियन्त्रण तथा कमी गर्ने (निकृष्ट प्रकारको बालश्रमको अन्त्य गर्ने राष्ट्रिय कार्ययोजनासंग सम्बन्धित)

- राष्ट्रिय गरिबी उन्मूलन र विकास प्रयासहरुमा बालश्रमका सवालहरुलाई मूलप्रवाहीकरण गर्ने (दशौं पञ्चवर्षीय योजनासंग सम्बन्धित)

- स्वास्थ्य, शिक्षा आदिमा आधारभूत अधिकारको स्वीकार गर्दै कार्य क्षेत्रमा  हुने हिंसा  र शोषण विरुद्ध लड्न प्रतिकारात्मक र रक्षात्मक उपायहरुमा केन्द्रित हुने ।

**बालबालिकाहरुको बेचविखन, यौन शोषण र दूर्व्यवहारको अन्त्य (महिला तथा बालबालिकाको यौन तथा श्रम शोषणका लागि हुने बेचविखन विरुद्धको राष्ट्रिय कार्यायोजनासंग सम्बन्धित) गर्ने**

- विद्यमान कानूनमा सुधार, कानूनको कार्यान्वयन, र सम्बन्धित सबैमा सचेतना अभिवृद्धि गरी सबै प्रकारका यौन शोषण र दूर्व्यवहार, बाल यौन दूर्व्यवहार, बेचविखन र अपहरण समेतबाट बालबालिकालाई संरक्षण गर्ने ।

- जवरजस्ती  स्त्री भंग क्षेदन जस्ता घातक परम्परा वा संस्कार जन्य अभ्यासहरु जसले बालबालिका तथा महिलाहरुको अधिकारको उल्लंघन गर्दछ, को अन्त्य गर्ने ।

- बेचविखन र यौन शोषणबाट मुक्त भएकाहरुको सुरक्षाको प्रत्याभूति गर्ने र तिनीहरुको पुनर्ताजगी र सामाजिक पुनर्स्थापनाका लागि सहयोग पुऱ्याउन उचित सेवा उपलब्ध गराउने ।

- संरक्षण तथा सुरक्षाको आवश्यकता परेका बालबालिकाहरुका लागि तत्काल सहायता उपलब्ध गराउनको लागि हेल्प लाईन/हटलाइन जस्ता "हाम्रो आत्मालाई बचाऊ" **(Save Our Soul – SOS)** सेवाको प्रवर्द्धन गर्ने ।

**(ङ.) एच.आइ.भी/एड्स विरुद्ध कार्य गर्ने (राष्ट्रिय एच.आइ.भी/एड्स रणनीतिसंग सम्बन्धित)**

- सक्रिय र प्रष्ट अनिन्दनीय नीतिको निर्माण गरी विना भेदभावपूर्ण र समान मानवाधिकारको उपयोग, बालबालिका, एच.आइ.भी/एड्स संक्रमित वा प्रभावित सबै मानवले गर्न पाउने वातावरणको सुनिश्चितता प्रदान गर्ने ।

- एच.आइ.भी/एड्सबाट संक्रमित वा प्रभावित भएका बालबालिकाहरुका लागि प्रभावकारी र आवश्यकीय पुनर्स्थापना उपचार र सेवाहरुको पहुँचमा वृद्धि गर्ने ।

- सूचना, शिक्षा र सञ्चार **(IEC)** सामाग्रीहरुको पहुँचमा वृद्धि गरी एच.आइ.भी/एड्स पीडित व्यक्तिहरु र स्वास्थ्य सेवा प्रदायकहरु बिचमा सहकार्य र सहभागिताको विकास गर्ने र एच.आइ.भी संक्रमणको जोखिम कम गर्न आवश्यक पर्ने सेवा जीवनोपयोगी शीपमा विकास गर्ने ।

- शिक्षा, सञ्चार माध्यम र अन्य उपायहरुद्धारा समाज देखि राष्ट्रिय स्तरसम्म एच.आइ.भी/एड्स बारे जनजागरण र सचेतना अभिवृद्धि गर्ने ।

**(६) रणनीतिहरुः**

**राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउन निम्न रणनीतिहरु अवलम्वन गरिने छन्:**

- **कानूनको निर्माण तथा संसोधनः** बालबालिकाहरुसंग सम्बन्धित सबै कानूनहरुलाई बाल अधिकार महासन्धि र अन्तर्राष्ट्रिय मापदण्ड एवं श्री ५ को सरकारको प्रतिवद्धताहरु अनुरुप पुनरावलोकन सुधार र संहिता करण गरिने छ । बाल अधिकार सुनिश्चित गर्न आवश्यकता अनुसार नयाँ कानूनको निर्माण गरिने छ । बालबालिकासंग सम्बन्धित सबै कानूनी प्रावधानहरु संगसंगै स्थानीय स्वायत्त शासन ऐन २०५५ को प्रभावकारी कार्यान्वयन गरिने छ ।

- **संजालहरुको विकास र बाल सहभागिताको प्रवर्द्धनः** राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न दवाव समूहको रुपमा बाल क्लव/संस्थाहरु साथै बाल अधिकार सम्बन्धी कार्य गर्न गैह्र सरकारी संस्थाहरु विचमा कार्य संजालहरुको विकास गरिने छ । यस अतिरिक्त यी दुवै खाले संस्थाहरुको संयुक्त कार्य संजाल जिल्ला तथा राष्ट्रिय स्तरमा पनि विकास गरिने छ । बालबालिकाको उमेर र परिपक्वताको आधारमा कार्यक्रम/आयोजना चक्रको आवश्यकता पहिचान देखि प्रभाव मूल्याङ्कनसम्म बालसहभागितालाई प्रोत्साहन गरिनेछ । आयोजना अवधिभरि बालबालिकासंगको परामर्शलाई निरन्तरता दिइनेछ र तिनीहरुका विचारहरुलाई सबै प्रकृयामा समावेश गरिने छ । सबै कार्यान्वयन कर्ताहरुले बाल सहभागितालाई प्रोत्साहित गर्ने छन् ।

- **सहकार्य र विकास एकीकरणः** योजना निर्माण, नीतिहरु, कार्य पद्धति/तौर तरिका, सवल, दुर्वल पक्ष, कार्यान्यवन उपलब्धि आदिको अनुभव आदान प्रदानका लागि सबै पक्ष वा सरोकारवालाहरु विचमा संयोजन संयन्त्रको विकास गरिने छ । कार्यान्वयनकर्ता (सरकारी निकायहरु, संयुक्त राष्ट्रसंघीय निकायहरु, द्विपक्षीय तथा बहुपक्षीय निकायहरु, गैह्र सरकारी संघसंस्थाहरु, नागरिक समाज, स्थानीय निकायहरु र उपभोक्ता समूहहरु विचको सहकार्यलाई प्रोत्साहित गरिने छ । कार्यक्रमको स्वभाव/प्रकार, आवश्यकता, कार्यान्वयन निकायको क्षमता, लक्षित क्षेत्र र सुविधा/फाइदा पुग्ने जनसमूहको आधारमा एकीकृत कार्यकमलाई बढावा दिइने छ । श्री ५ को सरकारको निकायहरु र स्थानीय निकायहरु विचमा समन्वय अनिवार्य हुने छ, विशेष गरी विकासका साझेदारहरुका लागि कार्यसंजाल यसै उद्देश्यका लागि परिचालन गरिने छ ।

- **विकेन्द्रीकरण र समुदाय परिचालनः** जिल्ला स्तरीय कार्यालयहरु, नगरपालिकाहरु, गा.वि.स.हरु र वार्ड तथा समुदायहरु प्राविधिक, आर्थिक, मानव संसाधन र सूचना व्यवस्थापन प्रणाली मार्फत थप जिम्मेवार बनाइने छ।

- **नपुगेको ठाउँमा पहुँच बढाउनेः** पैसाको ठूलो हिस्सा गत दशक देखि बालबालिका, महिला र सुविधाविहीन समूह वा समुदायहरुको अधिकारको रक्षा र प्रवर्द्धन तर्फ निर्देशित छ । जे भए पनि अझै यो समूहका धेरैजसोले उनीहरुको अधिकारको पूर्ण उपभोग भने गर्न पाएका छैनन् र उनीहरु गरिबीको कुचक्रबाट उम्कन पनि सकेका छैनन् । यसै प्रसंगमा लक्षित कार्यक्रमहरु सिधै निश्चित (तोकिएको) सुविधाग्राही (उपकृत)का लागि कार्यान्वयन गरिने छन् र आयोजना अवधिभर त्यस समूहको सहभागिताको उपयोग गरिने छ । जनचेतना-जागरण कार्यक्रम/क्रियाकलापहरुलाई अन्य सिधै फाइदा दिने कार्यक्रमहरुसंग सम्वद्ध गराइने छ ।

- **पारदर्शिताः** नीति, कार्यक्रम, स्रोत परिचालन र उपलब्धि बाँडफाँडमा सम्वद्ध निकायहरुबीच पारदर्शिताको पूर्ण अभ्यास गरिने छ । मुख्य निकायहरुले केन्द्रीय भूमिका खेल्ने छन् र सम्वद्ध मन्त्रालयको उचित माध्यमद्वारा पर्याप्त अधिकार र उपयुक्त जिम्मेवारी उपलब्ध गराइने छ । यसका लागि मुख्य निकायहरुको रुपमा श्री ५ को सरकारका निकायहरु, जिल्ला विकास समितिहरु, गाउँ विकास समितिहरु र नगरपालिकाहरु हुने छन् ।

- **सम्बद्ध निकायहरु र मानव संसाधनको क्षमता विकासः** बाल अधिकारमुखी दृष्टिकोणबाट योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि संस्थागत र प्रशासनिक संयन्त्रको विकास र सुदृढीकरण गरिने छ । जबसम्म बाल

अधिकारको संरक्षण र प्रवर्द्धन एंव बाल विकासका क्षेत्रमा जवाफदेही रही रहन्छन्, सबै सम्वद्ध निकायहरु, विशेषगरी महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति, जिल्ला बाल कल्याण समिति, जिल्ला विकास समिति, गाउँ विकास समिति, नगरपालिकाहरु, बाल क्लबहरु, कार्य संजालहरुलाई, नीति, सूचना, स्रोत, प्राविधिक तथा उपकरणीय सहयोग उपलब्ध गराईने छ। त्यस अतिरिक्त, सबै सम्वद्ध मानव संसाधनलाई जनचेतना, सचेतना र सशक्तीकरणका लागि तालिम प्याकेजहरु उपलब्धहरु गराइने छ।

**(७) कार्यान्वयन ढाँचा (तौर तरिका):**

श्री ५ को सरकारले प्रथम पञ्चवर्षीय योजना २०१३ साल देखिनै बालबालिकासंग सम्बन्धित कार्यक्रमहरु (मुख्यत: शिक्षा र स्वास्थ्य ) सञ्चालन गर्दै आइरहेको छ। बाल अधिकार महासन्धिको अनुमोदन पश्चात यी प्रयासहरुमा वृद्धि भएको छ। बाल अधिकार महासन्धिको अनुमोदनको प्रतिफल स्वरुप श्री ५ को सरकारले नवौं पञ्चवर्षीय योजनामा केही मात्रामा बाल अधिकारका सवालहरुलाई पनि समावेश गरेको थियो। अझ गहन रुपमा दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले बाल अधिकारलाई सवै क्षेत्रसँग सरोकार भएको (**crosscutting**) सवालको रुपमा समावेश गरेको छ यो राष्ट्रिय कार्ययोजना बाल अधिकार महासन्धि र संयुक्त राष्ट्रसंघीय महासभाको विशेष सत्रको घोषणासंग सम्वद्ध छ भने हाल नेपालमा तयार गरिएका अरु राष्ट्रिय कार्ययोजनाहरुसँग पनि अन्तरसम्बन्धित छ। यस कार्ययोजनाको कार्यान्वयनका लागि हालको नियमित कार्यान्वयन पद्धतिसँग मेल खाने स्पष्ट र सहकार्ययुक्त पद्धतिको आवश्यकता छ।

बालबालिकाको सवाल सबै क्षेत्रसँग सरोकार राख्ने प्रकृतिको भएकोले सबै कार्यान्वयन गर्ने निकायहरु, मन्त्रालयहरु, विभागहरु, जिल्ला स्थित आंगिक कार्यालयहरु, जिल्ला विकास समितिहरु, गाउँ विकास समितिहरु, नगरपालिकाहरु, उपभोक्ता समूहहरु र विकासका साझेदारहरु समग्र/एकीकृत परिणाममुखी पद्धतिको अनुसरण गरी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन प्रति जिम्मेवार छन्।

सबै सम्बद्ध मन्त्रालयहरु जस्तै: महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, शिक्षा तथा खेलकुद मन्त्रालय र तिनीहरुका विभागहरुको नियमित संयन्त्र मार्फत बालबालिकासंग सम्बन्धित कार्यक्रमहरु निरन्तर कार्यान्वयन गरिने छन्, ती निकायहरुलाई बाल अधिकारमुखी दृष्टिकोणबाट बालबालिकाहरुको सवालमा विशेष ध्यान केन्द्रित गर्न सम्वेदनशील बनाइने छ। यस्तै प्रकृया जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकाहरुमा पनि अनुसरण गरिने छ। बालबालिकाको क्षेत्रमा थप ध्यान दिनको लागि सर्म्पक बिन्दुले आयोजना अवधिभर सक्रिय भूमिका खेल्ने छन्। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिले केन्द्रीय स्तरमा योजना तर्जुमा र अनुगमनको क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्ने छन्। अझ महत्वका साथ भन्नुपर्दा यी निकायहरुले राष्ट्रिय स्तरमा कार्यक्रम कार्यान्वयनको समन्वय गर्नेछन्।

विशेष गरी स्रोत परिचालन, समन्वय, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा देहायका नीतिहरु कार्यान्वयनका लागि लिईने छन्।

- बालबालिकासंग सम्बन्धित सबै क्षेत्रहरुमा कार्यक्रम र स्रोतको वाँडफाँडमा वृद्धि गरिने छ।
- आधारभूत सामाजिक सेवाका क्षेत्रमा २०/२० रणनीति/प्रतिवद्धता पुरा गर्न प्राथमिकता दिने।
- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका लागि अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय स्रोत साधनको परिचालन गर्ने र ती स्रोतहरुको परिणाममूखी तरीकाले सदुपयोग गर्ने।
- मुख्य जिम्मेवार निकायहरु, व्यवसाय, मजदुर संघहरु, नागरिक समाज समेतसंग राष्ट्रिय कार्ययोजनाको लक्ष्यको सहयोगार्थ साझेदारीलाई बढावा दिने।
- वार्षिक र आवधिक योजना तर्जुमा, समन्वय, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियालाई सुदृढ बनाउने।
- राष्ट्रिय कार्ययोजनालाई अझ प्रभावकारी बनाउन स्थानीय स्तरमा योजना तर्जुमा, समन्वय, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रक्रियालाई प्रोत्साहित गर्ने।
- क्षेत्रीय साथै जिल्ला स्तरीय कार्ययोजना बनाउन र कार्यान्वयन गर्न प्रोत्साहित गर्ने।
- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयलाई सम्पर्क मन्त्रालयको रुपमा र केन्द्रीय बाल कल्याण समितिलाई राष्ट्रिय तहको केन्द्र बिन्दुको रुपमा, जिल्ला बाल कल्याण समितिहरुलाई जिल्लास्तरीय सम्पर्क बिन्दुको रुपमा, गाउँ विकास समिति र नगरपालिकाहरुलाई गाउँ र नगर स्तरमा सम्पर्क बिन्दुको रुपमा र कार्य संजाललाई पहरेदार र दवाव समूहको रुपमा विकास गर्ने तथा क्षमता सुदृढीकरण गर्ने।
- समन्वय, अनुगमन तथा मूल्याङ्कनका सन्दर्भमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयको कार्यक्षेत्र भित्र समन्वय, सहजीकरण, बालबालिकासंग सम्बन्धित योजना तथा कार्यक्रमको अनुगमन पनि समावेश छ। त्यसै गरी केन्द्रीय बाल कल्याण समितिको अधिकार क्षेत्रमा पनि बालबालिकासंग सम्बन्धित सवालमा समन्वय, अनुगमन र मूल्याङ्कन

पर्दछन् । यी अधिकारको प्रयोगका लागि केन्द्रीय बाल कल्याण समितिले एउटा प्रभावकारी सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने छ ।

- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनमा देहाय अनुसारको समन्वय, अनुगमन र मूल्याङ्कन संयन्त्रको अनुशरण गरिने छ ।

- राष्ट्रिय योजना आयोगको सचिवालय, विशेषगरी वार्षिक र आवधिक योजना तर्जुमा र कार्यक्रम निर्धारण गर्ने सन्दर्भमा सबै सम्वद्ध मन्त्रालयहरुको सर्वोच्च समन्वयकारी अङ्ग हुने छ । त्यसकारण यो केन्द्रीय स्तरको समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि जवाफदेही हुनुपर्दछ ।

- केन्द्रीय स्तरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्यण समितिले संयुक्त रुपमा सम्वद्ध मन्त्रालयहरु, निकायहरु र विकासका साझेदारहरुसंग योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा समन्वय गर्ने छन् । तथापि केन्द्रीय बाल कल्याण समितिमा यस कार्यको बढी दायित्व रहने छ । त्यसै गरी जिल्ला स्तरका महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समिति अन्तर्गतका कार्यालय वा समितिहरुले आफ्ना कार्यक्रमको कार्यान्वयन संगसंगै जिल्ला स्तरका योजना तथा कार्यक्रमहरुको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने छन् । यो ध्यान दिन जरुरी छ की केन्द्रीय बाल कल्याण समितिले कार्यक्रमको कार्यान्वयनमा भन्दा बढी समन्वय, सहजीकरण, अनुगमन र मूल्याङ्कनमा आफ्नो भूमिका खेल्ने छ । राष्ट्रिय स्तरमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय सम्पर्क मन्त्रालय र केन्द्रीय बाल कल्याण समिति केन्द्र बिन्दु हुने छन् । जिल्ला बाल कल्याण समिति जिल्ला स्तरमा सम्पर्क बिन्दु हुने छ । गाउँ विकास समितिहरु र नगरपालिकाहरु गाउँ र नगर स्तरमा केन्द्र बिन्दुको रुपमा विकसित वा सुदृढ गरिने छ । यस अतिरिक्त बाल क्लबहरु वा संस्थाहरुको साथसाथै बाल अधिकार केन्द्रित गैह्र सरकारी संघसंस्थाहरुको छुट्टै कार्य संजाललाई राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनका सिलसिलामा पहरेदारका रुपमा काम गर्ने गरी विकसित गरिने छ । त्यस्तै यी दुवै समूहको संयुक्त पहरेदार वा दवाव समूहको निर्माणमा जोड दिइने छ । यी सबै समूहहरु गाउँस्तर देखि राष्ट्रिय स्तरसम्म निर्माण/सुदृढ हुने छन् ।

- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन अनुगमन र यसको वार्षिक योजना तर्जुमा प्रक्रियामा राष्ट्रिय स्तरको दवाव समूहका रुपमा काम गर्ने गरी केन्द्रीय बाल कल्याण समितिमा एउटा बिशेषज्ञ समूह (राष्ट्रिय कार्ययोजना कार्यान्वयन निगरानी समूह **NPA–IWG**) गठन गरिने छ । यस समूहबाट प्राप्त वार्षिक प्रतिवेदनलाई राष्ट्रिय कार्ययोजनाको वास्तविक कार्यान्वयनलाई जनमानसको ध्यानाकर्षण गर्ने कार्यमा प्रयोग गरिने छ ।

सामुदायिक र जिल्ला स्तरको अनुगमन संयन्त्रमा बाल समूह र संगठनलाई पनि समावेश गरिने छ । बाल सहभागिता, समन्वय, अनुगमन र मूल्याङ्कनसंग सम्बन्धित विस्तृत कार्ययोजना परिच्छेद ४ (खण्ड ५ र ६ ) मा दिइएको छ ।

कार्यान्वयन, समन्वय, प्रतिवेदन, अनुगमन र मूल्याङ्कन संयन्त्र/तौर तरिकाहरुको चक्रीय प्रवाह देहायको रेखा चित्रमा प्रस्तावित गरिएको छ ।




नोट: बालबालिका सम्बन्धी संघसंस्था र बाल अधिकार सम्बन्धी गैह्र सरकारी संस्थाहरु लगायत केन्द्रीय, जिल्ला र गाउँस्तरीय सञ्जाल ।

## अध्याय - ४

# राष्ट्रिय कार्ययोजना

भूमिका

यो राष्ट्रिय कार्ययोजना मुख्यतः "बालबालिकाको लागि सुहाउँदो विश्व" घोषणापत्रले निर्देश गरेका चार विषयहरुमा आधारित भई तयार गरिएको छ । साथै नेपालको सन्दर्भमा समसामयिक विषयहरुका रुपमा रहेका अन्य विषय र क्षेत्रहरु पनि यस कार्ययोजनामा रहेका छन् । यो अध्यायमा बाल स्वास्थ्य, बाल शिक्षा, बाल अधिकार संरक्षण, एच.आई.भी. एड्स विरुद्धको अभियान, बाल सहभागिता तथा समन्वय, सहकार्य, अनुगमन, र मूल्यांकन आदि विषयहरुको कार्ययोजना बारे उल्लेख गरिएको छ । जुन यसप्रकार छन् ।

I. बाल स्वास्थ्य

समुदायस्तरसम्म स्वास्थ्योपचारका सेवाहरु प्रवर्द्धन गर्न श्री ५ को सरकार प्रयासरत छ । विकास योजनाहरुको सुरुवात देखि नै आवधिक र स्वास्थ्यसम्बन्धी विशेष योजनाहरु मार्फत विभिन्न नीतिहरु पनि सरकारले लिएको छ । विगत दशक यता स्वास्थ्यसेवाहरुमा आम जनताको पहुँच क्रमश वृद्धि हुँदै गएको छ । बाल तथा मातृ मृत्युदर कम गर्न सुरक्षित मातृत्व, खोप, झाडा पखाला र स्वास प्रस्वास सम्बन्धी रोगहरुको नियन्त्रण र स्वास्थ्यसम्बन्धी शिक्षा समावेश भएका कार्यक्रमहरु वृद्धि गरिएको छ । साथै खोपका लागि सन्चालित सघन अभियानको परिणाम पनि सकारात्मक छ । यसै गरी सन् १९९१ देखि २००२ सम्म शिशु तथा पाँच वर्ष मुनिको मृत्युदर क्रमशः १०२ बाट ६४ र १६५ बाट ९१ प्रति हजार जन्ममा झरेको छ । संक्रमित रोगहरु, मातृ तथा जन्मँदाको अवस्था (Perinatal) को स्वास्थ्य समस्या र सूक्ष्म पोषणको अपर्याप्तता आदि नै नेपालमा मृत्यु र महामारीका प्रमूख कारणहरु हुन् । अझैपनि आवश्यक स्वास्थ्य सेवामा अपर्याप्त पहुँचका कारण खोपद्धारा रोक्न वा उपचार गर्न सकिने रोग पनि संख्यात्मक मृत्युको कारण बनेको छ ।

विगत पच्चीस बर्षमा बाल कुपोषणमा सामान्य मात्र कमि आएको छ । तैपनि आधा जति बालबालिकाहरु अझैपनि पोषणको स्थिति भन्दा मुनि छन् । सन् १९७५ को ६५ प्रतिशतबाट ६-३६ महिनाका बालबालिकामा हुने कुपोषण को व्यापकता सन् १९९८ मा ५० प्रतिशतमा झरेको छ । नेपालले विश्वव्यापी पोलियो अभियानमा सन् १९९६ मा मात्रै आफुलाई समावेश गराएको भएता पनि सन् २००५ सम्म पोलियो उन्मूलन हुने कुरामा विज्ञहरु विश्वस्त रहेका छन् ।

विगत दशकमा पिउने पानीमा पहुँच क्रमश बढिरहेको छ । दुर्गम क्षेत्रमा भएको यसको विकास नाटकीय नै छ । जस्तो की सर्भेक्षणले सन् १९९१ को ४३ प्रतिशतबाट सन् २००० मा ७८ प्रतिशत हुँदा झण्डै दोव्वर नै बढेको देखाएको छ । गैसस, स्थानीय निकाय र समुदाय स्वयंले सन्चालन गरेका पानी आपूर्ति कार्यक्रमहरुले नै यसको सेवामा वृद्धि भएको हो । शहरी क्षेत्रमा भने जनसंख्या वृद्धिको द्रुत गतिसँगै पानीको आपुर्ति पर्याप्त हुन सकेको छैन ।

यो कार्ययोजनाको तयारी प्रकृयामा केन्द्रीय स्तरका बैठक, विषयगत समूहहरुको बैठक, फोकस ग्रुपको बैठक, क्षेत्रीय कार्यशाला, बालबालिकासँगका बैठक, पेशागत संघ संगठनहरु, विद्यालय संगठनहरु, शिक्षक संघ, ट्रेड युनियनहरु, अभिभावक, सेवा प्रदायक विशेष गरी सडक बालबालिका, अपाङ्ग बालबालिका र एड्स पीडितहरु आदि सबै पक्षसँग राय सुझाव संकलन गरिएको थियो । अध्याय एकमा उल्लेख गरेजस्तै केन्द्रीय र क्षेत्रीय कार्यशालाहरुमा मिश्रित सहभागिता रहेको थियो । मन्त्रालय देखि जिल्ला स्तरसम्मका सरकारी कार्यालयहरुका प्रतिनिधिहरु, संयुक्त राष्ट्र संघीय विशिष्टिकृत संस्थाहरु, अन्तराष्ट्रिय गैसस, गैसस महासंघ, बालबालिकासम्बन्धी गैसस महासंघ, विभिन्न संघ संगठन तथा बालबालिका स्वयंले छलफलमा सक्रियतापूर्वक भाग लिई यस कार्ययोजनामा योगदान पुर्‍याएका छन् । यी सम्पूर्ण सूचना र तथ्यांकका आधारमा गरिएको प्रगति समीक्षा र देखापरेका समस्याहरु संक्षेपमा निम्नानुसार छन् ।

**प्रगति समीक्षा**

सूचनाहरु प्राथमिक र अन्य मौजुदा सूचना स्रोतहरुबाट संकलन गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत विषयगत समूहको बैठक, विशेष समूहको बैठक तथा राष्ट्रिय तथा क्षेत्रीय कार्यशालाहरु रहेका थिए ।

१. **नीतिगत**

- बाल स्वास्थ्य प्रति श्री ५ को सरकारको प्रतिवद्धता
- महिला स्वास्थ्य स्वयंसेवकहरुको लागि अनुदान
- मातृ शिशु स्वास्थ्य कार्यकर्ता, ग्रामीण स्वास्थ्य कार्यकर्ता तथा महिला स्वास्थ्य कार्यकर्ता लगायत स्वास्थ्य कर्मचारीहरुमा बृद्धि

२. **कार्यक्रम**

- राष्ट्रिय खोप दिवसको निरन्तरता
- भिटामीन ए तथा विद्यालय पौष्टिक आहार कार्यक्रम
- दुर्गम क्षेत्रमा अत्याबश्यक औषधि तथा आइरन चक्की वितरण
- विद्यालय शिक्षामा स्वास्थ्यसम्बन्धी विषय समावेश
- बाल स्वास्थ्य परिक्षणमा वृद्धि
- आयोडीनयुक्त नुनको प्रयोगमा वृद्धि
- पोष्टपार्टम आमाहरुलाई भिटामिन ए आपुर्तिमा वृद्धि
- आइरन चक्कीको मागमा वृद्धि
- गाउँगाउँमा स्वास्थ्य शिविर तथा घुम्ती क्लिनिकहरु सन्चालन
- अपाङ्ग, सडक तथा असहाय बालबालिकालाई निशुल्क स्वास्थ्य परिक्षण
- केही विद्यालय तथा सामाजिक संस्थामा प्राथमिक उपचार बाकसको व्यबस्था
- कुष्ठरोग तथा क्षयरोगको निशुल्क उपचार
- बालबालिकाको तौल जाँच (वृद्धि अनुगमन)
- परिवार नियोजन सेवाहरुमा वृद्धि
- स्वास्थ्य तथा सरसफाई शिक्षा प्रवर्द्धन (सन्चार माध्यम, घरदैलो, कार्यक्रम आदि)
- पानीमा आर्सेनिक जाँच तथा आर्सेनिक उपचार सुविधा
- मलेरिया तथा इन्सेफ्लाइटीस विरुद्ध औषधि छर्कने कार्यक्रम
- "लिटील डाक्टर"कार्यक्रम शुरुवात
- वातावरण प्रदूषण विरुद्ध अभियान
- "भविष्यको छनौट" कार्यक्रमको कार्यान्वयन
- सुरक्षित मातृत्व कार्यक्रममा सुधार
- स्तनपान कार्यक्रमको निरन्तरता
- प्रसुती सेवा कोषको स्थापना
- अभिभावक शिक्षा कार्यक्रम सन्चालन
- निमोनिया नियन्त्रण कार्यक्रमको निरन्तरता
- सामुदायिक स्वास्थ्य केन्द्रको अवधारणाको विकास
- बाल रोग निदान कार्यक्रममा एकीकृत व्यवस्थापनको प्रयास
- शिशु जन्मनु पूर्व र जन्मे पछि जाँचको व्यवस्था
- एम्बुलेन्स, एक्स-रे तथा सर्जिकल सेवामा वृद्धि
- स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुमा वृद्धि
- सूचना, शिक्षा तथा सन्चार सामग्रीहरुको वितरण
- स्वास्थ्य सुरक्षा सेवाहरुमा वृद्धि
- स्वास्थ्य सेवामा रहेको भेदभावमा कमी
- प्राथमिक स्वास्थ्य सुरक्षा, मातृशिशु कार्यकर्ता तथा सुँडेनी तालिमहरुको निरन्तरता
- बच्चा देखि बच्चा सम्म कार्यक्रम

३. **संस्थागत**

- सामुदायिक अस्पतालहरुको विकास
- गा.वि.स. मा उपस्वास्थ्य चौकीको स्थापना
- गा.वि.स.को प्रत्येक वडामा मातृशिशु स्वास्थ्य स्वयंसेविकाको व्यवस्था
- पुनर्स्थापनाकेन्द्रहरुको व्यवस्था
- सरकारी र गैरसरकारी संस्थाहरुबीच समन्वयमा वृद्धि
- गाउँघरमा शौचालयको निर्माणमा वृद्धि

४. **तालिम /सचेतना**

- स्वास्थ्य तथा कुपोषणका विषयहरु, खोपहरु तथा सुत्केरी आमाहरुको सुरक्षासम्बन्धी चेतनामा वृद्धि
- आयोडीनयुक्त नुनबारे चेतनामा वृद्धि
- प्रजनन स्वास्थ्यसम्बन्धी पुस्तकहरुको प्रकाशन

५. **अन्य**

- अन्तराष्ट्रिय सहयोगमा वृद्धि
- स्वास्थ्यसँग सम्बन्धित कर्मचारीहरुको प्रमाणपत्र छानवीन
- परम्परागत स्वास्थ्यसेवाप्रतिको निर्भरतामा कमी
- पोषिलो खानेकुराको प्रयोगमा सुधार
- बच्चाको स्याहार सुसारमा पुरुषको सहभागितामा वृद्धि

**समस्याहरु**

१. **कानूनी/कार्यक्रम**

- अपाङ्ग तथा स्वास्थ्यसम्बन्धी कानूनहरुको कमजोर कार्यान्वयन
- बाल स्वास्थ्य बीमा नीतिको अभाव
- दुर्गम भेगका जनताको स्वास्थ्यसेवामा पहुँच कम
- स्वास्थ्य सेवा पूर्ण रुपमा विकेन्द्रित हुन नसक्नु
- कमजोर रिफर प्रणाली, प्राथमिक स्वास्थ्य सुरक्षा केन्द्रको अभाव र उपयुक्त परिचालनको अभाव
- विद्यालय स्वास्थ्य कार्यक्रमको अभाव
- तालिम प्राप्त स्वास्थ्यकर्मीद्धारा गराईने सुत्केरी प्रतिशत कम
- जन्मेपछिको अवस्था (Neonatal), नवजात(Newborn) तथा जन्मँदाको अवस्था (Perinatal)को सुरक्षाको अपर्याप्तता
- शिशु तथा बाल मृत्युदर ज्यादा
- कम तौलको जन्मदर ज्यादा
- आमा तथा बच्चामा कुपोषण ज्यादा
- स्वास्थ्यसेवामा प्रशासनिक तथा राजनैतिक हस्तक्षेप
- स्वच्छ पिउने पानीको अभाव

- वातावरण प्रदुषण
- किशोर किशोरी स्वास्थ्य शिक्षा, सेवा, परामर्श तथा सचेतनामा कम ध्यान
- अपाङ्ग सम्बन्धी समस्या व्यापक
- सम्पूर्ण खोप सुविधा सर्वसुलभ नहुनु
- विभिन्न निकायद्धारा खोपसम्बन्धी मान्यताको अनुशरण नगर्नु
- बाल स्वास्थ्यमा खुला सीमाको प्रभाव
- बाल स्वास्थ्य र अधिकारबारे सचेतनाको कमी
- सडक बालबालिकाको लागि स्वास्थ्य सेवा सहयोगको अभाव
- काम गर्ने बालबालिकामा प्राथमिक उपचारबारे ज्ञान नहुनु
- जिल्ला अस्पतालहरुमा चौबीस घण्टे आकस्मिक सेवाको अभाव
- पाँच वर्ष मुनिका बालबालिकामा विशेष ध्यान नपुग्नु
- जिल्ला तथा गाउँस्तरका स्वास्थ्य निकायहरुमा अपर्याप्त औषधि
- निम्न पारिवारीक आय र महंगो उपचार सेवाका कारणले स्वास्थ्य उपचार सामर्थ्य बाहिर हुनु
- दुर्घटना रोकथाम सम्बन्धी कार्यक्रमको अभाव
- एम्बुलेन्स सेवाको अभाव
- औषधि वितरणमा लापरवाही
- शोषणमा परेका बालबालिकाको लागि मनोसामाजिक परामर्शसम्बन्धी कार्यक्रमको अभाव
- द्वन्द्वपीडित बालबालिकाको लागि अपर्याप्त स्वास्थ्य सेवा
- विद्यालय शिक्षामा प्रजनन स्वास्थ्यसम्बन्धी पाठको अभाव

**२. मानवीय संशाधन/संस्थागत**

- स्वास्थ्यकर्मी तथा प्राविधिकहरुको अपर्याप्तता
- केही स्वास्थ्यकर्मीहरुद्धारा लापरवाही
- नक्कली डाक्टर तथा औषधिको विगविगी
- हिमाली क्षेत्रमा डाक्टर(आम्ची) को अभाव
- उपकरण तथा सामग्रीहरुको अभाव
- धेरैक्षेत्रमा स्वास्थ्यसंस्थाको अभाव
- अस्पतालमा बाल तथा अपाङ्गमैत्री सुविधाको अभाव
- सुविधाविहीन तथा अपाङ्ग बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा स्वास्थ्य सेवाको अभाव
- कमजोर भौतिक पुर्वाधार
- स्वास्थ्य केन्द्रसम्म पहुँचको समस्या
- बाल विशेषज्ञको सुविधाको अभाव
- बालस्वास्थ्य सम्बन्धमा सरकारी अस्पताल र प्राइभेट मेडीकल कलेजहरुबीच समन्वयको अभाव
- सवै प्रकारका अपाङ्गहरुको लागि विशेष स्वास्थ्य सेवाको अभावका साथै भौगोलिक क्षेत्रको आधारमा स्वास्थ्य केन्द्रसम्म पहुँच नहुनु
- मिल्दो जुल्दो मानवीय संशाधनको अभाव ( सही ठाउँमा सही व्यक्ति नहुनु )
- सुरक्षित तथा निश्चित प्रसुती स्थानको अभाव

**३. सचेतना/अभिमुखीकरण**

- अवधि सकिएका औषधि, सुरक्षित मातृत्व,बच्चाको स्याहार, जुकाहरुको उन्मूलन, स्थानीय स्तरका खाद्य पदार्थमा पाइने पौष्टिक तत्व, स्तनपान आदि विषयमा चेतनाको कमी
- अपर्याप्त अभिभावक शिक्षा
- स्थानीय भाषामा सूचना, शिक्षा तथा सन्चार सामग्रीको अभाव
- स्वास्थ्यसम्बन्धी समस्याहरुमा सन्चार माध्यमको ध्यान कम
- अशिक्षा तथा अन्धविश्वासको व्यापकता
- बाल विवाह, उमेर नपुगी गर्भवती हुने समस्या

**४. समन्वय अनुगमन तथा मूल्यांकन**

- सरकारी, गैरसरकारी तथा नीजी क्षेत्रबीच समन्वयको अभाव
- प्रभावकारी अनुगमन तथा मूल्यांकनको अभाव
- पहुँच पुग्ने क्षेत्रहरुमा कार्यक्रम दोहोरिनु
- पेशागत निकायहरु पूर्णरुपमा परिचालित र प्रोत्साहित नहुनु

**५. अन्य**

- द्रुत जनसंख्या वृद्धि
- छोरालाई प्राथमिकता
- छोरी भएमा गर्भपतन गर्ने प्रवृत्ति
- रुढीवादी परम्परा, अन्धविश्वास तथा आधुनिक चिकित्सा सेवाबाट बञ्चित
- समयमा उपचार प्राप्त नहुनु
- प्राप्त सुविधाको पनि उपयोग हुन नसक्नु
- आयुर्वेदिक स्वास्थ्य सुविधाहरुको विकास नहुनु
- सुइको निर्मलीकरण नहुनु
- महामारी फैलने रोगहरु
- स्वास्थ्य क्षेत्रमा जनता/समुदायको सहभागिताको अभाव
- नक्कली औषधिहरुको विगविगी
- खाद्यपदार्थ तथा औषधिमा अनियन्त्रित मिसावट
- फास्ट फुड व्यवसायमा वृद्धि
- सःशस्त्र द्वन्द्वका कारण स्वास्थ्य सुविधाहरु प्रभावित
- विदेशी सहयोगमा अत्यधिक निर्भरता
- विश्वव्यापी कोषको कम उपयोग

# कार्ययोजना (स्वास्थ्य)

**समन्वय गर्ने निकायः** केन्द्रीय बाल कल्याण समिति

**समग्र उदेश्यहरु**

- समुदाय तथा जिल्ला स्तरका स्वास्थ्यसेवामा सुधार गर्दै छोरा छोरी, गाऊँ र शहर तथा सुविधाविहीन समूहहरुबीचको भेदभाव हटाई बाल मृत्युदर (नवजात, शिशु र पाँच बर्ष मुनिका) कम गर्ने
- समुदाय तथा जिल्ला स्तरका प्रसूति स्वास्थ्य सेवामा सुधार गरी मातृ मृत्युदर कम गर्ने

**रणनीतिः** मानवीय संशाधन तथा संस्थागत क्षमता विकास, गुणस्तरयुक्त स्वास्थ्य सेवा, विकेन्द्रीकरण र संयुक्त प्रयास

| उद्देश्य | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | समयावधि | विकास सूचक | पुष्ट्याईका आधारहरु | जोखिम तत्वहरु |
|---|---|---|---|---|---|---|
| १. बालबालिकाको आधारभूत स्वास्थ्य सुविधा उपयोग गर्न पाउने अधिकार कानून तथा नीतिद्धारा सुनिश्चित गर्ने | • बाल स्वास्थ्यसम्बन्धी बर्तमान सबै कानून पुनरावलोकन र सुधार गर्ने<br>• बाल स्वास्थ्यको बीमा गर्ने<br>• बिबाहको कानूनी उमेरसम्बन्धी व्यवस्था लागू तथा अनुगमन गर्ने<br>• खाद्यान्नमा मिसावटविरुद्धको कानूनमा सुधार गरी लागू गर्ने<br>• पेशागत स्वास्थ्य सुरक्षासम्बन्धी कानूनको पुनरावलोकन र सुधार गरी लागू गर्ने | संसद<br>कान्यासंव्यमं<br>स्वामं<br>मबासकमं<br>केबाकस | २ बर्ष भित्र | स्वास्थ्य, पेशागत स्वास्थ्य सुरक्षा तथा विवाहको उमेरसम्बन्धी सुधारिएको कानूनी व्यवस्था | संशोधित कानूनहरु | सरोकारवालाको निष्कृयता |
| २. स्वास्थ्य सेवाहरुमा बालबालिका तथा किशोर किशोरीहरुको पहुँच बढाउने र पाँच बर्ष मुनिका बालबालिकाको लागि निशुल्क स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने | • विशेष गरी जिल्ला स्तरमा स्वास्थ्य सेवा स्थापनामा निरन्तरता दिने<br>• टाढाका सेवाहरुको सशक्तीकरण र निरन्तरता वृद्धि गर्ने जस्तै EPI क्याम्प तथा गाउँघर क्लिनिक आदि ।<br>• पोषण, दाँत, आँखा, नाक कान घाँटी, अपाङ्गता लगायत बालबालिकाका लागि जाँच कार्यक्रमहरु निरन्तर र सशक्त पार्ने<br>• समुदायमा आधारित प्रतिरोधात्मक तथा उपचारात्मक कार्यकमहरुलाई निरन्तर र सशक्त पार्ने जस्तै समुदायमा आधारित बालापनमा लाग्ने रोगहरुका लागि एकीकृत व्वस्थापन कार्यकम<br>• एक ठाउँबाट अर्को ठाउँ जाँच्न पठाउने (रिफर) पद्धतीको स्थापना र विकास गर्ने<br>• सामुदायिक औषधि कार्यक्रमहरु प्रवर्द्धन गर्ने र यस्तो सेवा प्राप्त गर्न नसक्नेहरुका लागि संयन्त्र विकास गर्ने<br>• प्रारम्भिक बाल बिकास केन्द्रहरुका लागि स्वास्थ्य सेवा, खोप | स्वामं<br>शिक्षा तथा खेलकुद मन्त्रालय<br>स्वासेवि<br>जिस्वाका<br>आयुर्वेद विभाग<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस<br>सआसं | निरन्तर | औपचारिक स्वास्थ्य सेवामा पहुँचको स्तर<br><br>शिशु मृत्युदर<br><br>बाल मृत्युदर | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवालाको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा पौष्टिक आहार कार्यक्रमहरु प्रवर्द्धन गर्ने<br>• विद्यालय स्वास्थ्य कार्यक्रम प्रवर्द्धन गर्ने (वातावरण, स्वास्थ्य शिक्षा तथा सेवाहरु)<br>• जिल्ला तथा सो भन्दा तल्लो स्तरका लागि बाल स्वास्थ्यसँग सम्बन्धित अत्यावश्यक औषधि, उपकरण तथा अन्य बस्तुहरुको आपुर्तिमा सहयोग प्रदान गर्ने<br>• निश्चित सीमाभित्रका स्वास्थ्य कार्यकर्ताहरुको लागि तालिम पुनर्ताजगी तालिम तथा सहयोगात्मक सुपरीवेक्षण आदि प्रदान गर्ने<br>• दुर्गम क्षेत्रमा काम गर्नेहरुका लागि उत्प्रेरणा र सुविधा प्रदान गर्ने<br>• मान्यता, तालिम तथा सहयोगद्धारा परम्परागत स्वास्थ्य कार्यकर्ताहरुलाई राष्ट्रिय स्वास्थ्य प्रणाली भित्र समावेश गर्ने संयन्त्र तयार गर्ने<br>• सुरक्षित मातृत्व र किशोर किशोरी सम्बन्धी नीतिहरु लगायत प्रजनन स्वास्थ्यसम्बन्धी नीति लागू गर्ने स्वास्थ्य प्रणाली सशक्त पार्ने<br>• आधारभूत बाल स्वास्थ्य सेवा प्रदान गर्न जिल्ला अस्पतालहरु लाई सशक्त पार्दै छुट्टै शैयाको व्यवस्था गरी क्रमशः विशेषज्ञ सेवाहरु प्रदान गर्ने<br>• मातृ तथा स्वास्थ्य सेवासम्बन्धी IEC तथा BCC सामग्रीहरु वितरण गर्ने | | | | | |
| ३. किशोर किशोरी, महिला तथा बालबालिकाबीचको सूक्ष्म तथा समष्टिगत पोषणको (Micronutrient and Macronutrient) अपर्याप्तता कम गर्ने | • बालबलिका, महिला तथा किशोर किशोरीको पोषण स्थितिमा सुधार गर्न विद्यमान सूक्ष्मपोषण कार्यक्रमलाई सशक्त पार्ने<br>• पोषणसम्बन्धी IEC र BCC सामग्रीहरु प्रदान गर्ने<br>• स्तनपान प्रवर्द्धन गर्ने<br>• स्वास्थ्यलाई अन्य विकास कार्यक्रमसँग एकीकृत गर्ने जस्तैः करेसाबारी आदि<br>• पोषणसम्बन्धी कार्यक्रमलाई बच्चाको वृद्धि अनुगमन लगायत अन्य स्वास्थ्य कार्यक्रमहरुसँग एकीकृत गर्ने<br>• दुई वर्षे भिटामीन ए कार्यक्रम, जुका निवारण कार्यक्रम, तथा आइरन चक्की आपुर्ति लगायत अन्य आपुर्ति ज्यादा जोखिम भएका क्षेत्रहरुमा सुनिश्चित गर्ने<br>• आयोडीनयुक्त नुन वितरण कार्यक्रम निरन्तर गर्ने | स्वामं<br>स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस<br>सआसं | निरन्तर | बाल कुपोषणमा आउने कमी | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवाला को निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • विकासका साझेदारहरुसँगको समन्वयमा उच्च जोखिमयुक्त ग्रामीण तथा शहरी क्षेत्रमा मातृ तथा बाल स्वास्थ्य सुरक्षामा जोड दिने | | | | | |
| ४. प्रारम्भिक बाल विकास तथा बाल स्वास्थ्य प्रवर्द्धन गर्ने | • अभिभावक शिक्षा लगायत बाल गृह तथा केन्द्रहरुमा प्रारम्भिक बाल विकास तथा स्याहार प्रवर्द्धन, विस्तार र सशक्तीकरण गर्ने<br>• बाल स्वास्थ्य तथा प्रारम्भिक बाल विकास सम्बन्धी एकीकृत कार्यक्रम सन्चालन गनै<br>• किशोर किशोरीलाई आमाबाबु हुँदा बालबालिकाको विकासमा बहन गर्नुपर्ने दायित्वसम्बन्धी सचेतना जगाउने<br>(दीर्घकालीन  रणनीतिक स्वास्थ्य योजनामा समावेश) | स्वामं<br>स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस<br>सआसं | निरन्तर | ECD मा भर्नादर<br><br>ECD केन्द्रहरुको संख्या | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवाला को निष्कृयता |
| ५. मातृस्वास्थ्यमा सुधार गर्ने | • विद्यमान प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व तथा किशोर किशोरीसम्बन्धी नीति तथा रणनीति प्रभावकारी रुपमा कार्यान्वयन गर्ने<br>• IEC तथा BCC सामग्री उपलब्ध गराउने<br>• आकष्मिक कोष तथा यातायातको व्यवस्था समेतको समुदाय परिचालन समूह गठन र सशक्तीकरण गर्ने<br>• पहुँच नपुगेका क्षेत्रहरुमा घुम्ती सेवाहरु सुदृढ गर्दै समुदाय देखि जिल्ला स्तरसम्म जन्मान्तर कार्यक्रमहरु सुदृढ गर्ने<br>• मातृस्वास्थ्यमा उपचारका लागि अन्यत्र पठाउने पद्धतीको विकास र सुदृढीकरण गर्ने<br>• नीति अनुसार सुक्ष्म पोषणको आपुर्ति कार्यक्रमलाई सुदृढ गर्ने | स्वामं, स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस, सआसं | निरन्तर | मातृ मृत्युदर तथा महामारी दर | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>सरोकारवाला को निष्कृयता |
| ६. बाल स्वास्थ्यको लागि भौतिक पूर्वाधारको विकास गर्ने | • क्षेत्रीय तथा अञ्चल अस्पतालको छाता मुनी बाल तथा मातृ अस्पताल स्थापना गर्ने जहाँ विशिष्टिकृत सेवाहरु प्रदान गर्न सकियोस्<br>• जिल्ला अस्पतालहरुमा विस्तारै बाल शैचयाको व्यवस्था गर्दै जाने र बाल शैंया सहितको विशेष सेवाहरु वृद्धि गर्दै जाने<br>• जिल्ला अस्पतालमा अत्यावश्यक सुत्केरी सेवा विस्तार र सुदृढ गर्ने<br>• विशेष गरी जिल्ला र त्यो भन्दा तल्लो स्तरमा बाल तथा मातृ स्वास्थ्यका लागि पूर्वाधारमा सुधार गर्ने<br>• आवश्यक फर्निचर तथा उपकरण उपलब्ध गराउने | स्वामं, स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस सआसं | निरन्तर | बाल स्वास्थ्यमा सुधारिएको अवस्था | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवाला को निष्कृयता |
| ७. बाल स्वास्थ्य सेवाको व्यवस्थाका लागि | • समुदाय परिचालन, कर्मचारी विकास कार्यक्रम साथै व्यवस्थापनद्वारा तालिम उपलब्ध गराउने | स्वामं<br>स्वासेवि | निरन्तर | तालिम प्राप्त कर्मचारीको | अध्ययन<br>प्रगति विवरण | आर्थिक स्रोतको कमी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विद्यमान स्वास्थ्य संस्थाहरुको क्षमता बढाउने | • बाल मनोविज्ञानका विषयमा मानवीय संशाधनको विकास गर्ने<br>• योजना- चक्रको सवै तहमा सामुदायिक सहभागिता प्रवर्द्धन र सुदृढ गर्ने<br>• स्वास्थ्य संस्थाहरुमा अपाङ्ग-मैत्री सुविधाहरु क्रमैसँग विकास गर्ने | जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस, सआसं | | प्रतिशत स्वास्थ्य क्षेत्रमा समुदायको सहभागिता | संचार माध्यम | स्वामित्वको अभाव<br>सरोकारवालाको निष्कृयता |
| ८. विशेष परिस्थितिमा रहेका बालबालिकालाई पुनर्स्थापना तथा सहयोग गर्ने | • अपाङ्गतासम्बन्धी शिक्षा प्रदान गर्ने र विशेष परिस्थितिमा रहेको बालबालिकाको विशेष आवश्यकता अनुसार शिक्षा प्रदान गर्ने अनाथ, सडक बालबालिका, एकल अभिभावक भएका बालबालिका )<br>• विशेष आवश्यकता सम्बन्धी शिक्षा र परामर्श बारे स्वास्थ्य कार्यकर्ता लाई तालिम प्रदान गर्ने<br>• अञ्चल अस्पताल, उप अञ्चल अस्पताल र अन्य आवश्यक क्षेत्रमा ज्यादै कुपोषित बालबालिकाको लागि समुदायमा आधारित व्यवसायिक तथा स्वास्थ्य पुनर्स्थापना केन्द्रहरु स्थापना गर्ने | स्वामं<br>स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस, सआसं | निरन्तर | अपाङ्ग बालबालिकाको लागि पुनर्स्थापनाको सुविधा | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवालाको निष्कृयता |
| ९. स्वच्छ खानेपानी तथा सरसफाईमा सवै घरधुरीको पहुँच सुनिश्चित गर्ने | • विद्यालयको पाठ्यक्रममा खानेपानी तथा सरसफाई सम्बन्धी विषय समावेश गर्ने<br>• विद्यालय तथा घरहरुमा शौचालय प्रवर्द्धन गर्ने<br>• सरसफाई सम्बन्धी कार्यक्रम लागू गर्दै गाउँ तथा विद्यालयहरुमा अभियान सन्चालन गर्ने<br>• उपयुक्त दुरी भित्र खानेपानीको व्यवस्था गर्ने<br>• व्यक्तिगत, घरायसी तथा सामुदायिक सरसफाई सम्बन्धी कार्यक्रममा जोड दिने<br>• स्वच्छ खानेपानीसँग सम्बन्धित विषयमा समुदायको क्षमता वृद्धि गर्ने<br>• वातावरण प्रदुषण नियन्त्रण सम्बन्धी नीतिहरु लागू गर्ने र कार्यक्रम अनुगमन गर्ने<br>• पानीको दीर्घकालीन उपयोगको लागि पानी संरक्षणसम्बन्धी नीति र कार्यक्रम विकास गरी लागू गर्ने | स्वामं<br>स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था<br>स्थानीय निकाय<br>गैसस, सआसं | निरन्तर | स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच पुग्ने घरधुरी प्रतिशत | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>सरोकारवालाको निष्कृयता |
| १०. प्रभावकारी अनुगमन तथा मूल्यांकन प्रणाली विकास गर्ने | • असमानतालाई जोड दिन मजवुत अनुगमन प्रणालीका लागि सम्बन्धित संस्थाहरुसँग सञ्जाल विकास गर्ने<br>• स्वास्थ्य मन्त्रालयको बर्तमान स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीभित्र लैङ्गिक एवं सुविधाविहिन समूहहरुको सूचना समावेश गर्ने | स्वामं<br>स्वासेवि<br>जिस्वाका<br>दातृसंस्था | निरन्तर | अनुगमन संयन्त्रको अवस्था | अध्ययन<br>प्रगति विवरण<br>संचार माध्यम | आर्थिक स्रोतको कमी<br>स्वामित्वको अभाव<br>सरोकारवाला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | गैसस, सआसं | | | | को निष्कृयता |

२. बाल शिक्षा

शिक्षाको गुणस्तर वृद्धि गर्नुका साथै आधारभूत र प्राथमिक शिक्षामा हरेकको पहुँच पुर्‍याउन श्री ५ को सरकार प्रतिवद्ध छ । विद्यालय भर्ना दर र पढाइमा सहभागिताको औसत निरन्तरता (Retention) वृद्धि गर्न श्री ५ को सरकारले भौतिक पूर्वाधार वृद्धि, शैक्षिक सामग्री विकास, शिक्षक तालिमको व्यवस्थाका साथै विभिन्न किसिमका अनुदान जस्तैः छात्रवृत्ति, विद्यालय पौष्टिक आहार कार्यक्रम लगायत अन्य सहयोग कार्यक्रम पनि प्रदान गरिरहेको छ । साथै दलित, सुविधाविहीन, अपाङ्ग, जनजाति बालबालिका र छोरीलाई शिक्षामा विशेष प्राथमिकता दिइएको छ ।

विगत दशक देखि प्राथमिक विद्यालयमा छात्रा साथै कुल भर्नादर पनि बढेको छ । ६ वर्ष देखि माथिका जनसंख्याको साक्षरता दर ५८ प्रतिशत (पु.७० प्र. म.४५ प्र) रहेको छ भने ११ देखि १३ वर्ष उमेर समूहमा यो प्रतिशत ८४ रहेको छ । यसले प्रौढको तुलनामा किशोर किशोरी उमेरको साक्षरता दरमा भिन्नता (केटा र केटी वीच) साँगुरिदै गएको देखिन्छ ।

सन् १९९० को “सवैका लागि शिक्षा” विश्वव्यापी प्रयासले नेपालमा प्राथमिक शिक्षाको विकासमा सादृश्य प्रभाव पारेको छ । सरकारी र गैर सरकारी दुवै क्षेत्रबाट स्कूल बाहिरका बालबालिका र प्रौढहरुका लागि अनौपचारिक शिक्षाको कार्यक्रम सन्चालन गरिरहेका छन् । साथै विद्यालय छाडेका बालबालिकाहरुकालागि पनि दुवै क्षेत्रबाट पुलकक्षा पनि सन्चालन भईरहेका छन् ।

केही सीमित किशोर किशोरीहरुको लागि आयमूलक नोकरीमा प्रवेश गर्न प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद लगायत विभिन्न मन्त्रालयहरुले व्यवसायिक तालिम प्रदान गर्दै आएका छन् । साथै गैसस र प्राइभेट क्षेत्र पनि व्यवसायिक तथा सीपमूलक तालिममा बराबर सक्रिय छन् । यद्यपि धेरै व्यवसायिक शिक्षालयहरुमा भौतिक पूर्वाधार, दक्ष शिक्षक र निर्देशिका सामग्रीहरुको अभाव रहेको छ ।

यो कार्ययोजनाको तयारी प्रकृयामा केन्द्रीय स्तरका बैठक, विषयगत समूहहरुको बैठक, फोकस ग्रुपको बैठक, क्षेत्रीय कार्यशाला, बालबालिकासँगका बैठक, पेशागत संघ संगठनहरु, विद्यालय संगठनहरु, शिक्षक संघ, ट्रेड युनियनहरु, अभिभावक, सेवा प्रदायक विशेष गरी सडक बालबालिका, अपाङ्ग बालबालिका र एड्स पीडितहरु आदि सबै पक्षसँग राय सुझाव संकलन गरिएको थियो । अध्याय एकमा उल्लेख गरेजस्तै केन्द्रीय र क्षेत्रीय कार्यशालाहरुमा मिश्रित सहभागिता रहेको थियो । मन्त्रालय देखि जिल्ला स्तरसम्मका सरकारी कार्यालयहरुका प्रतिनिधिहरु, संयुक्त राष्ट्र संघीय विशिष्टिकृत संस्थाहरु, अन्तराष्ट्रिय गैसस, गैसस महासंघ, बालबालिकासम्बन्धी गैसस महासंघ, विभिन्न संघ संगठन तथा बालबालिका स्वयंले छलफलमा सक्रियतापूर्वक भाग लिई यस कार्ययोजनामा योगदान पुर्‍याएका छन् । यि सम्पूर्ण सूचना र तथ्यांकका आधारमा गरिएको प्रगति समीक्षा र देखापरेका समस्याहरु संक्षेपमा निम्नानुसार छन् ।

**प्रगति समीक्षा**

सूचनाहरु प्राथमिक र अन्य मौजुदा सूचना स्रोतहरुबाट संकलन गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत विषयगत समूहको बैठक, विशेष समूहको बैठक तथा राष्ट्रिय तथा क्षेत्रीय कार्यशालाहरु रहेका थिए ।

(१) **नीतिगत**

- प्राथमिक तहमा कम्तीमा पनि एकजना महिला शिक्षिका राख्ने नीति लिइएको
- "सवैका लागि शिक्षा"कार्ययोजना अनुमोदन
- स्थानीय स्तरको शिक्षा तलबाट माथि शिक्षा योजना लागू भएको
- शिक्षक- अभिभावक संस्थाको प्रावधान भएको ।
- निजी क्षेत्रको भूमिकाका बारेमा नीतिहरुमा स्पष्ट व्याख्या भएको
- स्कूल व्यवस्थापन समितिको निर्वाचनको व्यवस्था भएको
- समुदायलाई विद्यालय हस्तान्तरण गर्ने प्रकृया शुरु भएको
- विभिन्न समितिहरुमा महिला प्रतिनिधिहरु राख्ने व्यवस्था भएको

(२) **कार्यक्रम**

- जनजाती तथा बालिकाहरुको शाक्षरता प्रतिशत् बढ्नुका साथै स्कूल भर्नामा बृद्दि भएको ।
- प्रारम्भिक बाल विकास कार्यक्रम सन्चालनसम्वन्धी रणनीति र निर्देशिका तयार गरी समुदायमा आधारित प्रारम्भिक वाल विकास कार्यक्रम संचालन भएको ।
- प्रारम्भिक वाल विकास र बालिका शिक्षामा राष्ट्रियस्तरको सन्जाल भएको
- गुणस्तरीय शिक्षामा बृद्धि ।
- माध्यमिक शिक्षामा पहुँच बृद्धि भएको ।
- महिला तथा तालिम प्राप्त शिक्षकको प्रतिशतमा बृद्धि भएको ।
- शैक्षिक व्यवस्थापनमा विकेन्द्रीकरण शुरुवात गरिएको ।
- गरिव, दलित तथा अपाङ्ग जनजातिका छोरा/छोरीलाई छात्रबृत्ति,नगद सहयोग, तेल वितरण तथा स्कूल ड्रेस लगायत विद्यालय पौष्टिक आहार कार्यक्रमको शुरुवात गरिएको
- ५ कक्षा सम्मको प्राथमिक शिक्षालाई निःशुल्क गरिएको
- पाठ्यक्रम तथा IEC सामाग्री निःशुल्क वितरण गएिको
- अपाङ्ग बालबलिकाको लागि विशेष पद्धतिको व्यवस्था भएको र सामान्य शिक्षामा पहुँच बढेको
- बाल श्रमिक लगायतका स्कूल बाहिरका बालबालिकाको लागि अभिभावक तथा अनौपचारिक शिक्षा/ तालिमको शुरुवात गरिएको ।
- दूरशिक्षा, बाल सहभागी शिक्षा तथा भाइ-बहिनी शिक्षाको शुरुवात गरिएको
- पाठ्य समाग्रीमा बाल अधिकारसम्बन्धी सवालहरु समावेश गरिएको
- स्कूल स्वस्थ्य तथा सरसफाई कार्यक्रमको शुरुवात गरिएको
- प्राथमिक शिक्षामा मातृभाषाबाट पढाउने प्रावधान रहेको
- द्वन्द प्रभावित बालबालिकाको लागि निःशुल्क शिक्षा उपलब्ध गराइएको
- स्कूल सुधार कार्यक्रमको विस्तार गरिएको
- केही जिल्लाहरुमा अनिवार्य शिक्षाको शुरुवात गरिएको
- शिक्षाको अधिकारसम्बन्धी चेतना अभिवृद्धि भएको
- अतिरिक्त कृयाकलाप प्रवर्द्धित भएको

(३) **संस्थागत**

- विद्यालय तथा शैक्षिक संस्थाहरुमा बृद्धि
- बाल पूनर्स्थापना केन्द्रमा बृद्धि
- स्थानीय शैक्षिक संस्था, समितिहरु तथा श्रोत केन्द्रहरुलाई व्यवस्थित तथा सशक्तीकरण गरिएको

(४) **विभेद**

- जेण्डरसम्बन्धी परिचयात्मक कार्यक्रमहरु सन्चालन गर्दै आएको
- जेण्डर मुल प्रवाहिकरण र बालिका शिक्षाको रणनीति पुस्तिका तयार हुँदै रहेको
- तालिम प्याकेजमा जेण्डरसम्बन्धी विषय थप भएको
- पाठ्य पुस्तक, सन्दर्भ सामग्री र तालिम सामग्रीहरुमा समाहित शिक्षा पद्धतीलाई प्रवर्द्धन गर्ने किसिमबाट सुधार भएको
- केही हदमा लैङ्गिक दृष्टिकोणबाट पाठ्य समाग्रीहरुलाई पूनरावलोकन गरी सुधार गरिएको ।
- लैङ्गिक विभेद, जात, जनजाति तथा धर्मका हिसाबले गरिने विभेदमा कमी आएको

(५) **अन्य**

- पत्रपत्रिकामा बालबालिकासम्बन्धी विषयहरुमा वृद्धि हुनुका साथै बाल पत्रिकाहरुको प्रकाशन
- विभिन्न संचार माध्यमबाट बाल कार्यक्रम प्रशारण/प्रकाशन गरिएको
- नक्कली प्रमाण-पत्रहरुको छानविन गरिएको

**पहिचान गरिएका समस्याहरु**

(१) **नीतिगत**

- महिला शिक्षक सबै स्कूलमा नियुक्त नहुनु
- प्राथमिक शिक्षा अनिवार्य नहुनु

- कमजोर निरीक्षण तथा मूल्याङ्कन प्रविधि
- कमजोर अनुगमन तथा मूल्यांकन प्रणाली
- ऐन तथा नियमहरुको कमजोर कार्यान्वयन
- शिक्षामा दलित तथा अपाङ्ग बालबालिकासम्बन्धी नीतिहरुको कमजोर कार्यान्वयन
- चलिरहेका प्रारम्भिक बाल विकास (ECD) कार्यक्रमहरुको न्यूनतम मापदण्ड नतोकिनु
- बहिराहरुको लागि उच्च शिक्षा नीतिको अभाव

(२) **कार्यक्रम**

- विद्यालय पौष्टिक आहार कार्यक्रमको दुरुपयोग हुनु
- समयमा पाठ्य समाग्रीहरु वितरण नहुनु
- स्कूलहरुमा स्वास्थ्य कार्यक्रम तथा स्वच्छ खानेपानीको आपूर्ति नहुनु
- सबै प्रकारका अपाङ्गहरुका लागि पर्याप्त शिक्षा सेवा उपलब्ध नहुनु
- शिक्षकहरुका लागि पुरस्कार तथा दण्डको व्यवस्था नहुनु
- विद्यालयमा पुस्तकालयहरुको व्यवस्थापन कमजोर हुनु
- निजी स्कूलहरुमा महँगो शुल्क तथा अधिक पाठ्यक्रम हुनु
- प्राथमिक तहका पुस्तक किनेको रकम समयमा फिर्ता नहुनु
- विद्यालय व्यवस्थापन समितिहरु प्रभावकारी हुन नसक्नु
- द्वन्द प्रभावित तथा गरिब बालबालिकाहरु शिक्षाको पहुँच बाहिर हुनु
- नैतिक शिक्षाको कमी
- अनुदान कार्यक्रम सीमित हुनु
- मातृभाषामा प्रभावकारी रुपमा पढाई नहुनु
- प्राविधिक शिक्षाले सबै क्षेत्रलाई नसमेट्नु
- कमजोर अभिभावक/परिवार शिक्षा
- सीप विकास कार्यक्रमहरु पर्याप्त नहुनु
- छात्रबृत्तिमा पारदर्शिता नहुनु
- बाल तथा अपाङ्गमैत्री विद्यालय वातावरणको अभाव
- स्कूल छाड्ने प्रवृत्तिको समस्या

(३) **विभेद**

- विद्यालयमा छात्राहरुको कम पहुँच
- विद्यालयमा लैङ्गिक असमानता
- सामाजिक लिङ्गभेद, जात, अपाङ्ग, धर्म आदि विषयका भेदभावसम्बन्धी सवालमा शिक्षकहरुको लागि अनुशिक्षण कार्यक्रमहरुको अभाव
- अपाङ्ग बालबालिकाहरुको शिक्षामा कम पहुँच

(४) **संस्थागत**

- स्कूलमा प्रशस्त मात्रामा भौतिक सुविधाहरु नहुनु
- कुनै समुदायमा अझ स्कूलको सुविधा नहुनु
- छात्रवृत्तिको सुविधा सीमित हुनु र लक्षित बालबालिकाको त्यसमा पहुँच नहुनु
- कक्षामा विद्यार्थीको चाप अधिक हुनु
- अपाङ्ग तथा बाल गृहहरुमा IEC सामग्री पर्याप्त नहुनु
- स्कूलहरुमा विज्ञान प्रयोगशालाको कमी
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक अन्तक्रिया कमजोर हुनु
- तालिम प्राप्त शिक्षकको कमी

(५) **सचेतना**

- पुरातन तथा रुढिवादी सोचाई विद्यमान् हुनु
- घरेलु कामको अधिक भार हुनु
- विशेष प्रकारको शिक्षासम्बन्धी चेतनाको अभाव
- प्राईभेट स्कूलहरुको तुलनामा सरकारी स्कूलहरुको छवी कम हुनु

(६) **अन्य**

- व्यवस्थाअनुसार महिला शिक्षिका नियुक्त हुन नसक्नु
- शिक्षकहरु उत्तरदायित्वबाट पन्छिन खोज्नु ।
- विद्यालयमा पर्याप्त कर्मचारी नहुनु
- जन्मदर्ता प्रमाणपत्रको अभाव र मौसमी बसाई सराईका कारण बालबालिका शिक्षाबाट बञ्चित हुनु
- द्वन्दले शैक्षिक क्षेत्र प्रभावित हुनु
- शिक्षामा राजनैतिक हस्तक्षेप हुनु
- विद्यालयमा शारीरिक दण्ड दिइनु

## कार्ययोजना (शिक्षा)

**समन्वय गर्ने निकायहरु :** शिक्षा तथा खेलकूद मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिहरु

**समग्र उदेश्यहरुः**

- गुणस्तरयुक्त औपचारिक शिक्षामा स्कूल उमेरका सवै बालबालिकाको पहुँच पुर्‍याउने
- विद्यालय शिक्षामा लैङ्गिक समता सुनिश्चित गर्ने
- विद्यालय बाहिरका बालबालिकाहरुलाई शिक्षा प्रणालीको मुलधारमा समाहित गर्ने

**कार्यान्वयन रणनीति :** मानवीय संसाधन तथा संस्थागत क्षमताको विकास, विकेन्द्रीकरण र संयुक्त प्रयास

| उद्देश्यहरु | कार्यक्रम | कार्यान्वयन गर्ने निकायहरु | समयावधि | बिकास सूचक | पुष्ट्याईका आधारहरु | जोखिम तत्वहरु |
|---|---|---|---|---|---|---|
| (१) ६ वर्ष मुनिका सवै बालबालिका विशेषत जोखिम पूर्ण र सुविधाविहीन अवस्थामा रहेका सम्पूर्ण बालबालिकाको पहुँच पुर्‍याउन विस्तृत रुपमा प्रारम्भिक बाल विकास कार्यक्रम (ECD) को विस्तार र सुधार गर्ने | • आवश्यक स्रोत र भौतिक सुविधाहरु सहितको प्रारम्भिक बाल विकास (ECD) केन्द्र विस्तार तथा सशक्तीकरण गर्ने<br>• उद्योगहरुमा अनिवार्य प्रारम्भिक बाल विकास (ECD) केन्द्रको व्यवस्था गर्ने र अन्य कार्यालयहरुमा समेत खोल्नका लागि प्रोत्साहित गर्ने<br>• ३ वर्ष भन्दा मुनिका बालबालिकाहरुको लागि नमुना एकीकृत कार्यक्रमहरुको तर्जुमा<br>• अभिभावक शिक्षा कार्यक्रमको व्यवस्था गर्ने<br>• जनचेतना वृद्धि/समुदाय परिचालन कार्यक्रम गर्ने<br>• शिक्षक, सहभागी र सहयोगी कार्यकर्ताको लागि प्रारम्भिक बाल विकास कार्यक्रम (ECD) तालिम कार्यक्रम गर्ने<br>• समुदायमा आधारित सूचना प्रणाली विकास गर्ने<br>• विद्यालय पूर्व नै वौद्धिक, शारीरिक, सामाजिक, भावनात्मक र संवेगात्मक विकासको वृहत प्रणाली सुनिश्चित गर्ने<br>• समुदाय तथा विद्यालय दुवैमा आधारित प्रारम्भिक बाल विकास (ECD) केन्द्रहरु प्रवर्द्धन गर्ने<br>• अभिभावक सचेतना तथा अनुशिक्षण कार्यक्रम<br>• प्रारम्भिक बाल विकास तथा विकास कार्यकमहरुलार्य एकीकृत रुपमा लैजाने | शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति/प्रारम्भिक बाल विकास व्यवस्थापन समिति<br><br>गाविस, नगरपालिका, गाउँ शिक्षा समिति | निरन्तर | साधन सम्पन्न प्रारम्भिक बाल विकास (ECD) केन्द्रहरु<br><br>प्रारम्भिक बाल विकास (ECD) केन्द्रहरुमा बालबालिकाको संख्या<br><br>सूचना प्रणाली ECD बाट प्राथमिक विद्यालय भर्नादरमा वृद्धि | अध्ययन, प्रगति विवरण, सन्चार माध्यम<br><br>अभिभावकमा चेतनाको कमी | आर्थिक स्रोतको कमी<br>दुर्गम क्षेत्रमा पहुँचको कमी<br>हिंसाग्रस्त अवस्था<br>निस्कृय साझेदारहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (२) | शिक्षामा सबै बालबालिकाहरुको पहुँच बढाउने साथै ६-१० वर्षसम्मका बालबालिकाहरुलाई निःशुल्क एवं अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था | • प्राथमिक शिक्षालाई कानूनद्धारा अनिवार्य बनाउने<br>• प्राथमिक तहको अध्ययन अनिवार्य गराउन प्राथमिक शिक्षा कोष खडा गर्ने<br>• दुर्गम क्षेत्रहरुमा विद्यालय, घुम्ती विद्यालय, पूरक विद्यालय आदि विस्तार गर्ने<br>• स्कुलहरुलाई सवै खाले बालबालिका अनुकुलको भौतिक साधन सम्पन्न बनाउने<br>• स्कुल व्यवस्थापनसम्बन्धी समुदायको क्षमता विकास गर्ने<br>• दुर शिक्षा लागू गर्ने<br>• अभिभावक शिक्षा तथा मनोवैज्ञानिक परामर्श कार्यक्रम सञ्चालन गर्ने<br>• शिक्षामा अन्तर्निहित प्रणाली लाई जोड दिने<br>• स्कुलमा सहुलियत कार्यक्रम विस्तार गर्ने जस्तैः ड्रेसको व्यवस्था, छात्रावृत्ति, खाना तथा नगदको व्यवस्था तथा अभिभावकका लागि आयमूलक कार्यक्रम आदि गर्ने<br>• सबै प्रकारका अपाङ्ग तथा कठिन परिस्थितिमा रहेका बालबालिकालाई निशुल्क शिक्षाको व्यवस्था गर्ने र सवै प्रकारका अपाङ्गहरुको लागि विशेष शिक्षाको व्यवस्था गर्ने<br>• अनौपचारिक शिक्षा विस्तार गर्ने जस्तै-प्रौढ शिक्षा, स्कूल बाहिरको शिक्षा, बाल देखि बालसम्म, सडक तथा विस्थापित बालबालिकाको लागि विशेष शिक्षा आदि<br>• प्राथमिक शिक्षा मातृभाषामा प्रदान गर्ने व्यवस्थालाई प्रोत्साहित गर्ने सो को लागि शिक्षकलाई सहयोग तथा पाठ्यपुस्तकको व्यवस्था गर्ने<br>• छात्रछात्रालाई शिक्षाबाट बन्चित नगराउन सिकाईमा लचकतापूर्ण सिद्धान्त अपनाउने<br>• घुम्ती प्राथमिक विद्यालयको अवधारणा विकास गर्ने<br>• प्रारम्भिक बाल विकास केन्द्र भएका ठाउँहरुमा ति केन्द्रमा सहभागी नभएका बालबालिकालाई कक्षा १ मा भर्ना नलिने<br>• मूल्यांकन तथा अनुगमन प्रणाली विकास गर्ने | शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति | निरन्तर | अनिवार्य प्राथमिक शिक्षाको व्यवस्था<br><br>विद्यालय भर्नादर<br><br>शिक्षामा अन्तर्निहित प्रणाली<br><br>माध्यमिक र नि.मा.वि. तहमा कम्तीमा एकजना महिला शिक्षिका<br><br>अनौपचारिक शिक्षाको विस्तार | अध्ययन, प्रगति विवरण, सन्चार माध्यम | आर्थिक स्रोतको कमी<br>दुर्गम क्षेत्रमा पहुँचको कमी<br>हिंसाग्रस्त अवस्था<br>निष्कृय साझेदारहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (३) विद्यालयमा बालबालिकाको स्थिर सहभागिता (Retention), योग्यता/दक्षता तथा विद्यालय शिक्षा पूरा गराउने दर वृद्धि गर्ने | • वौद्धिकताको हिसावले कमजोर र अपाङ्ग बालबालिकाको लागि विशेष शिक्षा र सहयोग कार्यक्रम सन्चालन गर्ने<br>• कक्षा १२ सम्म माध्यमिक तहमा समावेश गर्ने<br>• दुर्गम जिल्लाहरुमा महिला छात्रावासको विस्तार गर्ने<br>• लैङ्गिक र बाल मैत्री विद्यालय वातावरण विकास गर्ने<br>• अनुगमन र मूल्यांकन संयन्त्र सुदृढ गर्ने<br>• अभिभावकका लागि सहयोग (आय आर्जन) लगायत ड्रेस, विद्यालय पौष्टिक आहार कार्यक्रम, छात्रवृत्ति, जस्ता सहुलियत कार्यक्रमहरु विस्तार गर्ने<br><br>(सवैको लागि शिक्षा कार्ययोजनासँग सम्बन्धित र त्यसतर्फ इङ्गित) | शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति | पहिलो वर्ष देखि निरन्तर | Retention, competencies र विद्यालय अवधि पुरा गर्ने | अध्ययन प्रगति विवरण सञ्चार माध्यम | आर्थिक स्रोतको कमी निष्क्रिय साझेदारहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (४) गुणस्तरयुक्त शिक्षा तथा बाल मैत्री वातावरण सुधार गर्ने | • प्रत्येक विद्यालयमा विज्ञान प्रयोगशाला, पुस्तकालय लगायत भौतिक सुविधा र शैक्षिक सामग्रीहरुमा सुधार गर्ने<br>• बाल अधिकार, बाल मनोविज्ञान, भेदभाव लगायतका विषयहरुमा शिक्षकहरुको सीप विकास गर्न तालिम प्रदान गर्ने<br>• सम्पूर्ण सम्भावित सवै खाले बालबालिकालाई अवसर प्रदान गर्दै विषयगत तथा व्यवहारिक शिक्षा विकास गर्ने<br>• शैक्षिक भ्रमण लगायत विद्यालयभित्र अतिरिक्त क्रियाकलाप वृद्धि गर्ने<br>• स्रोत केन्द्रहरु, गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक अन्तर्क्रिया र बाल क्लवहरुलाई सुदृढ पार्ने<br>• परीक्षा प्रणालीमा सुधार गरी अपाङ्ग बालबालिकाको लागि परीक्षामा अतिरिक्त समय दिने, प्राथमिक तहमा लगातार जाँच प्रणाली लागू गर्ने आदि व्यवस्था गर्ने<br>• पाठ्यक्रममा पुनरावलोकन गरी बाल अधिकार, लिङ्गभेद, प्रजनन् स्वास्थ्य जस्ता विषयहरु समावेश गर्ने र अपाङ्ग बालबालिकाको लागि वैकल्पिक विषयहरुको व्यवस्था गर्ने<br>• व्यवसायिक तालिम वृद्धि गर्दै सीप विकास तथा प्राविधिक शिक्षा कार्यक्रमहरु सन्चालन गर्ने<br>• विद्यालयको वातावरणमा सुधार गर्ने (बाल तथा छात्रा मैत्री)<br>• पाठ्यपुस्तकमा अपाङ्ग को परिभाषा सम्बन्धी अवधारणा समावेश गर्ने<br>• शिक्षकको लागि पुरस्कार र दण्ड व्यवस्थाको श्रृजना गर्ने<br>• प्रमाणपत्र छानवीन गरी नक्कली प्रमाणपत्रधारीहरुलाई कारवाही गर्ने<br>• नियमित अनुगमन र मूल्यांकन प्रणालीका साथै पारदर्शिता विकास गर्ने<br>• गुणस्तरयुक्त शिक्षाको मापदण्ड तयार गरी लागू गर्ने | शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति | पहिलो वर्ष देखि निरन्तर | सुधारिएको भौतिक पूर्वाधार<br><br>सुधारिएको परीक्षा प्रणाली<br><br>पुनरावलोकन भएको पाठ्यक्रम<br><br>युवाहरुको क्षमता अभिवृद्धि<br><br>बाल, अपाङ्ग तथा छात्रा मैत्री विद्यालय वातावरण | अध्ययन प्रगति विवरण सञ्चार माध्यम | आर्थिक स्रोतको कमी निष्क्रिय साझेदारहरु |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (५) सन् २००७ सम्ममा प्राथमिक शिक्षा एवं सन् २०१२ भित्रमा माध्यमिक शिक्षामा लैङ्गिक समता कायम गर्ने । | • व्यापक जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने । (अभिभावकीय शिक्षा, सामुदायिक साक्षरता इत्यादि)<br>• माध्यमिक विद्यालयमा कम्तीमा एकजना शिक्षिकाको व्यवस्था गर्ने ।<br>• महिला शिक्षक नियुक्तिमा वृद्धि गर्ने जि.शि.अ., विद्यालय व्यवस्थापन समिति वा विद्यालयलाई पुरस्कारको व्यवस्थ ागर्ने<br>• लैङ्गिक तथा अपाङ्ग मैत्री विद्यालय वातावरण विकास गर्ने (सम्पूर्ण सुविधाहरुमा पहुँच पुर्‍याउने)<br>• अपाङ्ग र छात्राहरुको लागि विशेष शिक्षा कार्यक्रम श्रृजना गर्ने<br>• लैङ्गिक मैत्री वातावरण भएका विद्यालयहरुलाई पुरस्कृत गर्ने<br>• परामर्श कार्यक्रम सञ्चालन गर्ने<br>• अभिभावकका लागि सहयोग (आय आर्जन) लगायत ड्रेस, विद्यालय पौष्टिक आहार कार्यक्रम, छात्रवृत्ति, जस्ता सहुलियत कार्यक्रमहरु विस्तार गर्ने<br>• लैङ्गिक समताका लागि हरेक तहमा निगरानी समूह तयार गर्न पहल गर्ने<br>• लैङ्गिक समतामा आधारित भएर काम गर्ने मन्त्रालयलाई पुरस्कारको व्यवस्था गर्ने<br>• विद्यालयमा महिला दर बढाउन प्रोत्साहित गर्ने | शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति | पहिलो वर्ष देखि लगातार | शिक्षामा लैङ्गिक समानता र समता<br><br>कम्तीमा एक जना महिला शिक्षिका<br><br>बाल, अपाङ्ग तथा छात्रा मैत्री विद्यालय वातावरण | अध्ययन, प्रगति प्रतिवेदन, सन्चार माध्यम | आर्थिक स्रोतको कमी<br>दुर्गम क्षेत्रमा पहुँचको कमी<br>निष्कृय साझेदारहरु |
| (६) बालबालिका र विद्यालयहरुलाई शान्ति क्षेत्रको रुपमा सुनिश्चित गर्ने | • विद्यालयलाई शान्ति क्षेत्रको रुपमा घोषणा गर्ने<br>• सबै सरोकारवालाहरुलाई सामूहिक जन चेतना तथा पैरवी कार्यक्रम<br>• संजाल/सहकार्यको विकास र सुदृढीकरण गर्ने | शिक्षा तथा खेलकूद मन्त्रालय, शिक्षा विभाग, दातृ संस्थाहरु स्थानीय निकाय गैसस र सआसं नागरिक समाज विद्यालय र व्यवस्थापन समिति | एक वर्षभित्र | बालबालिका तथा विद्यालय शान्तिक्षेत्र हुन् भन्ने घोषणा र यसको व्यवहारिक प्रयोग | अध्ययन, प्रगति प्रतिवेदन, सन्चार माध्यम | निष्कृय साझेदारहरु |

३. बाल अधिकार संरक्षण

नेपाल अधिराज्यको संविधानमा उल्लिखित मौलिक हकहरुका साथै बालबालिकालाई विभिन्न किसिमका शोषणहरुबाट संरक्षण गर्न केही कानूनी व्यवस्थाहरु पनि रहेका छन् । तथापि सयौं बालबालिकाहरु हिंसा, शोषण, दुर्व्यवहार, हेला र भेदभावबाट पीडित हुनुका साथै उनीहरुका आधारभूत अधिकार समेत बाट बञ्चित छन् । धेरै बालबालिका सामना गर्न नसक्ने परिस्थितिमा बाँचिरहेका छन् जस्तोः स्थायी रुपमा विस्थापित, सशस्त्र द्वन्द्वमा परेका, आन्तरिक  विस्थापनमा परेका, दैवी प्रकोपमा परेका, मौसमी कामदारका छोराछोरी, ओसार पसार, तस्करी, शारीरिक तथा यौन शोषण तथा अपहरणमा परेका साथै बालबालिकाको आर्थिक शोषण तथा यसको निकृष्ट स्वरुप आदि बालबालिकाका दैनिक यथार्थ बनेका छन् । महिला तथा बालबालिकाप्रति हुने घरायसी हिंसा र यौन हिंसा गम्भीर समस्याको रुपमा रहेको छ जवकी सवै प्रकारका शोषण, हेला, दुर्व्यवहारबाट संरक्षित हुने बालबालिकाको अधिकार रहेको छ । यसै पृष्ठभूमिमा बालश्रम, द्वन्द्व पीडित बालबालिका, यौन दुर्व्यवहार शोषण र ओसार पसार, परिचय, सडक बालबालिका, शरणार्थी बालबालिका, अपाङ्ग बालबालिका र दुर्व्यसनी बालबालिका आदि विषयहरुका बारेमा छुट्टाछुट्टै यसप्रकार उल्लेख गरिएको छ ।

1. बाल श्रम

नेपाल अधिराज्यको संविधान, २०४७ ले नावालकलाई कुनै कलकारखाना, खानी वा यस्तै अन्य कुनै जोखिमपूर्ण काममा लगाउन नपाइने व्यवस्था गरेको छ । बालबालिकसम्बन्धी ऐन, २०४८ ले पनि १४ वर्ष मुनिका बालकालिकालाई काममा लगाउन नपाइने व्यवस्था गरेको छ साथै १४ वा सो भन्दा माथिका बालबालिकाहरुलाई काममा लगाउँदा पनि विभिन्न सुरक्षा र संरक्षणका उपायहरु अवलम्वन गर्नुपर्ने व्यवस्था पनि यस ऐनमा रहेको छ र सम्पूर्ण कामदार बालबालिकाहरुको फोटो सहितको सम्पूर्ण विवरण सम्बन्धित जिल्ला बाल कल्याण समितिमा पेश गर्नु पर्ने दायित्व पनि काममा लगाउने माथि तोकिएको छ ।

नेपाल श्रम शक्ति सर्भेक्षण १९९८/९९ ले सम्पूर्ण बालबालिकाको ४० प्रतिशत ५ देखि १४ बर्षका १९ लाख भन्दा बढी बालबालिका आर्थिक क्रियाकलापमा सक्रिय रहेको देखाएको थियो । शहरी क्षेत्रमा भन्दा दुर्गम ग्रामीण क्षेत्रमा काम गर्ने बालबालिकाको संख्या धेरै रहेको र यस्ता काममा छोरा भन्दा छोरीको सहभागिता बढी रहेको देखिएको छ । कानूनको प्रभावकारी कार्यान्वयनको अभाव, गरिवी, भूमिविहीनता, निरक्षरता, बर्षौ लामो परम्परागत सोचाई, बाल अधिकारसम्बन्धी चेतनाको अभाव, अनुगमन संयन्त्र तथा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरुको अभाव आदिले गर्दा बाल अधिकार संरक्षण र प्रवर्द्धनमा बाल श्रम समस्याको रुपमा रहेको छ । अनौपचारिक क्षेत्रमा बाल श्रमको शोषण हटाउनका लागि प्रशासनिक तथा कानूनी निकायहरुको पनि अभाव रहेको छ ।

काम र शोषणको जोखिम समेतका आधारमा बाल श्रमलाई विभाजन गर्दै काम गर्ने बालबालिकाको अधिकार संरक्षण गर्ने कार्यक्रमहरु प्राथमिकताको आधारमा सन्चालन गर्नुपर्दछ । बाल श्रम विरुद्धका अधिकांश क्रियाकलापहरु शहरमा केन्द्रित रहेका छन् । बाल श्रम रोकथाम गर्न बाल श्रमको कारण बारे विश्लेषण गर्दै ग्रामीण क्षेत्रमा कार्यक्रमहरु विस्तार गर्नुपर्दछ ।

2. द्वन्द्व प्रभावित बालबालिका

शाही नेपाली सेना भर्ना नियमावली अनुसार १८ बर्ष भन्दा मुनिका व्यक्तिले सेनामा भर्ती हुन सक्दैनन् तर शाही सेनामा केटा पदमा १५ बर्ष पुगेका सम्मलाई भर्ना लिन सक्ने व्यवस्था गरिएको छ । २०५२ साल देखि शुरु भएको माओवादी युद्धका कारण हालसम्म ३०० बालबालिका समेत झण्डै १०००० को जीवन खोसिनुका साथै अन्य धेरै घाइते भएका छन् । साथै माओवादीहरुले बालबालिका तथा युवाहरुलाई उनीहरुको युद्धमा सामेल गराएको भन्ने पनि समाचारहरु आईरहेका छन् । यससम्बन्धी विस्तृत विवरण र युद्धमा सामेल बालबालिकाको संख्या भने प्राप्त छैन । नेपालको पश्चिमान्चल र मध्यपश्चिमान्चलबाट शुरु भएको भएता पनि अहिले धेरै जिल्लाहरु प्रभावित र असुरक्षित छन् । बालबालिकाको अवस्थाका साथै देशको समग्र विकास प्रक्रिया यसबाट नराम्रोसँग प्रभावित भएको छ ।

3. यौन दुर्व्यवहार, शोषण र वेचविखन

यौन शोषण, दुर्व्यवहार र वेचविखन बाल अधिकारसँग सरोकार राख्ने प्रमूख विषयहरु हुन् जसलाई रोक्न र नियन्त्रण गर्न सरकार र नागरिक समाजसँग सम्बन्धित संस्थाहरुले ठोस प्रयास गरिरहेका छन् । यस सम्बन्धी अध्ययनले यौन शोषण तथा दुर्व्यवहार घर, विद्यालय, समुदाय, काम गर्ने स्थान साथै सार्वजनिक ठाउँमा समेत हुने गरेको देखाएको छ । अर्कातिर, बालबालिकाहरु श्रम तथा यौन शोषणका लागि ओसार पसार तथा बेचबिखन पनि हुने गरेको पाइएको ण, दुर्व्यवहार र वेचविखन बाल अधिकारसँग सरोकार राख्ने प्रमूख विषयहरु हुन् जसलाई रोक्न र नियन्त्रण गर्न सरकार र नागरिक समाजसँग सम्बन्धित संस्थाहरुले ठोस प्रयास गरिरहेका छन् । यस सम्बन्धी अध्ययनले यौन शोषण तथा दुर्व्यवहार घर, विद्यालय, समुदाय, काम गर्ने स्थान साथै सार्वजनिक ठाउँमा समेत हुने गरेको देखाएको छ । अर्कातिर, बालबालिकाहरु श्रम तथा यौन शोषणका लागि ओसार पसार तथा बेचबिखन पनि हुने गरेको पाइएको छ । औपचारिक वा व्यवसायिक क्षेत्रमा हुने यौन शोषण, दुर्व्यवहार तथा बेचविखन हटाउन सरकारले प्रयास गरिरहेको भएता पनि अनौपचारिक क्षेत्रमा भने अझै प्रयास हुन बाँकी नै छ । बालबालिकाको बेचबिखन र ओसार पसार नियन्त्रण गर्न जिल्ला स्तरमा पनि समितिहरु गठन भएका छन् । साथै गैससले पनि यस्ता कार्यहरु नियन्त्रण र रोकथाम, शोषीत र दुर्व्यवहारमा परेकाहरुको उद्धार लगायत विभिन्न केन्द्रहरुमा पुनर्स्थापित गर्ने काम पनि गरिरहेका छन् । समुदाय परिचालन, बाल क्लवका माध्यमबाट हुने आपसी परामर्श तथा आमा समूह लगायत द्धारा पनि बालबालिकाको बेचबिखन रोक्ने काम अगाडि बढिरहेको छ ।

राज्यको कानूनी व्यवस्थामा ओसारपसार को स्पष्ट परिभाषा नभएको र बेचिएका बालबालिकाको संख्या स्पष्ट गर्ने तथ्यांक पनि नभएको हुँदा यस समस्याको प्रकृति र आकार थाहा पाउन समस्या भईरहेको छ । साथै आफ्नै नातागोता यहाँसम्म की आफ्नै वावु समेतबाट पनि बलात्कृत हुनु परेका घटनाहरु पनि धेरै छन् ।

4. बालबालिकाको परिचय

श्री ५ को सरकारले वि.सं.२०३३ सालमा व्यक्तिगत घटना दर्ता गर्ने ऐन लागू  गरी घटनाहरु दर्ता गर्ने प्रकृया शुरु गरेको र २०४७ सालमा यो ऐन ७५ जिल्लामा लागू गरेको छ । जस अन्तर्गत बालबालिकाकाको जन्म दर्ता पनि पर्दछ । यद्यपि विभिन्न प्रकारका समस्याहरुले गर्दा

बालबालिकाको जन्म दर्ता हुन सकिरहेको छैन र उनीहरुसँग आफ्नो परिचय व्यक्त गर्ने आधिकारिक परिचयपत्र छैन । यसका मुख्य कारणहरुमा चेतनाको अभाव, जन्म दर्ता गर्न आवश्यक कागजातको अभाव, गरिवी, विवादास्पद कानूनी व्यवस्था, रजिष्ट्रारको कार्यालय टाढाहुनु, अभिभावक माथिको कार्यवोझ र दर्ता पछि आवश्यक उत्प्रेरणाको कमी आदि रहेका छन् ।

5. सडक बालबालिका

बढ्दो शहरीकरण र अवसर र सुविधाहरु शहरमा केन्द्रित हुने कारणले सडक बालबालिकाको संख्या प्रतिवर्ष बढ्दै गईरहेको छ । गरिवी, विग्रिएको पारिवारिक वातावरण, मौखिक तथा शारीरिक दुर्व्यवहार, परित्याग, असहिष्णुता तथा शहर हेर्ने र बस्ने चाहनाले गर्दा शहरी क्षेत्रमा नजिकका गाउँ तथा जिल्लाहरुबाट बालबालिका सडकमा आउने गरेको पाइएको छ । सडक बालबालिकाले सामना गर्नुपरेका मुख्य समस्याहरु जस्तैः भोकै बस्नु पर्ने, स्वास्थ्य र शिक्षासम्बन्धी सुविधाको अभाव, सीप विकासको अभाव, ठूला तथा पूर्व सडक बालबालिकाहरुबाट शारीरिक तथा यौन शोषण, दुर्व्यसन आदि छन् । साथै उनीहरु बढ्दै जाँदा लागू औषधिको दुर्व्यसन तथा त्यसैगरी अनैतिक, गैरकानूनी तथा असामाजिक गतिविधि तर्फ उन्मुख हुन्छन् ।

6. शरणार्थी बालबालिका

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयद्धारा प्रशासित नेपालको पूर्वी भागमा रहेको शरणार्थी शिवीरमा विगत दश वर्ष देखि नेपाली मूलका भुटानीहरु एक लाख भन्दा बढीको संख्यामा बसोबास गरिरहेका छन् । विभिन्न चरणमा शरणार्थी फिर्तासम्बन्धी वार्ता चलिरहेको बेला श्री ५ को सरकारले शरणार्थीहरुको लागि खाद्यान्न, शिक्षा, स्वास्थ्य, र अन्य सेवाहरु उपलव्ध गराईरहेको छ र श्री ५ को सरकारको यो प्रयासलाई विभिन्न गैसस तथा बाल बचाउ युके, लुथरन विश्व सेवा, अक्सफाम तथा संयुक्त राष्ट्र संघीय निकायहरु लगायतले सहयोग पुर्‍याईरहेका छन् ।

7. अपाङ्ग बालबालिका

सरकारले दृष्टिविहीनहरुका लागि राजधानीमा विशेष शिक्षा कार्यक्रमको सुरुवात गरेको छ र अहिले सवै प्रकारका अपाङ्ग बालबालिकाको लागि विशेष शिक्षाको कार्यक्रम लागू हुन गईरहेको छ यद्यपिअधिकांश बालबालिकाले त्यस किसिमका सुविधा प्राप्त गर्न सकेका छैनन् यसकारण पनि की त्यस किसिमका सुविधाहरु शहरमा केन्द्रित रहने गरेका छन् ।

श्री ५ को सरकारले अपाङ्गसँग सम्बन्धित प्राय सवै घोषणापत्रहरुको अनुमोदन गर्नुका साथै अशक्त र अपाङ्ग बालबालिकाको अधिकार र विकास संरक्षण र प्रवर्द्धन गर्न छुट्टै कानूनको तर्जुमा पनि गरेको छ । सन् १९८० को शुरु देखिनै सरकारी निकाय, विभिन्न संघसंस्थाहरु, गैसस आदिले मुख्य गरी अपाङ्गहरुका लागि शिक्षा, सीपमूलक तालिम, समुदायमा आधारित पुनर्स्थापना केन्द्र आदिका लागि र सामाजिक हिनतावोध, भेदभाव र  पारिवारिक वियोजनका विरुद्ध कार्य गर्दै आएका छन् र त्यस प्रकारका कार्यक्रमहरु गैससहरुद्धारा जिल्लास्तरसम्म सन्चालन हुनुका साथै अशक्त र अपाङ्ग बालबालिकाको अधिकार र विकासको लागि आवाजहरु उठिरहेका छन् ।

नेपालमा अपाङ्गहरुको अवस्था माथि भएको एक सर्भेक्षणले दुई प्रतिशत अपाङ्गहरु भएको देखाएको छ जवकी विभिन्न अध्ययनहरुले १ देखि १५ प्रतिशत सम्मको छुट्टाछुट्टै तथ्यांकहरु देखाएका छन् । ति अपाङ्ग बालबालिकामध्ये जम्मा १० प्रतिशत बालबालिकाको मात्र औपचारिक तथा अनौपचारिक शिक्षामा पहुँच रहेको छ ।

8. लागू औषध दुर्व्यसन

नेपालमा तन्नेरी पुस्तावीच देखिएको लागू औषध दुर्व्यसनको समस्या नयाँ नै हुन सक्दछ तर यो दिनानुदिन बढिरहेको समस्या हो । नेपालमा हाल एच.आइ.भि. ⁄ एड्सको समस्या बढिरहेको सन्दर्भमा लागू पदार्थको सुई मार्फत हुने दुर्व्यसन गम्भीर चासोको विषय भएको छ । राष्ट्रिय एड्स तथा यौन रोग केन्द्रका अनुसार काठमाण्डौमा रहेका आधा जसो लागू पदार्थका दुर्व्यसनीहरुमा एडस देखापरेको छ । गैरसरकारी संस्थाहरुले उल्लेखनीय संख्यामा उपचार र पुनर्स्थापना केन्द्र सन्चालन गरेको भएता पनि ति सेवाहरु धेरैजसो राजधानी केन्द्रित छन् । रोकथामको उपचारको रुपमा सरकारी तथा गैरसरकारी क्षेत्रले सन्चारका माध्यमहरु मार्फत चेतना जगाई रहेका छन् ।

यो कार्ययोजनाको तयारी प्रकृयामा केन्द्रीय स्तरका बैठक, विषयगत समूहहरुको बैठक, फोकस ग्रुपको बैठक, क्षेत्रीय कार्यशाला, बालबालिकासँगका बैठक, पेशागत संघ संगठनहरु, विद्यालय संगठनहरु, शिक्षक संघ, ट्रेड युनियनहरु, अभिभावक, सेवा प्रदायक विशेष गरी सडक बालबालिका, अपाङ्ग बालबालिका र एड्स पीडितहरु आदि सवै पक्षसँग राय सुझाव संकलन गरिएको थियो । अध्याय एकमा उल्लेख गरेजस्तै केन्द्रीय र क्षेत्रीय कार्यशालाहरुमा मिश्रित सहभागिता रहेको थियो । मन्त्रालय देखि जिल्ला स्तरसम्मका सरकारी कार्यालयहरुका प्रतिनिधिहरु, संयुक्त राष्ट्र संघीय विशिष्टिकृत संस्थाहरु, अन्तराष्ट्रिय गैसस, गैसस महासंघ, बालबालिकासम्बन्धी गैसस महासंघ, विभिन्न संघ संगठन तथा बालबालिका स्वयंले छलफलमा सकृयतापूर्वक भाग लिई यस कार्ययोजनामा योगदान पुर्‍याएका छन् । यि सम्पूर्ण सूचना र तथ्यांकका आधारमा गरिएको प्रगति समीक्षा र देखापरेका समस्याहरु संक्षेपमा निम्नानुसार छन् ।

**प्रगति समीक्षा**

सूचनाहरु प्राथमिक र अन्य मौजुदा सूचना स्रोतहरुबाट संकलन गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत विषयगत समूहको बैठक, विशेष समूहको बैठक तथा राष्ट्रिय तथा क्षेत्रीय कार्यशालाहरु रहेका थिए ।

**१. कानूनी सवाल**

- बालबालिकासम्बन्धी ऐन, २०४८ तथा नियमावली २०५१ लागू भएको
- मुलुकी ऐनमा एघारौँ संशोधन भएको
- कानूनमा यौन शोषण तथा श्रम शोषण विरुद्ध सजायको व्यबस्था भएको

**२= नीतिगत सवाल**

- बाल अधिकार महासन्धि अनुमोदन तथा यसका इच्छाधीन आलेखहरुमा हस्ताक्षर भएको
- सन् १९९० को दशकका लागि बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा भएको
- दशौं योजना लगायत राष्ट्रको आवधिक बिकास योजनाहरुमा बालबालिकासम्बन्धी विषय समाबेश भएको

**३. कार्यक्रम**

- आयमूलक तथा सामुदायिक विकाससम्बन्धी कार्यक्रमहरु सन्चालन भएको
- शिक्षा, स्वास्थ्य, खेलकूद, मनोरन्जन, वातावरण र आपसी मित्रताका क्षेत्रमा सुविधाहरुको वृद्धि भएको
- विद्यालय स्वास्थ्य कार्यक्रमको सुरुवात भएको
- चेलिवेटी बेचविखन र वेश्यावृत्ति विरुद्ध विभिन्न कार्यक्रमहरु सन्चालन भएको
- बाल श्रम, द्वन्द्व पीडित बालबालिका तथा सडक बालबालिकाको लागि बिशेष कार्यक्रमहरु सन्चालन भएको
- असक्षम, गरीव र दलित बालबालिकाको लागि छात्रवृत्ति प्रदान गरिएको
- सडक बालबालिकाको लागि अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरु सन्चालन भएको
- अपाङ्गको लागि परिचयपत्र वितरण भएको
- बालश्रम शोषण बाट बालबालिकाको संरक्षण
- चेलिबेटी बेचविखनबाट पीडित, सडक बालबालिका तथा जोखिमपूर्ण अवस्थाका बालबालिकाको लागि पुनर्स्थापना तथा सामाजिकीकरणमा वृद्धि
- कार्यक्रममा बाल सहभागिता वृद्धि भएको
- बाल अधिकार दिवस र बाल दिवस मनाएको
- अभिभावक शिक्षा लागू भएको
- मनो-सामाजिक परामर्श सेवा शुरु भएको
- अपाङ्ग सहयोग कार्यक्रममा वृद्धि भएको ( शिक्षा, स्वास्थ्य, तालिम, सीप विकास, सचेतना, तथा समुदायमा आधारित पुनर्स्थापना)

**४. संस्थागत विकास**

- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, केवाकस, जिवाकस आदिको स्थापना
- जिल्लामा प्यारालिगल समितिहरुको स्थापना
- नेपाल प्रहरीमा महिला तथा बालबालिका सेलको गठन
- अपाङ्ग सहयोग समिति र बाल संरक्षण समितिको गठन
- यौनशोषण तथा वेचविखन विरुद्ध जिल्लास्तरमा कार्यसमूहहरु गठन भएको
- बाल अधिकारसम्बन्धी काम गर्ने गैसस/अगैसस वृद्धि भएको
- समुदायमा आधारित बाल केन्द्रहरु सन्चालन भईरहेको
- करीव ५००० बालक्लवहरु स्थापना भई कार्यरत रहेको
- अनाथ तथा मानसिक असन्तुलन भएका बालबालिकाको लागि बाल गृहहरु स्थापना भएको
- क्षेत्रगत आधारमा गैससहरुको कार्यसमूह र उद्धार केन्द्रहरु स्थापना भएको
- बालगृहको न्युनतम मापदण्ड निर्धारण भएको

**५. सचेतना/अभिमुखीकरण**

- भेदभाव, हेला, दुर्व्यवहार, बेचबिखन, यौन शोषण, बाल श्रम, बाल विवाह, द्वन्द्व, जन्मदर्ता, एड्स र बाल अधिकार आदि विषयमा चेतनामूलक कार्यक्रमहरु सन्चालन भएको
- बालबालिका शान्तिक्षेत्र हुन् भन्ने अभियानको सन्चालन
- बाल अधिकारको विषयमा अभिभावक तथा शिक्षकको सकारात्मक धारणा अभिवृद्धि भएको
- बालिका प्रति हुने दुर्व्यवहारमा कमि आएको
- बाल अधिकार सम्बन्धी IEC सामग्री निर्माण भएको
- सन्चार क्षेत्रद्धारा बालबालिकाको विषयलाई प्राथमिकता
- प्रहरी तालिममा बाल अधिकारको विषय समावेश भएको

**६. अन्य**

- छात्रा र दलितको लागि शिक्षामा आरक्षणको व्यवस्था
- अनाथको लागि वैकल्पिक संरक्षकत्वसम्बन्धी नीति
- अपाङ्गहरु प्रति मैत्रिपूर्ण व्यवहारमा वृद्धि
- जोखिममा परेका बालबालिकाको उद्धारमा वृद्धि
- बाल अधिकार विषयमा बालबालिकाको क्षमता अभिवृद्धि

<u>देखा परेका समस्याहरु</u>

**१. कानून**

- बालबालिकाको संरक्षण, सामाजिक सुरक्षा, यौन शोषण, दुर्व्यवहारसम्बन्धी कडा कानूनको अभाव
- विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन हुन नसकेको
- सरकारी मुद्दासम्बन्धी ऐनको अनुसूची -१ मा समावेश नभएको कारण बालबालिकासम्बन्धी मुद्दाको अनुसन्धानमा कठिनाई
- घरायसी बाल श्रम लगायत अनौपचारीक क्षेत्रमा हुने बाल श्रम शोषणलाई दण्डित गर्ने कानूनी व्यवस्थाको अभाव
- बाल न्याय प्रशासन/बाल इजलाश प्रभावकारी नभएको
- अनाथ र परित्यक्त बालबालिकाको नागरिकता प्रमाणपत्र प्राप्तीमा कठिनाई
- बालबालिकासम्बन्धी संस्था दर्ता गर्ने कानूनी व्यवस्थामा जटिलता

**२. नीतिगत सवाल**

- अनाथगृह र यसको मापदण्ड सम्बन्धी अस्पष्ट नीति
- अनौपचारिक क्षेत्रको बाल श्रमसम्बन्धी विशेष नीतिको अभाव
- धर्मपुत्र धर्मपुत्रीसम्बन्धी स्पष्ट नीति र अनुगमनको कमी
- बाल संरक्षणसम्बन्धी विशेष नीतिको अभाव
- बालक्लव दर्तासम्बन्धी स्पष्ट नीतिको अभाव
- सामाजिक सुरक्षा व्यबस्थाको कमी

**३. कार्यक्रम**

- कार्यक्रममा दोहोरोपन तथा समन्वयमा कमी
- बाल श्रमिक तथा सवै प्रकारका अशक्तहरुको लागि शिक्षा लगायतका आधारभूत सुविधाहरुको कमी
- द्वन्द्वबाट पीडित र कठीन परिस्थितिमा रहेका बालबालिकाको लागि पुनर्स्थापनासम्बन्धी व्यबस्थामा कमी
- गरिव, दलित तथा छात्राहरुलाई छात्रवृत्तिमा अपर्याप्तता
- कठिन परिस्थितिमा रहेका बालबालिकाको शिक्षा र स्वास्थ्यमा पहुँच नहुनु
- द्वन्द्वपिडीत बालबालिकाको तथ्यांक नहुनु

**४. संस्थागत सवाल**

- काम गर्ने स्थानमा बाल स्याहार केन्द्रको कमी
- बाल सुधार गृहको अभाव
- द्वन्द्व, एच.आई.भी. र वेचविखनबाट पीडित बालबालिकाको पुनर्स्थापना अपर्याप्त
- बालगृहहरुको न्युनतम मापदण्ड निर्धारण हुन नसक्नु
- अनुगमन तथा मूल्यांकनसम्बन्धी व्यवस्थाको कमी
- बालबालिका र उनीहरुले प्राप्त गरेका सुविधाहरुसम्बन्धी खण्डिकृत तथ्यांकको अभाव
- सरकारी र गैर सरकारी क्षेत्रवीच अपर्याप्त समन्वय

**५. भेदभाव**

- जातीय तथा लैङ्गिक भेदभाव विद्यमान
- बेश्यावृत्तिमा लागेका महिलाहरुका बालबच्चा प्रति सामाजिक भेदभाव
- छोरीहरु साधनमात्र हुन् भन्ने स्वघोषित मान्यता
- शिक्षित भनाउँदाहरुबाट समेत दलित उपर भेदभाव

**६. सचेतना/अभिमुखीकरण**

- स्कुल भित्र तथा बाहिर बालिकाहरु माथि दुर्व्यवहार
- बालविवाह, यौन शोषण, दुर्व्यवहार आदि विरुद्ध चेतनामूलक कार्यक्रमको कमी
- परिवार र समुदाय तथा नीति निर्माण तहमा लैङ्गिक सचेतनाको अभाव
- घटना दर्ताको महत्व र प्रकृयाबारे जानकारीको अभाव
- दाइजो प्रथाको विद्यमानता

**७. आर्थिक सहयोग**

- गैसस /अगैससको बजेटको वास्तविक उपयोग र पारदर्शिताको अभाव
- के.वा.क.स र जि.वा.क.स.मा स्रोतको कमी
- कठिन परिस्थितिका बालबालिकाकालागि स्रोतको कमी

- आपतकालीन सहातयाको लागि स्थायी बाल कोषको अभाव

## ८. अन्य

- केही अशिक्षित र अनुत्तरदायी अभिभावकहरु
- रोजगारदाताद्धारा बाल श्रमिकहरुलाई कठोर यातना
- विद्यालयमा शारीरिक सजाय
- बालबालिकाको अपहरण
- द्वन्द्व र यौनशोषणका कारण विद्यालय छोड्नु पर्ने बाध्यता
- गरिवी, वेरोजगारी, अशिक्षाको विद्यमानता
- मद्यपान तथा लागूपदार्थ कुलतमा वृद्धि
- बालबालिकाको सामाजिक सुरक्षामा कमी

**कार्ययोजना (संरक्षण)**

**समन्वय गर्ने निकाय**–महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति र जिवाकसहरु

समग्र उदेश्यहरु:

- सवै प्रकारका भेदभाव, शोषण र दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने
- विशेष गरी अपाङ्ग बालबालिका, द्वन्द्व पीडित बालबालिका, सडक बालबालिका, बाल श्रमिक तथा अन्य कठिन परिस्थितिमा रहेका बालबालिकालाई जोड दिँदै बाल अधिकार सुनिश्चित गर्ने

**रणनीति**-कानून सुधार, मानवीय संशाधन तथा संस्थागत क्षमता विकास, विकेन्द्रीकरण र संयुक्त प्रयासमा अभिवृद्धि ।

| उदेश्य | कार्यकम | कार्यान्वयन गर्ने निकाय | समयावधि | विकास सूचक | पुष्ट्याईका आधारहरु | जोखीम |
|---|---|---|---|---|---|---|
| १. बाल अधिकार सुनिश्चित गर्न कानूनको पुनरावलोकन, संशोधन तथा निर्माण गर्ने | • विद्यमान कानूनको पुनरावलोकन तथा संशोधन र आवश्यकता अनुसार नयाँ कानूनहरु निर्माण गर्ने<br>• यौन शोषण तथा दुर्व्यवहार गर्नेलाइ कडा कानूनी सजाय गर्ने<br>• बालबालिका सम्बन्धी ऐन , २०४८ लाई बाल अधिकार महासन्धि तथा यसका इच्छाधीन आलेखहरु अनुकुल संशोधन गर्ने<br>• पीडितलाई क्षतिपूर्ति सम्बन्धी कानूनी व्यबस्था गर्ने<br>• बालबालिकाको उमेर सम्बन्धी कानूनी व्यवस्थाको पुनरावलोकन गरी संशोधन गर्ने<br>• विभेदपूर्ण र परस्पर बाझिएका कानूनहरु सुधार गर्न जोड दिने<br>• बालबालिका सम्बन्धी संस्था दर्ता गर्ने प्रकृया तोक्ने | संसद, कान्यासंव्यम मबासकम, केवाकस | दुई वर्ष | बाल अधिकार सुनिश्चित गर्ने कानूनी व्यवस्थाहरु | संशोधित कानूनहरु | निष्कृय सरोकारवाला हरु |
| २. बाल अधिकार सुनिश्चित गर्न आवश्यक नीति बनाउने र लागू गर्ने | • विद्यमान नीतिहरुको पुनरावलोकन गरी आवश्यक नीतिहरु तर्जुमा गर्ने<br>• बालबालिकासँग सम्बन्धित समितिहरुमा बालबालिकालाई अनिवार्य रुपमा समावेश गर्ने नीति निर्माण गर्ने<br>• मन्त्रालयको लागि कार्यका शर्तहरु (TOR) तोकी केन्द्रीय र जिल्लास्तरमा निर्देशन दिने<br>• सम्पूर्ण जिल्ला प्रहरी कार्यालयहरुमा बालबालिका सेल निर्माण गर्ने<br>• बाल अधिकार हननका घटनाहरु र कार्ययोजनाको कार्यान्वयन, रिपोर्टिङ्ग र अनुगमन गर्न स्थानीय देखि केन्द्रीय स्तरसम्मको सञ्जाल निर्माण गर्ने<br>• जिल्ला देखि केन्द्रीय स्तरको बाल कल्याण कोषको व्यबस्था गर्ने | संसद, गृह मन्त्रालय मबासकम, केवाकस जिवाकस | तीन वर्ष | बाल अधिकार सुनिश्चित गर्ने पूरक नीतिहरु<br><br>सम्बन्धित निकायका लागि तोकिएका | निर्मित नीतिहरु | निष्कृय सरोकारवाला हरु<br>सरकारी संयन्त्रको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यका शर्तहरु<br><br>सञ्जाल विकास | | |
| ३. प्रत्येक बालबालिकालाई सामाजिक भेदभाव लगायत सवै किसिमका शोषण, हेला, हिँसा र दुर्व्यवहारबाट संरक्षण गर्ने | • कानूनमा सुधार ( माथि कानूनको बुँदामा उल्लेख भएको)<br>परिवार देखि राष्ट्रिय स्तरसम्म शोषण, दुर्व्यवहार, हिँसा, बालविवाह विरुद्ध चेतनामूलक कार्यक्रम सन्चालन गर्ने<br>• धारणा र चालचलनमा सकारात्मक सुधार ल्याउने प्रकारका कार्यक्रमहरु सन्चालन गर्ने<br>• अनाथ गृह, सुधार गृह आदि वृद्धि गरी नियमित गर्ने<br>• अभिभावकहरुको लागि आयमुलक कार्यक्रमहरु सन्चालन गर्ने (विशेष गरी दलित, गरिव र सुविधाविहीन वर्गका लागि)<br>• विद्यालय, समुदाय र काम गर्ने ठाउँमा बाल अधिकारको अनुगमन गर्ने अधिकार जिल्ला बाल कल्याण समितिलाई प्रदान गरी सशक्तीकरण गर्ने<br>• गा.वि.स. र जि.वि.स. का लागि सुचना व्यवस्थापन प्रणालीको विकास गर्ने<br>• निगरानी समूहहरु विकास गरी सुदृढ पार्ने<br>• बाल गृहको लागि न्युनतम मापदण्ड निर्धारण गर्ने<br>• बाल गृहहरुलाई निर्धारित मापदण्ड अनुसार बिकसित गरी सन्चालन गर्ने<br>• बाल गृहहरुको अनुगमन र मूल्यांकन गर्ने<br>• भेदभाव विरुद्धका विषयहरुलाई औपचारिक तथा अनौपचारिक शिक्षा, विद्यालयको पाठ्यक्रम र शिक्षक तालिममा समावेश गर्ने | गृह मन्त्रालय<br>स्थाविम<br>मबासकम<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br>स्थानीय निकाय/नेपाल प्रहरी | लगातार | शोषण, हेला, दुर्व्यवहार र सामाजिक भेदभाव घटेको अवस्था<br><br>नियमित बाल गृहहरु<br><br>सरोकारवाला हरुको सुधारिएको क्षमता | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |
| ४.बाल श्रम घटाउने र घरायसी बाल श्रम लगायत निकृष्ट प्रकारका श्रमको उन्मूलन गर्ने | • कानूनमा सुधार (माथि कानूनको बुँदामा उल्लेख भएको)<br>• काम गर्ने बालबालिकाको लागि समुदायमा आधारित अनौपचारिक शिक्षा केन्द्र लगायत शिक्षा र सीप विकास सम्बन्धी बिशेष कार्यक्रमहरु सन्चालन गर्ने<br>• बालश्रम का विरुद्धमा परिवार देखि राष्ट्रिय स्तरसम्म चेतनामूलक कार्यक्रमहरु सन्चालन गर्ने<br>• परियोजना निर्माणको सिलसिलामा ठेकेदार पक्षबाट हुने कार्यहरुमा बालश्रमको | गृह मन्त्रालय<br>स्थाविम<br>मबासकम<br>श्रम तथा यातायात व्यवस्था | कार्ययोजना लागू भएको पहिलो वर्ष देखि लगातार | निकृष्ट प्रकारको बाल श्रम उन्मुलन र बाल श्रममा कमी | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्थिति निगरानी गर्ने<br>• ठुला आयोजनाहरुमा विस्थापित हुने परिवारका बालबालिकालाई उपयुक्त शिक्षा र रोजगारीको व्यवस्था मिलाउने<br>• खतराजन्य कामका कारणबाट जोखिममा परेका बालबालिकाको पुनर्स्थापना गर्ने<br>• जोखिमपूर्ण परिस्थितिमा रहेका असुरक्षित परिवारहरुको लागि अभिभावक शिक्षा र आर्थिक सशक्तीकरण कार्यक्रम सन्चालन गर्ने<br>• १४-१६ बर्षका केटाकेटीहरुको लागि काम गर्ने समय र उचित ज्यालाको व्यबस्था गर्ने<br>• पेशागत स्वास्थ्य सुरक्षा वातावरण (OHSE) नीति लागू गर्ने<br>• बाल क्लवहरुलाई सक्रिय बनाउने र सहयोग गर्ने<br>• बाल श्रमको समस्यालाई सम्वोधन गर्न बाल क्लवहरुलाई परिचालन गर्ने<br>• स्थानीय निकायमा बाल श्रमिकहरु दर्ता गर्ने कार्यक्रम लागू गर्ने<br>• स्थानीय स्तर देखि राष्ट्रिय स्तर सम्म कार्यक्रम अनुगमनको लागि कार्यसन्जाल र दवाव समूहहरु गठन गर्ने<br>(बाल श्रमसम्बन्धी कार्ययोजनासँग सम्बन्धित र त्यसतर्फ इङ्गित) | मन्त्रालय<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br>स्थानीय निकाय/नेपाल प्रहरी | | | | सरोकारवाला |
| ५. बालबालिकालाई द्वन्द्व बाट मुक्त गर्ने /द्वन्द्वमा परेका बालबालिकाको अधिकार सुनिश्चित गर्ने | • विद्यालय र बालबालिकालाई शान्ति क्षेत्र घोषणा गर्ने<br>• द्वन्द्वबाट प्रत्यक्ष प्रभावित बालबालिकाको लागि आवासीय विद्यालयको व्यबस्था गर्ने<br>• पुनर्स्थापना र मनो-सामाजिक परामर्श सम्बन्धी कार्यक्रमहरु प्रदान गर्ने<br>• अभिभावकको लागि आयमूलक कार्यक्रमहरु सन्चालन गर्ने<br>• द्वन्द्व प्रभावित बालबालिकालाई स्वास्थ्य र शिक्षा सेवा प्रदान गर्ने<br>• द्वन्द्व प्रभावित बालबालिकासँग कार्य गर्न स्थानीय स्तरमा विशेष सेल गठन गर्ने<br>• जिल्ला र स्थानीय स्तरमा द्वन्द्व संरक्षण समितिहरु गठन र विस्तार गर्ने | गृह मन्त्रालय<br>मबासकम<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br>स्थानीय निकाय/नेपाल प्रहरी | लगातार | द्वन्द्व पीडित बालबालिका को संख्या<br><br>उनीहरुलाई प्रदान गरिएको सुविधाहरु | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |
| ६. धर्मपुत्र/धर्मपुत्री बालबालिकाको अधिकार संरक्षण गर्ने | • नियमित र पारदर्शी संयन्त्रको विकास गर्ने<br>• धर्मपुत्र र धर्मपुत्री बालबालिकाको नियमित अनुगमन गर्ने | मबासकम<br>दातृसंस्थाहरु<br>प्रहरी विभाग<br>गैसस/सआसं | पहिलो वर्ष देखि | पारदर्शी संयन्त्रको विकास<br>धर्मपुत्र/पुत्री | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्थानीय निकाय/नेपाल प्रहरी | | को स्थिति | माध्यम सर्भेक्षण | पहुँच नपुग्नु निष्कृय सरोकारवाला |
| ७. चेलिवेटी बेचबिखन/ओसार पसार, यौन शोषण र दुर्व्यबहारबाट बालबालिकाको संरक्षण गर्ने | • कानूनमा सुधार (माथि कानूनको बुँदामा)<br>• कानूनी साक्षरता र चेतनामुलक कार्यक्रमहरु सघन रुपमा सन्चालन गर्ने<br>• दोषीबाट क्षतिपूति दिलाउने व्यवस्था गर्ने<br>• सीमामा कडा सुरक्षा जाँच प्रणाली अवलम्वन गर्ने<br>• जोखिमपूर्ण परिस्थितिमा परेका असुरक्षित समूहको लागि आयमुलक कार्यक्रम सन्चालन गर्ने<br>• कार्यक्रमहरु कार्यान्वयन र अनुगमन गर्न स्थानीय तह देखि राष्ट्रिय तहसम्म सन्जाल विकास गर्ने<br>• बाल क्लवहरुलाई सक्रिय बनाउने<br>• विद्यालय तथा अनौपचारिक शिक्षामा यौन शोषण दुर्व्यवहार सम्बन्धी विषयवस्तु समावेश गर्ने<br>• बेचिएकाहरुको उद्धार गर्ने र पुनर्स्थापना केन्द्रमा सीप बिकास कार्यक्रमहरु सन्चालन गर्ने<br>• विद्यालयमा चेलिवेटी वेचविखनबारे सतर्कताका लागि पाठ्यबस्तु समावेश गर्ने<br>• सामाजिक पुनर्एकीकरण कार्यक्रम सुदृढ बनाउने | गृह मन्त्रालय<br>स्थाविम<br>मबासकम<br>शिक्षा तथा खेलकुद मन्त्रालय<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br>स्थानीय निकाय/नेपाल प्रहरी | पहिलो वर्ष देखि लगातार<br><br>एक वर्षभित्र | घट्दै गएको यौन दुर्व्यवहार, शोषण र बेचविखन | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |
| आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला | • अपाङ्ग बालबालिकाको परिचयपत्र वितरण निरन्तर गर्ने<br>• शिक्षामा भौतिक पुर्वाधारको विकास गर्ने<br>• समुदायमा आधारित पुनर्स्थापनासम्बन्धी एकीकृत कार्यक्रम लागू गर्ने<br>• समुदायमा आधारित पुनर्स्थापना केन्द्रका कर्मचारीहरुलाई अपाङ्ग स्याहार सम्बन्धी आधारभुत तालिम दिने<br>• प्रत्येक जिल्लामा कम्तीमा एक अपाङ्ग पुनर्स्थापना केन्द्र स्थापना गर्ने<br>• प्रत्येक जिल्लामा अपाङ्ग बालबालिकाहरुको समस्या पहिचान र सहयोग पद्दतिको विकास गर्न लेखाजोखा तथा सहयोग केन्द्र सन्चालन गर्ने<br>• प्राथमिक स्वास्थ्य सुरक्षा व्यवस्था अन्तर्गत स्थानीय स्तरमा पुनर्स्थापना सुविधाहरु प्रदान गर्ने | गृह मन्त्रालय<br>स्थाविम<br>मबासकम<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br><br>जिल्ला लेखाजोखा केन्द्र<br>शिक्षा तथा | पहिलो वर्ष देखि<br><br>दुईवर्षभित्र | स्वास्थ्य, शिक्षा, तालिम तथा पुनर्स्थापनामा अपाङ्ग बालबालिकाको पहुँच<br><br>परिवर्तित व्यवहारहरु | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम सर्भेक्षण | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • परिवार र समुदाय भित्र अपाङ्ग प्रतिको नकारात्मक धारणा परिवर्तन गर्न सहयोग सहितको चेतनामुलक कार्यक्रम सन्चालन गर्ने<br>• दृष्टिविहीनहरुको ब्रेल कन्ट्रयाक्शन र बहिराहरुको लागि सांकेतिक भाषाको विकास गर्नेअन्धा-बहिरा(संयुक्त) को लागि आवश्यक सञ्चार माध्यम र सहयोग पद्दतिको विकास गर्ने<br>• पाठ्यक्रम एवं पाठ्यपुस्तकलाई अपाङ्गता अनुकुल समायोजन गर्ने<br>• अपाङ्गता अनुकुल हुने गरी परीक्षा प्रणालीमा सुधार गर्ने<br>• गम्भीर अवस्थाका अपाङ्गलाई प्राथमिकता दिँदै निशुल्क स्वास्थ्यसेवा प्रदान गर्ने<br>• IEC सामग्रीहरु वितरण गर्ने | खेलकूद मन्त्रालय | | सार्वजनिक सुविधाहरुमा निर्देशित दृष्टिकोण | | |
| ९. जेलभित्र रहेका आश्रित बालबालिकाहरुको अधिकार संरक्षण गर्ने | • आधारभुत शिक्षा र स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्दै पुनर्स्थापना कार्यक्रम सन्चालन गर्ने<br>• बैकल्पिक परिवार व्यबस्थाको विकास गर्ने<br>• मनोसामाजिक परामर्शको व्यबस्था गर्ने<br>• मानवीय संशाधनको विकास गर्ने | गृह मन्त्रालय<br>स्थाविम<br>मबासकम<br>केवाकस<br>दातृसंस्थाहरु<br>गैसस/सआसं<br>नेपाल प्रहरी<br>जेल प्रशासन | लगातार | बालबालिका को पुनर्स्थापना | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्क्रृय सरोकारवाला |
| १०. बालबालिकालाई सामाजिक सुरक्षा प्रदान गर्ने | <u>जन्मदर्ता</u><br>• <u>बालबालिकाको जन्मदर्तासम्बन्धी राष्ट्रिय नीति अनुसार कार्यक्रम सन्चालन गर्ने</u><br><br><u>स्वास्थ्य</u><br>• जन्मनु पूर्व र जन्मे पछिको उपचारको व्यबस्था गर्ने<br>• नियमित खोप कार्यक्रम सन्चालन गर्ने<br>• स्वास्थ्य विमा विस्तार कार्यक्रम लागू गर्ने<br><br>• अपाङ्ग बालबालिकाको लागि स्वास्थ्य, पुनर्स्थापना र शिक्षा विमाको कार्यक्रम लागू गर्ने | गृह मन्त्रालय<br>स्थाविम<br>स्वास्थ्य मन्त्रालय<br>मबासकम<br>शिक्षा तगा खेलकूद मन्त्रालय, शिक्षा विभाग,<br>स्वासेवि<br>दातृसंस्थाहरु | लगातार | शिशु मृत्युदर, बाल मृत्युदर<br>जन्मदर्ताको लक्ष्य हासिल<br>विशेष गरी कठीन परिस्थितिमा रहेका बालबालिका र अन्य बालबालिका | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्क्रृय सरोकारवाला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • मानसिक स्वास्थ्य सेवा र मनो-सामाजिक परामर्श सेवा प्रदान गर्ने<br>• बालबालिकाको स्वास्थ्य बिकास सम्बन्धी अभिभावक शिक्षा लगायत स्वास्थ्यसम्बन्धी चेतना कार्यक्रम सन्चालन गर्ने<br>पोषण<br>• सुरक्षित मातृत्वसम्बन्धी देशव्यापी कार्यक्रम सन्चालन गर्ने<br>• चेतनामूलक कार्यक्रम सन्चालन गर्ने<br>• भिटामीन ए तथा पोषण सम्बन्धी देशव्यापी कार्यक्रम सन्चालन गर्ने<br>शिक्षा<br>• अपाङ्गहरुको लागि शिक्षासम्बन्धी बिशेष कार्यक्रम लागू गर्ने<br>• शिक्षकको लागि सांकेतिक भाषा ब्रेल लिपी, व्यवहारिक ज्ञान र अन्य अपाङ्गतासमबन्धी  तालिम सन्चालन गर्ने<br>• असक्षम एवं अपाङ्ग बालबालिकाको लागि कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदान गर्ने<br>• अपाङ्ग बालबालिकाको लागि तालिम/सीप बिकाससम्बन्धी व्यवसायिक तालिम, अनौपचारिक शिक्षा प्रदान गर्ने<br>खेलकूद विकास<br>• सामान्य शिक्षाभित्र खेलकूद र मनोरन्जनसम्वन्धी एकीकृत कार्यक्रम लागू गर्ने | गैसस/सआसं<br>स्थानीय निकाय/नेपाल प्रहरी | | को लागि प्रवर्द्धित सामाजिक सुरक्षा | | |
| ११. बालबालिकासम्बन्धी न्यायप्रशासनलाई बाल मैत्री रुपमा सुनिश्चित गर्ने | • हरेक जिल्लामा यथाशिघ्र बाल अदालत गठन गर्ने<br>• न्याय प्रशासनमा सुधार गर्ने<br>• द्वन्द्वमा रहेका बालबालिकासँग सम्बन्धित संस्थाहरुलाई कानूनद्धारा नै सदृढ बनाउने<br>• बाल अपराधीहरुलाई परामर्श सेवा प्रदान गर्ने<br>• साथी शिक्षा कार्यक्रम लागू गर्ने<br>• थुनामा रहेको बालबालिकाको लागि सीप विकास कार्यक्रम र आवश्यक रकमको व्यवस्था गर्ने<br>• आवश्यक समूहको लागि पुनर्स्थापना केन्द्र/सुधार गृह/सामाजिकीकरण केन्द्र र | गृह मन्त्रालय<br>मबासकम<br>दातृसंस्थाहरु<br>गैसस/समुदायमा आधारित संस्थाहरु<br>नेपाल प्रहरी | लगातार | शोषीत बालबालिकाको लागि सुधारीएको न्याय प्रशासन | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सामुदायिक तथा पारिवारिक पुनर्मिलन कार्यक्रम सन्चालन गर्ने<br>• थुना वा हिरासतबाट सामाजिकीकरण प्रकृया शुरु गर्ने<br>• सेवा प्रदायक तथा बालबालिकाको लागि अनुशिक्षण कार्यक्रम सन्चालन गर्ने<br>• १६ वर्ष मुनिका बालबालिकाहरुलाई कानूनी अनुसन्धान वा सजाय गर्दा अनिवार्य रुपमा सुधारगृहमा राख्नु पर्ने | | | | | |
| १२. सडक बालबालिकाको अधिकार संरक्षण गर्ने/संख्या घटाउने/वृद्धि रोकथाम गर्ने | • सडक बालबालिका र बढी उमेरका सडक बालबालिकाको लागि अलगै पुनर्स्थापना केन्द्र र सुधारगृहहरुको व्यबस्था गर्ने<br>• बालबालिकाको उमेर र रुचि अनुसारको सीप विकास तालिमहरु प्रदान गर्ने<br>• उचित परामर्श सहितको पारिवारिक पुनर्मिलनको व्यबस्था गर्ने<br>• अभिभावक, समुदाय र स्थानीय निकायहरुलाई जागृत वनाउने<br>• प्रस्थान विन्दुहरुमा कडा सुरक्षा जाँचको व्यबस्था गर्ने (बस,ट्रक आदि)<br>• सडक बालबालिकाको लागि परिचयपत्रको व्यवस्था गर्ने<br>• जिवाकस/गैसस तथा प्रहरीद्धारा हेल्पलाईन र संरक्षण कार्यक्रमहरु संयुक्त रुपमा सन्चालन गर्ने<br>• मजवुत अनुगमन प्रणाली विकास गर्ने | गृह मन्त्रालय<br>स्थानीय विकास मन्त्रालय, मबासकम<br>दातृसंस्थाहरु<br>गैसस/समुदायमा आधारित संस्थाहरु<br>स्थानीय निकाय | तुरुन्तै | सडक बालबालिको संख्या र उनीहरुलाई प्रदान गरिएको सुविधाहरु | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |
| १३. सूचना व्यवस्थापन प्रणाली विकसित गर्ने | • गा.वि.स. तथा बाल कल्याण समितिद्धारा बालबालिका सम्बन्धी तथ्यांक संकलन गर्ने र रेकर्ड अद्यावधिक गर्ने<br>• अपाङ्ग बालबालिकाको तथ्यांक अद्यावधिक गर्ने<br>• द्वन्द्व पिडीत बालबालिकाको तथ्यांक अद्यावधिक गर्न आधारभुत सर्भेक्षण गर्ने<br>• हरेक विद्यालयले प्रत्येक वर्ष नयाँ भर्ना हुने विद्यार्थीको विवरण -नाम,उमेर, लिङ्ग र ठेगाना) तथा पारिवारिक विवरण जि.शि.का., गाविस, नपा वा वडा कार्यालयमा पठाउने | केवाकस, जिवाकस,<br>केन्द्रीय तथ्यांक विभाग<br><br>विद्यालय | दुईवर्षभित्र<br><br>निरन्तर | विकसित सूचना प्रणाली<br><br>खण्डीकृत तथ्यांकको उपलव्धता<br><br>अद्यावधिक अभिलेख | अध्ययन, प्रगति प्रतिवेदन<br>सन्चार माध्यम<br>सर्भेक्षण | आर्थिक स्रोतको अभाव<br>दुर्गम क्षेत्रमा पहुँच नपुग्नु<br>निष्कृय सरोकारवाला |

४. एच.आई.भी. ⁄एड्स विरुद्धको अभियान

यद्यपि नेपालमा एड्सको व्यापकता तुलनात्मक रुपमा अझैपनि कम नै छ तथापि सामान्य समुदायमा पनि प्रभाव पुग्न सक्ने चुनौतिका साथ यसको प्रभाव उच्च जोखिमयुक्त समूहमा बढिरहेको छ । एड्सको महामारीको व्यापकता अनुमान गरेभन्दा कम रहेको र एक ठाउँ बाट अर्को ठाउँ सरी रहने समुदाय नै एड्सबाट संक्रमित हुने असुरक्षित समूहको रुपमा देखा परिरहेको एक अध्ययनले देखाएको छ । बितेका वर्षहरुमा एड्सको प्रभाव द्रुत गतिमा बढिरहेको छ र त्यो वृद्धि विशेष गरेर यौनकर्मी र दुर्व्यसनीकाबीचमा ज्यादा रहेको छ । अन्य ज्यादा जोखिमपूर्ण समूहमा प्रवासी कामदार, यातायात कामदार र तिनीहरुका परिवार र बेचिएका बालबालिका छन् । क्रमैसँग बालबालिका पनि एड्सबाट संक्रमित र प्रभावित भईरहेका छन् । एड्स विरुद्ध चेतना अभियान पनि आफ्नो ठाउँमा सन्चालन भईरहेको छ तथापि एड्सको महामारीको रोकथाम र नियन्त्रण ठुलै चुनौतिको रुपमा रहेको छ ।

यो कार्ययोजनाको तयारी प्रकृयामा केन्द्रीय स्तरका बैठक, विषयगत समूहहरुको बैठक, फोकस ग्रुपको बैठक, क्षेत्रीय कार्यशाला, बालबालिकासँगका बैठक, पेशागत संघ संगठनहरु, विद्यालय संगठनहरु, शिक्षक संघ, ट्रेड युनियनहरु, अभिभावक, सेवा प्रदायक विशेष गरी सडक बालबालिका, अपाङ्ग बालबालिका र एड्स पीडितहरु आदि सवै पक्षसँग राय सुझाव संकलन गरिएको थियो । अध्याय एकमा उल्लेख गरेजस्तै केन्द्रीय र क्षेत्रीय कार्यशालाहरुमा मिश्रित सहभागिता रहेको थियो । मन्त्रालय देखि जिल्ला स्तरसम्मका सरकारी कार्यालयहरुका प्रतिनिधिहरु, संयुक्त राष्ट्र संघीय विशिष्टिकृत संस्थाहरु, अन्तराष्ट्रिय गैसस, गैसस महासंघ, बालबालिकासम्बन्धी गैसस महासंघ, विभिन्न संघ संगठन तथा बालबालिका स्वयंले छलफलमा सक्रियतापूर्वक भाग लिई यस कार्ययोजनामा योगदान पुर्‍याएका छन् । यि सम्पूर्ण सूचना र तथ्यांकका आधारमा गरिएको प्रगति समीक्षा र देखापरेका समस्याहरु संक्षेपमा निम्नानुसार छन् ।

**प्रगति समीक्षा**

सूचनाहरु प्राथमिक र अन्य मौजुदा सूचना स्रोतहरुबाट संकलन गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत विषयगत समूहको बैठक, विशेष समूहको बैठक तथा राष्ट्रिय तथा क्षेत्रीय कार्यशालाहरु रहेका थिए ।

(१) **नीतिः**

- HIV/AIDS लाई प्रमुख समस्याको रुपमा लिई यसको विरुद्ध लड्ने नीतिको विकास भएको
- HIV/AIDS नियन्त्रणको लागि श्री ५ को सरकारबाट विभिन्न सेवाहरु उपलब्ध गरिएको ।

(२) **कार्यक्रमः**

- प्रजनन् स्वस्थ्य सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा भएको
- यौन शिक्षा तथा प्रजनन् स्वास्थ्य शिक्षासम्बन्धी कार्यक्रममा बृद्धि
- वयस्क, छात्रछात्रा तथा शिक्षकहरुमा आवश्यकतामा आधारित सचेतता कार्यक्रम संचालन गरिएको
- सबै प्रकारका संचार माध्यम मार्फत सबै प्रकारका शोषण विरुद्ध सचेतता कार्यक्रम संचालन गरिएको
- लक्षित समूह सम्म IEC साधनहरु उपलब्ध भएको तथा AIDS नियन्त्रण सधनहरुको प्रयोगमा बृद्धि
- यौन शोषणको लागि बाल बालिका बेचविखन तथा ओसारपसार विरुद्ध कार्यक्रमहरु संचालन गरिएको
- Care and support कार्यक्रम संचालन गरिएको
- नशालु पदार्थ दुर्व्यसन नियन्त्रण कार्यक्रम संचालन गरिएको
- HIV/AIDS पीडितहरुको लागि रगत परिक्षणको सुविधा उपलब्ध गरिएको
- HIV/AIDS पीडित बालबालिकाहरुको लागि उपचार तथा पूर्नस्थापना को व्यवस्थाको विकास र विस्तार भएको

(३) **संस्थागतः**

- राष्ट्रिय AIDS तथा STD नियन्त्रण केन्द्रको स्थापना भएको
- HIV/AIDS पीडितहरुका लागि केही परामर्श तथा पूनर्स्थापना केन्द्रको स्थापना भएको
- AIDS सम्बन्धी राष्ट्रिय तथा जिल्ला स्तरीय समन्वय समितिहरु गठन गरिएको
- बालबालिका बेचविखन तथा ओसारपसार नियन्त्रणको लागि जिल्ला स्तरीय कार्यसमिति स्थापना गरिएको
- प्रौढ क्लब तथा किशोर किशोरी सूचना केन्द्रको स्थापना
- युवा सूचना प्रणालीको विकास
- घरेलु कामदार बालबालिकाको लागि HIV/AIDS शिक्षा उपलब्ध गराईएको
- AIDS पीडित परिवारहरुको लागि आयमूलक कार्यक्रम संचालन गरिएको
- केही जिल्लाहरुमा AIDS पीडित बालबालिकाको लागि छात्राबृत्ती प्रदान गरिएको
- जनसंख्या तथा वातावरण मन्त्रालयमा सूचना, शिक्षा तथा संचार शाखाको स्थापना

(४) **सचेतता, तालिम तथा परामर्श**

- AIDS पीडित तथा प्रभावित व्यक्ति तथा बालबालिकाहरु प्रति गरिने व्यवहारमा सकारात्मक परिवर्तन भएको
- स्वतन्त्ररुपमा AIDS पीडितहरु एक आपसमा खुलेर बिचार आदान प्रदान गर्न थालेको
- AIDS पीडितहरु समेत सहभागी भै राष्ट्रिय स्तरको सचेतता कार्यक्रममा सकृय भई भाग लिएको
- राष्ट्रिय AIDS दिवस तथा अन्तराष्टिय लागू औषध दुर्व्यसन नियन्त्रण दिवस मनाएको
- AIDS पीडित आमाबाट जन्मने बच्चामा संक्रमणहुनबाट बचाउन औषधिको वितरण शुरु भएको
- आधाररेखा सर्भेक्षणहरु संचालन गरिएको

(५) **अन्य**

- यौनजन्य सरुवा रोगहरुमा नियन्त्रण भएको
- विद्यालयहरुमा AIDS सम्बन्धी विषयहरु समावेश गरिएको
- निःशुल्क कन्डोम वितरण गरिएको
- Disposable syringe प्रयोग गरिएको
- AIDS नियन्त्रणको लागि अन्तराष्ट्रिय सहयोगमा बृद्धि
- HIV/AIDS का सवालहरुमा राष्ट्रिय, स्थानीय तथा NGOs को सहकार्यमा अभिबृद्धि भएको

**समस्याहरु**

(१) **कानूनी**

- वेश्यालय र व्यवसायिक यौनजन्य क्रियाकलाप नियन्त्रण गर्ने छुट्टै कानूनी व्यवस्थाको अभाव

(२) **कार्यक्रम**

- बालिकाहरुको ओसार पसार, शोषण तथा बेचविखनका समस्याहरु अझै चुनौतिको रुपमा रहेको
- लागूपदार्थ ओसारपसारमा बालबालिकाहरुको प्रयोग गरिएको
- साधारण व्यक्तिहरुका लागि रगत परिक्षण, परामर्श तथा प्राथमिक उपचार सर्वसुलभ नभएको
- बेरोजगारिको बढ्दो समस्या यथावत् रहेको
- HIV/AIDS सम्बन्धी साथी शिक्षा र किशोर किशोरीमुखी कार्यक्रमहरुको अभाव
- उपचार, परामर्श तथा VCT सुविधाको कमी
- यूवा-मैत्री स्वास्थ्य सेवाको अभाव
- मूख्य सरोकारवाला संस्थाहरुसँग समन्वयको अभाव
- IEC साधनहरुमा दुर्गम क्षेत्रका तथा सर्वसाधरणहरुको पहुँचको अभाव
- AIDS पीडित टुहुरा बालबालिकाहरुको लागि अधारभूत सेवा तथा शिक्षाको अभाव
- समाजिक कार्यक्रमहरुमा AIDS पीडितहरुको सहभागिताको कमी

(३) **विभेद**

- AIDS पीडितहरु प्रति सामाजिक विभेद यथावत्
- AIDS पीडितहरु प्रति नकारात्मक सामाजिक धारणा कायमै
- AIDS पीडितहरुका बालबालिकाहरु प्रति स्कूलमा गरिने व्यवहारमा विभेद
- समुदायिक कार्यक्रमहरुमा AIDS पीडितहरुका बालबालिकाहरु प्रति गरिने व्यवहारमा विभेद

(४) **सचेतना/तालिम**

- एड्स रोकथाम गर्ने सामग्रीहरुको दुरुपयोग
- सूई प्रयोग गर्ने ज्ञानको अभाव
- HIV/AIDS बारे रुढिवादी साँधुरो सोचाइ रहीनैरहेको
- सबै ठाउंमा HIV/AIDS बारे खुला छलफल कार्यक्रमहरुको अभाव
- एड्स पीडितहरुको उपयोगिताका बारेमा दृढताको कमि
- रक्त परिक्षण र खुला छलफलमा इच्छा नहुनु
- कन्डोमको प्रयोग नगर्नु
- मौसमी बसाई सराई ज्यादा हुनु
- एड्सबारे गलत सूचना र गलत सन्चार प्रवाह हुनु

(५) **आर्थिक तथा वित्तीय सहयोग**

- सुईको अभाव
- आर्थिक अभाव र अभिभावकका मृत्युका कारण बालबालिकाले विद्यालय छाड्नु
- एड्स पिडीतहरुका लागि आर्थिक सहायता पुर्‍याउन नसक्नु

(६) **अन्य**

- यौन कार्य र दुर्व्यसनीमा वृद्धि
- असुरक्षित यौन सम्बन्ध
- यौन शोषण, दुर्व्यवहार तथा बलात्कार
- गोपनीयताको अभाव
- असुरक्षित स्वास्थ्य सेवा तथा सुत्केरी सामग्री

## कार्ययोजना (HIV/AIDS)

**समन्वय गर्ने निकायहरुः** स्वास्थ्य मन्त्रालय, केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समितिहरु

**समग्र उदेश्यहरुः**

- एच.आइ.भि.एड्सबाट बालबालिकालाई संरक्षण प्रदान गर्ने
- एच.आइ.भि.एड्सबाट पीडित र प्रभावित बालबालिकाको अधिकार सुनिश्चित गर्ने

**कार्यान्वयन रणनीतिः** मानव संशाधन तथा संस्थागत विकास, पीडितको लागि पुनर्स्थापना र चेतना जागरण तथा सहकार्यको विकास

| उदेश्यहरु | कार्यक्रम | कार्यन्वयन गर्ने निकायहरु | समयावधि | बिकास सूचक | पुष्ट्याईका आधारहरु | जोखिम तत्वहरु |
|---|---|---|---|---|---|---|
| १. आवश्यक कानून तथा नीतिहरुको पूनरावलोकन, संशोधन तथा निर्माण गर्ने । | • विद्यमान नीतिहरुको पूनरावलोकन, गरी आवश्यक नीतिहरु तर्जुमा गर्ने<br>• एच.आई.भी. एड्ससम्बन्धी छुट्टै कानूनी व्यवस्था गर्ने<br>• व्यवसायिक यौनकर्मीहरुका लागि प्रभावकारी कानूनको व्यवस्था गर्ने<br>• दलाल तथा व्यवसायिक यौनकर्मीलाई सजायसम्वन्धी विद्यमान कानूनको संशोधन गर्ने | संसद,<br>कान्यासंव्यमं,<br>मबासकमं,<br>स्वा.मं | २ वर्ष भित्र | नयाँ कानूनी व्यस्था | अध्ययन<br>प्रगति प्रतिवेदन<br>संचार | सम्बन्धित संस्थाहरुको निष्कृयता |
| २. HIV/AIDS लाई फैलनबाट रोक्ने तथा यसको असरलाई आँकलन गर्दै लैजाने | • HIV/AIDS को असर कम गर्ने नीतिको विकास र कार्यान्वय गर्ने<br>• व्यावसायिक तथा आयआर्जन कार्यक्रम लागू गर्ने<br>• Anti retroviral drug लगायत एड्स सम्बन्धी अन्य व्यवस्थापन गर्ने<br>• ड्रप-इन सेन्टर, दिवा स्याहार केन्द्र, र पुनर्स्थापनाकेन्द्रहरु स्थापना गर्ने<br>• दौतरी शिक्षा संचालन गर्ने<br>• लागू पदार्थ दूर्व्यसनी रोक्ने<br>• उपचार तथा सेवामा पिडीत बालबालिकाको पहुंच बढाउने | स्वा.म,<br>NCASC,<br>दातृसंस्थाहरु,<br>स्थानीय निकायहरु,<br>गैसस<br>सआसं | निरन्तर | एड्स पिडीत बालबालिका को संख्या | अध्ययन<br>प्रगति प्रतिवेदन<br>संचार | आय स्रोतको कमी<br>सम्बन्धित संस्थाहरुको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | • कण्डोमको प्रचार प्रसार गर्ने तथा सर्वसाधारणको लागि सुलभ बनाउने<br>• परामर्श केन्द्रको स्थापना गर्ने र गोपनियता कायम राख्ने<br>• रक्त बैङ्कमा रक्त परीक्षणको व्यवस्था गर्ने<br>• महिला र बालबालिका ओसारपसार बिरुद्धको कार्यक्रम राष्ट्रव्यापी रुपमा लागू गर्ने<br>• एड्स उपचार र रोकथाम कार्यक्रमहरुको निरन्तरता सुनिश्चित गर्ने<br>• कारखानाहरुमा विशेष चेतना कार्यक्रमहरु लागू गर्ने | | | | | |
| ३. सन् २०१४ सम्म हरेक गा.वि.स. को प्रत्येक वडामा एड्स विरुद्ध जनचेतना र सतर्कता अभिबृद्धि गर्ने/हिनतावोध कम गर्ने | • लक्षित समूहको पहिचान गर्ने र सन्जालमा ल्याउने सडक बालबालिका, संक्रमित बाबुआमा, बिद्यार्थी, नशा सेवन गर्ने समूह)<br>• परामर्श तथा पूर्नस्थापना केन्द्रको स्थापना गर्ने,<br>• परामर्श, पुनर्स्थापना, आयआर्जन तथा सीपमूलक कार्यक्रमको संचालन गर्ने ( सडक बालबालिका र पीडितहरुको लागि )<br>• BCC कार्यक्रम सन्चालन गर्ने<br>• संचार माध्यमका लाागि सचेतन कार्यक्रम संचालन गर्ने<br>• लागू पदार्थ दूर्व्यसनीलाई पुर्नस्थापना/परामर्श दिने<br>• तथ्यांक संकलन तथा विश्लेषण गर्ने<br>• IEC सामग्री, सडक नाटक, ऱ्याली, सन्चार माध्यम आदिबाट चेतना अभियानलाई राष्ट्रव्यापी रुपमा लैजाने<br>• विद्यालय, समुदाय, परिवार, सेवा प्रदायक, स्वास्थ्य केन्द्रहरु, शिक्षक आदिलाई परामर्श र चेतनामुलक कार्यक्रम गर्ने<br>• पाठ्यपुस्तकमा सुधार गर्ने | स्वा.मं<br>NCASC<br>दातृसंस्थाहरु<br>स्थानीय निकायहरु<br>गैसस<br>सआसं<br>नागरिक समाज<br>स्वयं एड्स पीडितहरु | लागू भएको पहिलो वर्ष देखि दोस्रो वर्ष भित्रमा | चेतनाको स्तर | अध्ययन<br>प्रगति प्रतिवेदन<br>संचार | आर्थिक स्रोतको कमी<br>ग्रामीण तथा दुर्गम क्षेत्रमा पहुँचको कमी,<br>सम्बन्धित संस्थाहरुको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४.बालबालिका लाई HIV/AIDS सर्नबाट बचाउने | • एड्स को जोखिमयुक्त समूहलाई अनुशिक्षण गर्ने<br>• स्वेच्छिक रक्त परिक्षण र परामर्श केन्द्रहरु स्थापना गर्ने<br>• समुदाय तथा स्कूलहरुमा यौन तथा प्रजनन् शिक्षा दिने<br>• सुरक्षित रगत दान व्यवस्थाको विकास गर्ने<br>• एड्स पहिचान गर्न र उपचारको लागि पठाउन स्वास्थ्य कार्यकर्ताको सीप विकास गर्ने<br>( राष्ट्रिय एच.आइ.भि/एड्स रणनीतितर्फ इङ्गित) | स्वा.मं, NCASC, दाताहरु, स्थानीय निकायहरु, गैसस<br>सआसं | पहिलो वर्ष देखि निरन्तर | एड्स सरेका व्यक्तिको संख्या | अध्ययन<br>प्रगति प्रतिवेदन<br>संचार | ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा पहुँचको कमी<br>सम्बन्धित संस्थाहरुको निष्कृयता |

५. बाल सहभागिता

भूमिकाः

बाल अधिकारको विषयवस्तु समावेश भएको कार्यक्रमहरुमा सहभागी हुन पाउनु प्रत्येक बालबालिकाको अधिकार हो । नेपालमा समुदाय देखि राष्ट्रिय स्तरसम्म बाल सहभागिताको विषयले क्रमैसँग गति लिईरहेको छ । दशौं योजना तर्जुमा प्रक्रियामा श्री ५ को सरकारले बालबालिकालाई प्रोत्साहित गरेको थियो । सरकारी, गैर सरकारी, संयुक्त राष्ट्रसंघीय संस्थाहरु, अन्तर्राष्टिय गैसस तथा नागरिक समाजद्धारा विभिन्न कार्यक्रमहरुमा बालबालिकाहरुलाई आमन्त्रण गर्ने प्रवृत्ति बढिरहेको छ । शुरुमा केवल सांकेतिक अथवा शारीरिक उपस्थितिका रुपमा मात्र बालबालिकालाई बोलाउने गरिन्थ्यो । सरकारी गैरसरकारी संस्था, संयुक्त राष्ट्रसंघीय संस्थाहरु, अन्तर्राष्ट्रिय गैससहरु तथा नागरिक समाज आदि क्षेत्रमा बाल अधिकारवादी कार्यकर्ताहरुको वृद्धि भएसँगै बालबालिकाले विभिन्न जानकारी प्राप्त गरी क्रमैसँग सशक्तीकरण तर्फ अगाडि बढेका र समुदाय देखि राष्ट्रिय स्तरका कार्यक्रमहरुमा आफ्ना विचारहरु निर्भिकतापूर्वक राख्न शुरु गरेका छन् । साथै बाल विवाह, यौन शोषण विरुद्ध आवाज उठाउन र चेतना अभिवृद्धि गर्न बाल क्लवहरु पनि समुदाय देखि राष्ट्रिय स्तरसम्म सक्रिय भईरहेका छन् । विभिन्न रचनात्मक र विकासका गतिविधि तर्फ बालबालिकाको सहभागिता ज्यादै प्रेरणादायी रहेको छ र केही बालबालिका गाउँ स्तरीय समिति साथै जिल्ला बाल कल्याण समितिमा समेत सामेल भई सकेका छन् ।

बाल सहभागिताको विषय सदैव आर्थिक स्रोतसँग सम्बन्धित हुँदैन यो त वयस्कहरुको त्यसप्रतिको धारणा, चालचलन र व्यक्ति तथा संस्थाहरुको सीप र क्षमतासँग बढी सम्बन्धित हुन्छ ।

यो कार्ययोजनाको तयारी प्रकृयामा केन्द्रीय स्तरका बैठक, विषयगत समूहहरुको बैठक, फोकस ग्रुपको बैठक, क्षेत्रीय कार्यशाला, बालबालिकासँगका बैठक, पेशागत संघ संगठनहरु, विद्यालय संगठनहरु, शिक्षक संघ, ट्रेड युनियनहरु, अभिभावक, सेवा प्रदायक विशेष गरी सडक बालबालिका, अपाङ्ग बालबालिका र एड्स पीडितहरु आदि सवै पक्षसँग राय सुझाव संकलन गरिएको थियो । प्राप्त सबै सूचनाहरुका आधारमा तयार गरिएका प्रगति समीक्षा र समस्याहरु निम्नानुसार छन् ।

**प्रगति समीक्षा**

सूचनाहरु प्राथमिक र अन्य मौजुदा सूचना स्रोतहरुबाट संकलन गरिएको थियो । प्राथमिक स्रोत अन्तर्गत विषयगत समूहको बैठक, विशेष समूहको बैठक तथा राष्ट्रिय तथा क्षेत्रीय कार्यशालाहरु रहेका थिए ।

- राष्ट्रिय बिकास योजनाहरुमा बाल सहभागिता
- राष्ट्रिय देखि स्थानीय स्तरसम्म योजना प्रक्रियामा बाल सहभागिता
- बाल क्लवहरुको दर्ता
- जिवाकस, विद्यालय व्यवस्थापन समिति तथा विभिन्न उपभोक्ता समूहहरुमा बाल सहभागिता
- विभिन्न कार्यक्रमहरुमा बाल सहभागिताको महत्ववारे सकारात्मक धारणा
- UNGASS लगायत विभिन्न अन्तर्राष्ट्रिय सभा सम्मेलनहरुमा सरकारी टोलीमा बालबालिकाको सहभागिता
- बाल क्लवको माध्यमबाट संस्थागत क्षमताको विकास
- बालबालिकाको क्षमता र वृद्धिको उजागर

**समस्याहरु**

- केही जिल्लाहरुमा बाल क्लव दर्तामा कठिनाई

- बाल अधिकार तथा विकासका क्रियाकलापहरुको सञ्चालनमा स्रोतको अभाव
- अन्य संस्थाहरुसँग समन्वयको अभाव
- नीति निर्माण योजना र कार्यान्वयनको तहमा बाल सहभागिताको स्तरका बारेमा स्पष्टता को अभाव
- सम्पूर्ण विषयगत कार्ययोजनाहरुमा एकीकृत बाल सहभागिताको अभाव

**नीतिगत सुझाव**

- बाल सहभागिताको स्तर वा तह बारे परिभाषा
- सम्पूर्ण योजनाचक्रमा बालबालिकाको उमेर र परिपक्वताको आधारमा सहभागिता
- कार्ययोजनाको कार्यान्वयन अनुगमन गर्न राष्ट्रिय देखि गाऊँ स्तरसम्म निगरानी/दवाव समूह गठन
- बाल समूह तथा बाल संस्थाहरुको गाऊँ देखि राष्ट्रिय स्तर सम्म सञ्जालको बिकास

## कार्ययोजना (बाल सहभागिता)

**समन्वय गर्ने निकायः** केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिहरु

**समग्र उदेश्यहरु**

- सम्पूर्ण योजनाचक्रमा बालबालिकाको वास्तविक सहभागिता प्रवर्द्धन गर्नु
- बालबालिकाको सञ्जालको क्षमता विकास गर्नु

**रणनीतिः** कानूनी र प्रशासनिक प्रक्रियामा सुधार, सन्जाल बिकास, बाल क्लवको क्षमता अभिबृद्धि, समन्वय र सहकार्य

| उद्देश्य | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | समयावधि | बिकास सूचक | पुष्ट्याईका आधारहरु | जोखिम तत्वहरु |
|---|---|---|---|---|---|---|
| १. बाल क्लव दर्ता प्रकृया सरल गर्ने | • बाल क्लव दर्ता सरल बनाउन कानूनी प्रावधानमा सुधार गर्ने<br>• जिबाकसमा बाल क्लव दर्ता गर्ने व्यवस्था गर्ने<br>• बाल क्लव दर्ता प्रक्रिया सरल बनाउने | कान्यासंव्यम<br>मबासकम<br>केबाकस, जिबाकस | १ बर्ष भित्र | सुधारिएको कानूनी व्यवस्था र दर्ता प्रक्रिया | नयाँ कानूनी व्यवस्था तथा नीतिहरु | सरोकारवाला हरुको निष्कृयता |
| २. बाल सहभागिताबारे अवधारणाको विकास र कार्यान्वयन गर्ने | • बालबालिकाको उमेर तथा क्षमताको आधारमा बालबालिकासम्बन्धी कार्यक्रमको सबै योजना चक्रमा बालबालिकालाई सहभागी बनाउन स्पष्ट र उचित नीति तथा | केबाकस<br>जिबाकस | १ बर्ष भित्र | विकसित नीति तथा निर्देशनहरु | अध्ययन | सरोकारवाला हरुको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मार्गनिर्देशनको विकास गर्ने<br>• कार्ययोजनाको कार्यान्वयन अनुगमन गर्न गाऊँ स्तर देखि राष्ट्रिय स्तरसम्म सन्जाल र दवाव समूहहरुको विकास गर्ने | विकास साझेदारहरु | | बालबालिकाको खास सहभागिता | मूल्यांकन | |
| ३. बालबालिका सम्बन्धी संस्था र सम्बन्धित बालबालिकाको क्षमता विकास गर्ने | • बालबालिकाको समूह तथा संस्थालाई प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने<br>• संस्थागत र बाल अधिकारबारेका IEC सामग्री सहित चेतनशील बनाउने<br>• बालबालिकासम्बन्धी संस्थाका बालबालिकालाई संस्थागत, बाल अधिकार, बाल सहभागिता, भूमिका आदिबारे तालिम प्रदान गर्ने | केबाकस<br>जिबाकस | १ बर्ष भित्र | तालिममा सुधार<br>बाल क्लवलाई बन्दोबस्ती सहयोग | अध्ययन<br>मूल्यांकन<br>अवलोकन | सरोकारवाला हरुको निष्कृयता |
| ४. बालबालिका सम्बन्धी संस्था / बाल समूहहरु र सरोकारवाला संस्थाहरु बीच समन्वय बढाउने | • बालबालिकासम्बन्धी संस्था, जिल्ला स्तरीय सरकारी, गैरसरकारी तथा विकासका साझेदार संस्थाहरु, जिबाकस, नगरपालिका, गाविस आदि बीच बालबालिकासंग सम्बन्धित बाल अधिकारका विषयको योजना कार्यक्रम आदिमा बाल सहभागिता गराउन समन्वय बढाउने | केबाकस<br>जिबाकस जिबाकस, नगरपालिका, गाविस | १ बर्ष भित्र | बाल क्लव र संस्थाहरुबीच राम्रो समन्वय | अध्ययन<br>मूल्यांकन<br>अवलोकन | सरोकारवाला हरुको निष्कृयता |
| ६. प्रभावकारी अनुगमन व्यवस्थाको विकास गर्ने | • कार्ययोजनाको कार्यान्वयनको अवस्था अनुगमनका लागि केबाकस र जिबाकसहरु लाई सवल बनाउने | केबाकस<br>जिबाकस<br>विकास साझेदारहरु | १ बर्ष भित्र | सक्रिय र नियमित अनुगमन | प्रतिवेदन<br>अध्ययन<br>मूल्यांकन | सरोकारवाला हरुको निष्कृयता |

६. समन्वय, अनुगमन र मूल्यांकन

भूमिका

हाल राष्ट्रिय योजना आयोगको सचिवालयमा केन्द्रीय अनुगमन प्रणाली रहेको छ जस्ले वार्षिक र आवधिक विशेष योजना तथा कार्यक्रमको अनुगमन र मूल्यांकन गर्दछ भने विषयगत मन्त्रालयहरुमा योजना, अनुगमन तथा मूल्यांकन विभाग रहेको छ जस्ले आफ्नै बार्षिक तथा आवधिक योजना र कार्यक्रमहरुको अनुगमन गर्दछ ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको क्षेत्राधिकारभित्र बालबालिकासँग सम्बन्धित योजना तथा कार्यक्रमहरुको समन्वय, सहजीकरण, अनुगमन आदि पनि पर्दछन् त्यसैगरी बालबालिकासँग सम्बन्धित विषयहरुमा समन्वय, अनुगमन तथा मूल्यांकन गर्ने विषय केन्द्रीय बाल कल्याण समितिको कार्यक्षेत्र भित्र पर्दछ तर ति दुवै निकायहरु यि अधिकारहरु कार्यान्वयन गर्न प्रभावकारी हुन सकेको छैनन् र उनीहरु अद्यावधिक सुचना व्यवस्थापन प्रणालीको विकास गर्नुपर्ने अवस्थामा नै छन् ।

जिल्ला बाल कल्याण समितिलाई मार्गदर्शन गर्न र जिल्ला बाल कल्याण समितिहरुबीच समन्वय गर्न केन्द्रीय बाल कल्याण समिति सक्रिय देखिएको छ । साथै केन्द्रीय बाल कल्याण समितिले अन्तर्राष्ट्रिय गैससहरुबीच समेत समन्वय गर्न, बाल अधिकार महासन्धिको अनुगमन सूचक समेत विकास गर्न गरेको कार्य अझ बढी सकारात्मक रहेको छ र यस कार्यलाई आर्थिक, प्राविधिक र मानवीय संशाधन समेतमा ठोस सहयोग हुनुपर्ने देखिन्छ ।

प्राप्त क्षेत्राधिकारका आधारमा समन्वय, अनुगमन र मूल्यांकन का लागि तल उल्लेखित मार्गसंयन्त्र अनुसरण गर्नुपर्दछ ।

**समन्वय, अनुगमन तथा मूल्यांकन संयन्त्रको रुपरेखा**

1. विशेषत वार्षिक र आवधिक योजनाहरुमा सवै मन्त्रालयबीच समन्वय गर्ने सर्वोच्च अंग राष्ट्रिय योजना आयोगको सचिवालय भएकोले केन्द्रीय तहमा समन्वय, अनुगमन र मूल्यांकनका लागि यो सचिवालय उत्तरदायी हुनुपर्दछ ।
2. महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिले संयुक्त रुपमा अन्य मन्त्रालय, निकायहरु, बिकासका साझेदारहरुसँग योजना र कार्यान्वयनको प्रकृयामा केन्द्रीय तहमा समन्वय गर्नेछन् । त्यसैगरी महिल,ा बालबालिका तथा समाज कल्याण मन्त्रालय र केन्द्रीय बाल कल्याण समितिका जिल्ला स्तरीय कार्यालय/समितिहरुले आफ्ना कार्यक्रमहरु लागू गर्ने लगायत जिल्ला स्तरका योजना तथा कार्यक्रमहरुको समन्वय, अनुगमन र मूल्यांकन गर्नेछन् । साथै केन्द्रीय बाल कल्याण समितिले कार्यक्रमको कार्यान्वयनमा भन्दा बढी समन्वय, सहजीकरण, अनुगमन र मूल्यांकनमा बढी भूमिका खेल्नेछ ।
3. स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय स्तरका योजना, कार्यान्वयन, स्रोत परिचालन तथा स्थानीय स्तरका कार्यक्रम अनुगमन समेतको अधिकार र उत्तरदायित्व स्थानीय निकायहरुलाई तोकेको परिप्रेक्ष्यमा जि.वि.स., नगरपालिका तथा गा.वि.स. हरु प्रत्यक्ष रुपमा बाल अधिकार र विकासको विषयसँग सम्बन्धित छन् र सो को लागि केन्द्रीय बाल कल्याण समितिले स्थानीय विकास मन्त्रालय, जिविस महासंघ, नगरपालिका संघ, गाविस महासंघ र जिल्ला विकास समितिसँग समन्वय गर्नेछ ।
4. बाल अधिकारको विषय राष्ट्रिय मानव अधिकार आयोगको पनि सरोकारको विषय भएकोले उक्त आयोगमा बाल अधिकारको विषय हेर्ने एकजना छुट्टै सदस्यको व्यवस्था हुनुपर्दछ ।

केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरुले पनि आफ्ना कार्यक्रम क्षेत्रमा आफ्ना कार्यक्रमहरुको अनुगमन र मूल्यांकन गरिरहेका छन् तर ठोस प्रभावको लागि समन्वित प्रयासको अवलम्बन गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ ।

यस पृष्ठभूमिमा, यस कार्ययोजनामा सुचारु रुपले कार्य गर्ने संयन्त्रको विकास गर्ने लक्ष्य लिइएको छ जसले गर्दा बाल अधिकारको वार्षिक स्थितिबारे जानकारी पाउनका साथै आवधिक प्रतिवेदन बन्न पनि सजिलो होस् । समन्वय, अनुगमन र मूल्यांकनका लागि एउटा नियमित, अन्तर-क्षेत्रीय संयन्त्र विकास गर्न तल उल्लिखित कार्ययोजना अपनाईनेछ ।

## कार्ययोजना (समन्वय, अनुगमन तथा मूल्यांकन)

**समन्वय गर्ने निकायहरुः** केन्द्रीय बाल कल्याण समिति तथा जिल्ला बाल कल्याण समितिहरु

**समग्र उदेश्यहरु**

- एक प्रभावकारी समन्वय, अनुगमन र मूल्यांकन संयन्त्र बिकास गर्ने

**कार्यान्वयन रणनीतिः** संस्थागत क्षमता विकास, समन्वय तथा सहकार्यको विकास

| उदेश्यहरु | कार्यक्रम | कार्यन्वयन गर्ने निकायहरु | समयावधि | बिकास सूचक | पुष्ट्याईका आधारहरु | जोखिम तत्वहरु |
|---|---|---|---|---|---|---|
| १.<br>कार्ययोजनासम्बन्धी कार्यक्रमको समन्वय, योजना, अनुगमन तथा मुल्याङ्गनका लागि केबाकस र जिबाकसहरुको क्षमता विकास गर्ने | केबाकस र जिबाकसलाई सुदृढ गर्ने कार्यक्रमः<br>• केबाकस र जिबाकसलाई पुनर्संरचना गर्ने<br>• प्राविधिक तथा आर्थिक सहयोगद्धारा संस्थागत क्षमता अभिवृद्धि गर्ने | मबाकसमं<br>केबाकस<br>जिबाकस<br>दातृसंस्था | दूई बर्ष भित्र | केवाकस र जिवाकसहरुको क्षमता | प्रगति विवरण<br>अध्ययन<br>अवलोकन | सम्बन्धित निकायको निष्कृयता |
| २.<br>केबाकसमा तथ्यांक व्यवस्थापन प्रणालीको सशक्तीकरण गर्ने | • सूचना व्यवस्थापन पद्धति स्थापना तथा मानव संशाधन बिकासको लागि प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने<br>• केवाकसमा डकुमेन्टेशन केन्द्र स्थापना गर्ने<br>• अन्य मन्त्रालय तथा संस्थाहरुले नओगटेको क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने | मबाकसमं<br>केबाकस<br>जिबाकस<br>दातृसंस्था | दूई बर्ष भित्र र निरन्तर | बालबालिका सम्बन्धी खण्डीकृत तथ्यांक | प्रगति विवरण<br>अध्ययन<br>अवलोकन | आर्थिक स्रोतको कमि<br>सम्बन्धित निकायको निष्कृयता |
| ३. बाल अधिकारसम्बन्धी योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्गन प्रक्रियामा समन्वय बढाउने | • बार्षिक तथा आवधिक योजना प्रक्रियाको समयमा केन्द्रीय स्तरका निकायहरुसँग र विषयगत मन्त्रालय तथा राष्ट्रिय योजना आयोगसँग विशेष समूह बनाई छलफल गर्न मबासकमं र केबाकसको क्षमता अभिबृद्धि गर्नेः<br>• प्राविधिक सहयोग गर्ने | मबाकसमं<br>केबाकस<br>जिबाकस<br>दातृसंस्था | निरन्तर | कार्यक्रम तथा वार्षिक बजेटमा वृद्धि | प्रगति विवरण<br>अध्ययन<br>अनुसन्धान | सम्बन्धित निकायको निष्कृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. विभिन्न सरकारी तथा स्वतन्त्र निकायहरुमा बाल अधिकारबारे चेतना (Sensitization) बढाउने | • अन्तरक्रिया तथा सचेतना कार्यक्रम<br>• एक कानूनी प्याकेज तयार गरी राष्ट्रिय दलित आयोग, राष्ट्रिय जनजाति, दलित, उत्पीडित विकास समिति, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, शाही नेपाली सेना, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जिविस, गाविस, नगर पालिका महासंघ, संघहरु, शिक्षक संघ र संगठनहरुलाई अनुशिक्षण कार्यक्रम सन्चालन गर्ने<br>• आवश्यक सूचना प्याकेजको तयारी र अनुशिक्षण कार्यक्रम | मबाकसमं<br>केबाकस<br>जिबाकस<br>दातृसंस्था | पहिलो बर्ष देखि निरन्तर | विषयगत योजना तथा कार्यक्रमहरुमा बाल अधिकारसम्बन्धी विषयवस्तु समावेश | प्रगति विवरण<br>अध्ययन<br>अवलोकन | सम्बन्धित निकायको निष्कृयता |
| ५. मानव संशाधन विकास गर्ने | • बाल अधिकारसँग सम्बन्धित परामर्शदाता तथा संस्थाहरुको सूची तयार गर्ने<br>• बाल अधिकारका सवालहरुलाई अद्यावधिक गर्न अन्तरक्रिया तथा तालिम सन्चालन गर्ने<br>• कार्ययोजना कार्यान्वयन अनुगमन तथा मूल्यांकनको लागि सूचना तथा सन्चार प्रविधिको उपयोग गर्ने | मबाकसमं<br>केबाकस<br>जिबाकस<br>दातृसंस्था<br>सूचना तथा सन्चार मन्त्रालय | पहिलो बर्ष देखि निरन्तर | बाल अधिकार विज्ञहरुको प्रभावकारिता तथा उपलब्धता<br>आधुनिक सन्चार माध्यमको बढ्दो उपयोग | प्रगति विवरण<br>अवलोकन | सम्बन्धित निकायको निष्कृयता<br>आर्थिक स्रोतको कमि<br>प्राविधिक ज्ञानको कमी |

# अध्याय-५

## अवसर, कठिनाई /जोखिम/ चुनौति तथा नीतिगत सुझावहरु

1. भूमिकाः

यो कार्ययोजनाको कार्यान्वयनका लागि संयुक्त र एकीकृत प्रयासको आवश्यकता छ । यसको कार्यान्वयनमा सरकारी निकायहरु, बिकासका साझेदारहरु, गैर सरकारी संस्थाहरु र समाजका बिभिन्न तहका नागरिक समाजसँग सम्बन्धित संस्थाहरु तथा अभिभावकहरु लगायतका मुख्य सरोकारवाला सवैले बराबर दायित्व बहन गर्नुपर्दछ । बालबालिकाको जीवनमा सकारात्मक परिवर्तनका लागि राजनीतिक, सामाजिक र स्रोत प्रतिवद्धता समेतका कुराहरु प्रतिक कार्यान्वयनकर्ताहरुका बीचको स्पष्ट दायित्ववोध नै कार्ययोजनालाई व्यवहारमा उतार्न सकिने मुख्य आधार हो । यसैगरी कार्ययोजनाको लक्ष्य हासिल गर्न मौजुदा प्रशासकीय, विधायिकी, सामाजिक तथा संस्थागत संयन्त्रलाई सुदृढ र क्रियाशील बनाउन आवश्यक छ । उदाहरणको लागि बाल विकास तथा अधिकारहरुबारे महशुस गर्नु ।

श्री ५ को सरकारले बाल अधिकार महासन्धि  लगायत अन्य अन्तर्राष्ट्रिय घोषणाहरुको अनुमोदन गरेर बालबालिकाप्रति आफ्नो प्रतिवद्धता जाहेर गर्दै सो को कार्यान्वयनका लागि आवश्यक कानून तथा नीतिहरु समेत अख्तियार गरेको छ । त्यसैगरी बिकासका धेरै साझेदारहरुले पनि बालबालिकाको विषयलाई प्राथमिकता दिँदै सहकार्य गरिरहेका छन् । साथै विगत दशकमा प्राप्त गरेका अनुभवहरुले पनि यो कार्ययोजनाको कार्यान्वयन गर्न बलियो आधार प्रदान गरेको छ । असल कार्यान्वयन, दृष्टिकोण र उपलब्धिहरुका लागि अवसरहरुको राम्रो सदुपयोग र जोखिमलाई कम गदै चुनौतिहरुको सामना आदि विषयहरु कार्ययोजनाको तीतो पक्षको रुपमा रहेका छन् ।

यो कार्ययोजनाको कार्यान्वयन ढाँचाले मुख्य कार्यान्वयनकर्ता जस्तैः सरकारी निकाय र विकासका साझेदारहरुकाबीच कार्यगत एकताको आवश्यकता महशुस गरेको छ । साथै दशौं पञ्चवर्षीय योजना, अन्य विषयगत कार्ययोजनाहरु तथा राष्ट्रिय रणनीतिहरुसँग पनि रणनीतिक सम्बन्ध स्थापित गर्नपर्दछ । कार्ययोजनाको यथार्थवादी कार्यान्वयनका लागि सो को उत्तरदायित्व बहन गराउन कार्ययोजना कार्यान्वयन गर्ने खास संस्थाहरुलाई स्पष्ट अधिकार प्रदान गर्ने र उनीहरुको क्षमता अभिवृद्धी गराउनुपर्दछ । यि सवै वस्तुस्थितिहरु कार्ययोजनाको कार्यान्वयनमा अवसर र चुनौतिको रुपमा रहने छन् ।

उल्लेखित विषयवस्तुका आधारमा, यो कार्ययोजनाको कार्यान्वयनसँग सम्बन्धित केही अवसर तथा चुनौति /जोखिमहरु यसप्रकार छन् ।

2. अवसर

(क) अन्तराष्ट्रिय प्रतिवद्धता

बालबालिका तथा उनीहरुको विकासको विषयले विश्वव्यापी रुपमा सवैको ध्यान आकृष्ट गरिरहेको छ । विशेष गरी अन्तराष्ट्रिय कानून तथा महासन्धिहरुको अनुमोदन, नीति तथा कार्यक्रमहरुको विकास, बालबालिकाको जीवनस्तरमा सकारात्मक परिवर्तनका लागि स्रोतहरुको परिचालनका क्षेत्रमा यो प्रतिवद्धता उल्लेखनीय रुपमा रहेको छ । बाल अधिकारको पैरवी र प्रवर्द्धन गर्नका लागि विश्वभर ठुलो जनमत रहेको छ । धेरै मुलुकहरुले राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रुपमा बाल अधिकारलाई सुनिश्चित गर्न गम्भीर चासो र प्रतिवद्धता देखाएका छन् । संयुक्त राष्ट्रसंघको बालबालिकासम्बन्धी विशेष अधिवेशनद्धारा पारित  घोषणापत्र, २००२ अन्तराष्ट्रिय प्रतिवद्धताहरुमध्ये एक हो । यसका साथै क्षेत्रीय तहमा पनि धेरै प्रतिवद्धताहरु भएका छन् जस्तैः दक्षीण एशियाली राष्ट्रहरुको संगठन सार्क । यस किसिमका क्षेत्रीय संगठनहरुले आपसमा एक पक्षीय, द्धिपक्षीय र सामुहिक रुपमा सम्बन्धित विषयवस्तुहरुका बारेमा अनुभव आदान प्रदान गर्ने र आपसी रणनीतिहरु विकास गर्ने अवसर प्रदान गर्दछन् । यि सवै प्रयासहरुले बालअधिकार प्रवर्द्धन गर्नका लागि बालबालिकाहरुसँग कार्य गर्ने ज्यादै राम्रो अवसर सिर्जना गरेका छन् ।

(ख) सरकारी प्रतिवद्धता

बालबालिकाहरुको अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि एवं ऐच्छिक कार्यहरुमा श्री ५ को सरकारले प्रतिवद्धता जनाउने, अनुमोदन गर्ने कार्यहरु एवं राज्य पक्षको हैसियतले त्यस्ता सन्धि एवं महासन्धिहरुको प्रतिवेदन वुझाउने दायित्व पनि पुरा गर्दे आईरहेको छ । त्यसैगरी श्री ५ को सरकाले बालबालिका र उनीहरुको विकासका प्रशासनिक, संस्थागत संरचना एवं कानूनी प्रावधानहरुको व्यवस्था एवं विस्तृत नीति समेत तय गरेको छ ।

कार्यक्रम कार्यान्वयन र विभिन्न प्रतिवेदन तयार गर्ने कार्यमा श्री ५ को सरकारका सम्बन्धित निकायहरु र विकासका साझेदार संघसंस्थाहरुसँगको सहकार्यमा निरन्तर वृद्धि भईरहेको छ । यस्ता सहकार्यले विभिन्न प्रकारका अवसरहरुको श्रृजना समेत गरेको छ;

(क) मूख्य-मूख्य साझेदार संघसंस्थाहरुको परिचालन,

(ख) प्रगति पुनरावलोकन,

(ग) मुख्य-मुख्य समस्याहरुको पहिचान,

(घ) सरकार, विकासका साझेदारहरु र गैह्र सरकारी संस्थाहरु बीच सहकार्यमा विस्तार आदि ।

एकातिर यस्ता अवसरहरु/क्रियाकलापहरुले श्री ५ को सरकारको बालबालिका प्रतिको बढ्दो प्रतिबद्धता दर्शाउँछ भने अर्कातिर यस प्रकारको सहयोगीपनले कार्ययोजना लागू र कार्यान्वयन गर्न अनुकुल वातावरणको श्रृजना समेत गर्नेछन ।

(ग) बालबालिकाको क्षेत्रमा बढ्दो सहयोग र स्रोत परिचालनः

बालअधिकारको क्षेत्रमा संयुक्तराष्ट्रसंघिय निकायहरु, द्धिपक्षीय निकायहरु, अन्तर्राष्ट्रिय संस्थाहरुको प्रयासले महत्वपूर्ण भूमिका खेलेका छन् नै, साथ-साथै मूख्य जिम्मेवार/कर्ता निकायहरुबीच बालबालिकाका विषयमा दृष्टिकोण र प्रयासहरुको आदान प्रदानमा पनि योगदान पुगेको छ । यस्ता कार्यहरुले बालबालिकासँग ल(सम्बद्ध सबैलाई यस क्षेत्रमा लगानी गर्न प्रोत्साहन गरेको छ । यी सबैको परिणाम स्वरुप बालबालिकाको क्षेत्रमा विगत एक दशक देखि सरकारी, गैह्र सरकारी क्षेत्र र अन्तर्राष्ट्रिय संघसंस्थाहरुबाट स्रोतको परिचालन उल्लेख्य रुपमा बढेको छ ।

(घ) सामाजिक सरोकारमा बृद्धि/बालअधिकारका लागी बालबालिका नै सबल पक्षको रुपमा स्वीकार गर्ने मान्यतामा वृद्धि

अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहका विविध प्रकारका प्रयासहरुको परिणाम स्वरुप व्यक्ति, परिवार र समुदायको सामाजिक सरोकारमा निरन्तर बृद्धि भईरहेको देखिन्छ । बालबालिकासँग सम्बधित सघंसस्थाहरुलाई तल्लोतह देखि राष्ट्रिय वा केन्द्रीय तहसम्म मान्यता दिन थालिएको छ । यसै गरी बालबालिकाहरुलाई उपभोक्ता समूहहरु, औपचारीक समितिहरु जस्तैः विद्यालय व्यस्थापन समिति, जिल्ला बाल कल्याण समितिहरुमा सहभागी गराउनेक्रम बढदो छ । औधोगीक/व्यापारीक समूहहरु पनि बालबालिकाका मुद्दाहरु प्रति जिम्मेवार देखिन थालेका छन् ।

यसैगरि बालबालिका स्वयं नै आफ्नो अधिकार र विकासको क्षेत्रमा मूख्य कर्ताको रुपमा काम गरिरहेका छन् । बालबालिकाबाट सञ्चालित/परिचालित संघसंस्थाका माध्यामबाट वा त्यस्ता प्रयासहरुका माध्यमबाट बालअधिकार र सम्बर्द्धनको प्रगतिपथमा बालबालिका स्वयं नै जुटिरहेका छन् । संयूक्तराष्ट्रसंघिय निकायहरु, अन्तर्राष्ट्रिय सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरु, एवं नागरिक समाजले बाल सहभागिताको प्रर्वद्धन (विशेषतः बालबालिकाले नेतृत्व गरेको संस्थाहरु वा प्रयासहरु मार्फत) गरिरहेका छन् जसलाई कार्यान्वयन गर्ने निकायहरुले समेत शनै शनै महत्व र प्राथमिकता दिईरहेका छन् । श्री ५ को सरकारले पनि बालबालिकालाई विभिन्न प्रकारले सहभागी गराईरहेको छ । बाल क्लब (समूह) हरुको बृद्धि मुलुकभर उल्लेख्य रुपले भएको छ। यी समूहहरुलाई बालअधिकार बारे जानकारी गराउने/अभिमूखीकरण गराउने, आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने कार्यहरु भईरहेका छन् । यी सबै प्रयासहरुको परिणती औपचारीक मञ्चहरु (जस्तैः- नीतिगत सुझावहरु, जनचेतना बृद्धि, विद्यालय व्यवस्थापन, सञ्चार माध्यम, पत्रपत्रिकामा बालबालिकालाई समाहित गर्ने, उनीहरुको राय सुझाव लिने क्रम बढ्दो छ ।

(ङ) समन्वय, सहयोग र सहभागिताः

सम्बन्धित मन्त्रालय तथा विभागहरु, विकासका साझेदारहरु, गैह्र सरकारी संघसंस्थाहरु, नागरिक समाज बीच समन्वय र सहभागिता बढ्दो छ । यस्तो समन्वय र सहभागिता योजनाहरु एवं नीतिहरुको तर्जुमामा पनि केही हदसम्म भएको

पाईन्छ । तथापि यस्तो प्रक्रियालाई कार्यान्वयनको तल्लो तहसम्म लैजान जरुरी छ । त्यसकारण साझेदारहरु बाल अधिकारको प्रभावकारी कार्यान्वयनमा यस्ता प्रकारको समन्वय र सहभागिता हुनुपर्ने कुरामा बढी सचेत भएका छन् ।

(च) मानवीय एवं प्राविधिक स्रोतहरुः

वितेका दशकमा बाल अधिकार प्रवर्द्धन गर्न श्री ५ को सरकार र विकासका साझेदारहरुले धेरै प्रकारका कार्यहरु एवं प्रयासहरु गरेका छन्, जसले बालबालिकाका क्षेत्रमा काम गर्ने मानवीय स्रोतको विकास गर्न योगदान गरेको छ । संयुक्त राष्ट्रसंघिय निकायहरु, अन्तर्राष्ट्रिय एवं राष्ट्रिय गैह्र सरकारी संघसंस्था, नागरिक समाज एवं बालबालिका स्वयंले यस क्षेत्रमा मानवीय स्रोतको क्षमता विस्तार विशेषतः दृष्टिकोण, पद्धति र प्रयासमा महत्वपूर्ण भूमिका खेलेका छन् ।

**३. चुनौति, कठिनाई र जोखिमहरुः**

(क) गरिबीः

दशकौं देखि जरा गडेर रहेको गरिबी नेपालको एउटा यथार्थको रुपमा रहेको छ, जसको छिटो र सरल समाधान छैन । गरिबी निवारणको क्षेत्रमा सरकारी कार्यहरु र अर्थतन्त्र असफल भएको छ । महिलाहरुमा गरिबी व्यापक रुपमा फैलिएर रहेको छ, जसले बालबालिकाको मानसिकतामा गहिरो प्रभाव पर्न गएको छ । यसरी व्यापक रुपमा झाँगिएको असमानताले आय वितरण, सामाजिक र आर्थिक पूर्वाधारहरुमा नराम्रो प्रभाव पर्न गएको छ । गरिबीको कारणले परिवार, समुदाय र श्री ५ को सरकारले बालबालिकाको क्षेत्रमा चाहिएजति लगानी गर्न सकेको छैन ।

(ख) सशस्त्र संघर्ष/द्वन्द्वः

वितेका आठ वर्ष देखि शुरु भएको सशस्त्र संघर्ष/द्वन्द्वका कारण सरकारी निकायहरु र विकासका साझेदार संघसंस्थाहरुलाई आफ्ना विकासका कार्यहरु विशेष गरी ग्रामीण तथा सुदुर क्षेत्रहरुमा सञ्चालन गर्न कठिनाई पैदा भईरहेको छ । यसले गर्दा धेरै जटिल समस्याहरु उब्जिएका छन्, सामाजिक क्षेत्रमा लगानी हुने स्रोतहरु सुरक्षामा खर्चिनु परेको छ । यस प्रकारको सशस्त्र संघर्ष/द्वन्द्व अझै लम्विदै जाने हो भने यसले निर्धारण गरिएका सन् २००७, २०१२, २०१५ जस्ता विभिन्न लक्ष्यहरु प्राप्त गर्न नसकिने मात्र हैन बालबालिकाको हालको अवस्था कायम राख्न समेत असम्भव प्राय हुनेछ ।

(ग) सामाजिक तथा सांस्कृतिक पक्षः

बाल अधिकार परिपूर्ति गर्न चाहिने सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्य मान्यताहरुसँग कतिपय अवस्थामा बालबालिका हुर्काउने विषयसँग सम्बन्धित विद्यमान सामाजिक, साँस्कृतिक तथा धार्मिक मूल्य मान्यताहरु नमिल्दा वा वेमेल रहेका छन् । हाम्रो समाज अझै पनि वर्ग विभेदपूर्ण, अधिनायकवादी एवं पितृसत्तात्मक रहेको छ, जहाँ बालबालिका आफ्ना अविभावकहरुबाट गरिएको निर्णय मान्ने निरपेक्ष/निष्कृय पक्षको रुपमा रहेका छन् नकि आफ्नो अधिकार आफै प्रयोग गर्ने व्यक्तिको रुपमा । बालबालिका र वयस्कहरुको सम्बन्ध अधिनायकवादी चरित्रको छ, जहाँ बालबालिकाहरु निरीह रुपमा रहेका छन् । यसै गरी पारिवारीक गरिबी, अभिभावकको अज्ञानता तथा न्यूनतम आवश्यकता परिपूर्तिमा कठिनाईले धेरै बालबालिकालाई उनीहरुको अधिकार प्राप्तीबाट वञ्चित गरेको छ । बालक र बालिकामा विभेद, सपाङ्ग र अपाङ्गमा विभेद जस्ता कुराहरु यस क्षेत्रमा थप चुनौतिको रुपमा रहेका छन् ।

(घ) साझेदारहरुको स्वामित्वमा कमीः

आर्थिक तथा सामाजिक मुद्दाहरु केन्द्र देखि सामुदायिक तहसम्मका साझेदारहको प्राथमिकता प्राप्त वा मूख्य सरोकारको विषय भएको सन्दर्भमा बाल विकास र अधिकार जस्ता विषयहरु अझै पनि साझेदारहरुको सामुहिक उत्तरदायित्वको रुपमा प्राथमिकता भित्र पर्न सकेका छैनन् । जसका कारण विकासको एजेण्डामा बाल अधिकारका मुद्दाहरु अन्य मुद्दाहरुका तुलनामा प्राथमिकता भित्र पर्न सकेका छैनन् ।

**४. नीतिगत सुझावहरुः**

यस कार्ययोजना सफल र प्रभावकारी कार्यान्वयनका लागि माथि उल्लेखित कठिनाई/असहजता र चुनौतिहरु सामना गर्न निम्न नीतिगत सुझावहरु गरिरहेका छन्:

(क) कानूनी सुझाव:

(१) अन्तर्राष्ट्रिय प्रतिवद्धता र मापदण्डका आधारमा कानूनी पूनसंरचना र निर्माण यथाशीघ्र गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने ।

(ख) शिक्षा:

(१) सबै खाले बालबालिकाको गुणात्मक शिक्षामा पहुँच र त्यस्ता बालबालिकालाई नि:शुल्क शिक्षाको व्यवस्था ।

(२) प्राथमिक विद्यालय/शिक्षामा कम्तिमा एकजना शिक्षिकाको व्यवस्था ।

(ग) स्वास्थ्य:

(१) बालबालिकालाई प्राथमिक आधारभूत एवं सम-सामयीक स्वास्थ्य सुविधामा प्रदान गर्ने र शुद्ध पिउने पानी र उचित सरसफाई लगायत त्यसको प्रभावकारी वितरणको बन्दोवस्त मिलाउने ।

(२) जिल्ला अस्पतालमा कम्तीमा एकजना विशेषज्ञ चिकित्सक सहित बाल तथा प्रसुति सुविधाहरु उपलब्ध गराउने ।

(३) आपतकालिन प्रसूति सुरक्षा सुविधामा सबैको विशेषत: विपन्न वर्ग र शहरी गरीबहरुको पहुँच पुऱ्याउने ।

(४) अत्यावश्यक वर्ग मा केन्द्रित रही प्रतिरोधात्मक र व्यवहारिक स्वास्थ्यमा सुविधाको प्रबन्ध गर्ने ।

(घ) संरक्षण:

(१) द्वन्द्व प्रभावित बालबालिका, विशेष आवश्यकता पर्ने बालबालिका अप्ठेरो परिस्थितिमा रहेका बालबालिका, प्राकृतिक प्रकोपमा परेका बालबालिकालाई समुदाय/गृहमा आधारित पुनर्स्थापना सेवा प्रदान गर्ने ।

(२) विना भेदभाव आधारभूत सेवामा सबै बालबालिकाको पहुँच पुऱ्याउने एवं स्पष्ट लक्ष्य सहितको लिङ्ग, जात, अपाङ्गता, आर्थिक स्तर, भाषा, जनजाती विभेदका विरुद्ध निवारण कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) स्रोत तथा सरोकारवालाहरुको परिचालन:

(१) यस राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि समुदाय देखि राष्ट्रिय स्तरसम्म आवशयक स्रोतको परिचालनको व्यवस्था ।

(२) आधारभूत सामाजिक सेवाहरु २०/२० कार्यान्वयन प्रतिवद्धता पुरा गर्ने ।

(३) बाल अधिकार महासन्धि र यस राष्ट्रिय कार्ययोजना लागू गर्न स्थानीय निकायहरुलाई सहयोग र अभिप्रेरित गर्ने ।

(४) गैह्रसरकारी संघसंस्थाहरु र नागरीक समाजलाई बाल विकास र अधिकारको क्षेत्रमा काम गर्न प्रोत्साहित गर्ने ।

(च) विविध/अन्य:

(१) प्रभावकारी अनुगमन संयन्त्रको विकास र लागू गर्ने/गराउने ।

(२) बाल विकास र अधिकारसँग सम्बन्धित कार्यक्रमहरुको प्रभावकारी लागतको हिसावले कार्यान्वयन गर्ने/गराउने ।

(३) बालबालिकाका लागि क्षेत्रीय तथा जिल्लास्तरीय कार्ययोजनाहरुको विकास गर्ने ।

(४) पब्लिक प्राइभेट मिश्रित कार्यान्वयन ढाँचालाई प्रोत्साहित गर्ने

## परिशिष्ट

## अनुसूची-१

## बालबालिकासँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरु

1. मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८
2. द्वन्द्व व्यवस्थापनसम्बन्धी जेनेभा महासन्धि, १९४९ र यसको इच्छाधीन आलेख, १९७७
3. शैक्षिक भेदभाव विरुद्धको युनेस्को महासन्धि, १९६०
4. सवै प्रकारका रंगभेद उन्मूलनसम्बन्धी महासन्धि, १९६६
5. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि १९६६
6. नागरिक तथा राजनितिक अधिकारसम्बन्धी अभिसन्धि १९६६
7. न्यूनतम ज्यालादरसम्बन्धी आई.एल.ओ. महासन्धि, १९७३ (नं.१३८)
8. महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९७९
9. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९
10. जैविक विविधतासम्बन्धी महासन्धि, १९९२
11. जनजाति, धार्मिक, भाषिक, तथा अल्पसंख्यक जातिसम्बन्धी घोषणापत्र, १९९२
12. जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९४
13. चौथो विश्व महिला सम्मेलन, १९९५
14. निकृष्ट प्रकारको बाल श्रम उन्मुलनसम्बन्धी आई.एल.ओ. महासन्धि, १९९९ (नं.१८२)
15. बेइजिङ्ग जोड पाँच घोषणापत्र, २०००
16. सवैका लागि शिक्षा विषयक डकार घोषणापत्र, २०००
17. अन्तर्राष्ट्रिय न्यायालय
18. सांस्कृतिक विविधतासम्बन्धी युनेस्कोको विश्वव्यापी घोषणापत्र, २००१
19. एघारौं सार्क शिखर सम्मेलन घोषणापत्र, २००२
20. महिला तथा बालबालिका बेचविखन र यौन तथा श्रम शोषण विरुद्ध सार्क घोषणापत्र, २००२ ( कोलम्वो घोषणापत्र, १९९१ लगायत अन्य सम्बन्धित घोषणापत्रहरु समेत)
21. बालबालिकासम्बन्धी संयुक्त राष्ट्रसंघीय महासभाको विशेष अधिवेशन, २००२

अनुसूचि-२

## बालबालिकासम्बन्धी १०-वर्षे राष्ट्रिय कार्ययोजना तर्जुमा कार्यदलका सदस्यहरु

| | | |
|---|---|---|
| 1= | संयोजक | श्री गौरी प्रधान, सदस्य, केवाकस तथा संयोजक बाल अधिकार उपसमिति, केन्द्रीय बाल कल्याण समिति |
| 2= | सदस्य | श्री उपेन्द्र केशरी न्यौपाने, सदस्य, केवाकस तथा संयोजक सूचना तथा जनसम्पर्क उपसमिति, केन्द्रीय बाल कल्याण समिति |
| 3= | सदस्य | श्री शरद शर्मा, सदस्य केवाकस तथा संयोजक समन्वय, अनुगमन तथा मूल्यांकन उपसमिति, केन्द्रीय बाल कल्याण समिति |
| 4= | सदस्य | श्रीमती मनोरमा राणा, सदस्य, केवाकस तथा संयोजक, बाल विकास तथा संयोजन उपसमिति, केन्द्रीय बाल कल्याण समिति |
| 5= | सदस्य | श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ तथा शशीशेखर श्रेष्ठ, उप-सचिव, राष्ट्रिय योजना आयोग सचिवालय |
| 6= | सदस्य | श्रीमती सुधा न्यौपाने, उपसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय |
| 7= | सदस्य | श्रीमती शारदा पाण्डे, वरिष्ठ जनस्वास्थ्य अधिकृत, स्वास्थ्य मन्त्रालय |
| 8= | सदस्य | श्री रेश्मी राज पाण्डे, उपसचिव, स्थानीय विकास मन्त्रालय |
| 9= | सदस्य | श्री प्रतिनिधि, शिक्षा तथा खेलकुद मन्त्रालय |
| 10= | सदस्य | श्री शंकर राज पाण्डे, नेपाल सि.आर.एस. कम्पनी |
| 11= | सदस्य | डा. श्री प्रदीप कुमार यादव, मेडीकेयर अस्पताल |
| 12= | सदस्य | श्री बालकृष्ण न्यौपाने, अधिवक्ता सर्वोच्च अदालत |
| 13= | सदस्य | श्री सविना पाण्डे, वातावरणीय स्वास्थ्य आयोजना |
| 14= | सदस्य सचिव | श्री दीपकराज सापकोटा, सदस्य सचिव तथा कार्यकारी निर्देशक केन्द्रीय बाल कल्याण समिति |

विशेष योगदान डा. श्री मणीन्द्र रञ्जन बराल, सदस्य केन्द्रीय बाल कल्याण समिति तथा बाल विशेषज्ञ

## परामर्शदाता समूह

1= श्री ज्ञानेन्द्र कुमार श्रेष्ठ, परामर्शदाता (टोली नेता)

2= श्री विनोद कार्की, परामर्शदाता

3= श्री प्रतीक्षा भट्टराई , कार्यक्रम व्यवस्थापक

4= श्री प्रविण श्रेष्ठ, कार्यक्रम सहायक

5= श्री शशी कुमार खड्का, कार्यालय सहायक

6= श्री खु बहादुर कार्की, सहयोगी

## अनुसूचि -३

## विषयगत समूहहरुका सहभागीहरुको सूची

**(क) बाल स्वास्थ्य**

1. डा. मणीन्द्र रन्जन बराल, सदस्य केवाकस (संयोजक)
2. डा. ज्योती राज श्रेष्ठ, स्वास्थ्य मन्त्रालय
3. श्रीमती शारदा पाण्डे, बाल स्वास्थ्य महाशाखा
4. डा. सुधा शर्मा, नेपाल प्रसूति तथा स्त्रीरोग समाज
5. डा. सुनलाल थापा, बाल स्वास्थ्य महाशाखा
6. डा. प्रदीप कुमार यादव, मेडीकेयर अस्पताल/कार्ययोजना कार्यदल सदस्य
7. पवन कुमार तिमिल्सिना, मवासकम
8. होमराज शर्मा, संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष
9. लक्ष्मण प्रसाद ज्ञवाली, नेपाल नेत्रहीन संघ
10. सुरेश राजभण्डारी, नेपाल नेत्रहीन संघ
11. संजोग ठकुरी, हातेमालो बाल क्लव
12. भरत अधिकारी, सिविन हेल्पलाईन
13. सविना पाण्डे, सदस्य कार्ययोजना कार्यदल
14. सन्जय वान्तवा, नेपाल अपाङ्ग महासंघ
15. टेक बहादुर गुरुङ्ग, NAPD
16. आत्माराम न्यौपाने, कन्सर्न नेपाल
17. विश्वजीत, VEO

**(ख) बाल शिक्षा**

1. मनोरमा राणा, सदस्य केवाकस (संयोजक)
2. डा.त्रैलोक्य नाथ उप्रेती
3. डा. बाल गोपाल बैद्य
4. रेश्मीराज पाण्डे, स्थानीय बिकास मन्त्रालय
5. सुधा न्यौपाने, मवासकम
6. गुरु प्रसाद मैनाली, शिक्षा मन्त्रालय
7. अनिल शर्मा, शिक्षा विभाग
8. संजोग ठकुरी, हातेमालो बाल क्लव
9. राम कुशल पन्त, नेपाल अपाङ्ग महास.घ
10. ममता श्रेष्ठ, नेपाल अपाङ्ग महासंघ
11. गुन्जेश्वर न्यौपाने, बाल बिकास समाज
12. अजेलिया रन्जितकार, जिटीजेड

13. सदानन्द कँडेल, प्लान नेपाल
14. कुमार भट्टराई, सिविन
15. मुना लामा, कन्सर्न नेपाल
16. सुरेश राजभण्डारी, नेपाल नेत्रहीन संघ
17. भुवन के.सी., नेपाल नेत्रहीन संघ
18. आत्माराम न्यौपाने, कन्सर्न नेपाल
19. अगाथा थापा, सेतो गुराँस
20. उमा घिमिरे, सेतो गुराँस

**(ग) बाल अधिकार संरक्षण विषयगत समूह**

1. उपेन्द्र केशरी न्यौपाने, सदस्य, केवाकस (संयोजक)
2. शशिशेखर श्रेष्ठ, राष्ट्रिय योजना आयोग सचिवालय
3. दुर्गादत्त ढकाल, गृह मन्त्रालय
4. पवन कुमार तिमिल्सिना, मवासकम
5. गीता उप्रेती, नेपाल प्रहरी
6. नुपुर भट्टाचार्य, बाल बचाउ नर्वे
7. चन्द्रिका खतिवडा, बाल बचाउ नर्वे
8. माधव प्रधान सिविन
9. बद्री प्रसाद वाग्ले, सहारा समूह
10. मधुवन्ती तुलाधर, प्लान नेपाल
11. प्रल्हाद ढकाल, बाल बचाउ युके
12. कुल बहादुर, श्रेष्ठ कन्सर्न नेपाल
13. राम कुशल पन्त, नेपाल अपाङ्ग महासंघ
14. मदन कोइराला, श्रम तथा यातायात व्यवस्था मन्त्रालय
15. सुर्य भक्त प्रजापती, RCRD
16. उपेन्द्र खनाल, नेपाल अपाङ्ग महासंघ
17. तेज सुव्वा, नेपाल बाल संगठन
18. सुरेश राजभण्डारी, नेपाल नेत्रहीन संघ
19. धिरेन्द्र लम्साल, NCPD
20. अन्जु सिँह, साथी
21. विमला श्रेष्ठ, साथी
22. कृष्णजीवी पन्त, युसेप
23. आसा राम महर्जन, कन्सर्न नेपाल
24. ममता श्रेष्ठ, नेपाल अपाङ्ग महासंघ
25. वीरेन्द्र अधिकारी, नेपाल अपाङ्ग महासंघ

26. अजय सिँह कार्की, नेपाल रगमार्क फाउण्डेसन

27. दिपा रेग्मी, नेपाल रगमार्क फाउण्डेशन

28. कुमार भट्टराई, सिविन

29. सन्जोग ठकुरी, हातेमालो बाल क्लव

30. केशर मोहन भट्टराई, युसेप

31. पुजा सिँह, नेपाल प्रहरी

32. भानु तिम्सिना, त्रि.वि.वि.

33. इन्दिरा कार्की, एविसि नेपाल

34. आत्मा राम न्यौपाने, कन्सर्न नेपाल

35. विश्व खड्का, माइती नेपाल

36. विश्वजीत, VEO

37. तरुण अधिकारी, जिटीजेड

38. इन्दिरा जोशी, पाटन समुदायमा आधारीत पुनर्स्थापना केन्द्र

**(घ) एच.आइ.भि./एड्स विरुद्ध अभियान विषयगत समूह**

1. शरद शर्मा, सदस्य केवाकस (संयोजक)

2. शंकर राज पाण्डे, कार्ययोजना कार्यदल सदस्य

3. सुधा न्यौपाने, मवासकम

4. भक्ति प्रसाद उप्रेती, जनसंख्या तथा वातावरण मन्त्रालय

5. भरत राउत, जनरल वेलफेयर प्रतिष्ठान

6. ज्याकलिन ब्रायड, UNAIDS

7. भोजराज पोखरेल, पोलिसी प्रोजेक्ट

8. मेनु थापा, स्नेह सपोर्ट ग्रुप

9. छिरीङ्ग शेर्पा, स्नेह सपोर्ट ग्रुप

10. महेश देव भट्टराई, जनरल वेलफेयर प्रतिष्ठान

11. अनुप सिँह गुरुङ्ग, माइती नेपाल

12. अख्तर सलीम, नेपाल प्लस

13. गीता बसेल, स्नेह सपोर्ट ग्रुप

14. संजोग ठकुरी, हातेमालो बाल क्लव

अनुसूची -४

## सन् २०१५ का लागि बालबालिकासम्बन्धी नेपालका लक्ष्यहरु

**तालिका क ३:1 बाल स्वास्थ्य**

| विश्वव्यापी लक्ष्य | सन् २०१० | सन् २०१५ | नेपालको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | सन् २००२/०३ को स्थिति | सन् २००७ | सन् २०१२ | सन् २०१५ |
| शिशु मृत्यु दर घटाउने (प्रति हजार जीवित जन्ममा) | ३३ प्रतिशतले | ६६ प्रतिशतले | ६४ | ४५ | ३०* | २०* |
| पाँच वर्ष मुनिको मृत्युदर घटाउने (प्रति हजार जीवित जन्ममा) | ३३ प्रतिशतले | ६६ प्रतिशतले | ९१ | ७२ | ६०* | ५४ |
| स्वास्थ्य सेवा प्रदायकद्धारा सुत्केरी गराउने (%) | | | १३ | १८ | ३५ | १०० |
| अस्थायी साधन प्रयोग दर(%) | | | ३९ | ४८ | ६०* | १०० |
| कोरा जन्मदर (प्रति हजार जीवित जन्ममा) | | | ३४ | ३० | ३५* | ३२* |
| मातृ मृत्युदर घटाउने (प्रति लाख जन्ममा) | ३३ प्रतिशतले | ७५ प्रतिशतले | ५३९ (१९९६) | ३०० | २५०* | २१३* |
| दुई बर्ष मुनिका बालबालिकालाई विशेष ध्यान दिंदै पाँच वर्ष मुनिका बालबालिकामा कुपोषण घटाउने (%) | ३३ प्रतिशतले | | ४८* | ४०* | ३०* | २५* |
| कम तौलको जन्मदर घटाउने (%) | ३३ प्रतिशतले | | ४८ | | | २८ |
| स्वस्थ सरसफाई सुविधामा पहुँच वृद्धि गर्ने (%) | ३३ प्रतिशतले | | २५ | ५० | ७०* | ८०* |
| सफा पिउने पानीमा पहुँच बढाउने (%) | ३३ प्रतिशतले | | ७२ | ८५ | ९०* | ९२* |
| मिल्दो जुल्दो उमेरका सवैको प्रजनन स्वास्थ्यमा पहुँच बढाउने (%) | | १०० प्रतिशत | EHCS मा पहुँच ७० | ९० | | १००* |
| राष्ट्रिय रुपमा ९० प्रतिशत हुने गरी एक बर्ष मुनिका बालबालिकालाई खोपको मात्रा पुरा गराउने | सन् २००५ सम्म | | ८० | ९० | ९५* | १००* |
| दादुराबाट हुने मृत्यु घटाउने | सन् २००५ सम्म | | | सन् २००५ सम्म ९५ प्रतिशत मृत्यु | | |
| मातृ तथा नवजात टिटानस उन्मुलन गर्ने | सन् २००५ सम्म | | | उन्मुलन | | |
| पोलियोको विश्वव्यापी उन्मूलन प्रमाणीत गर्ने | सन् २००५ सम्म | | | उन्मुलन | | |
| क्षयरोगबाट हुने मृत्यु र प्रभाव आधाले घटाउने | ५० प्रतिशतले | | | ९५ प्रतिशत उपचार | | |

नोटः *अनुमानित

तालिका क ३:२ बाल शिक्षा

| विश्वव्यापी लक्ष्य | सन् २०१० | सन् २०१५ | नेपालको लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | सन् २००२/०३ को स्थिति | सन् २००७ | सन् २०१२ | सन् २०१५ |
| सबै बालबालिकाले गुणस्तरयुक्त, निशुल्क तथा अनिवार्य प्राथमिक शिक्षामा पहुँच र पुरा गर्ने सुनिश्चितता(%) | | सन् २००५ सम्म | | ९० | | |
| ECD मा कुल भर्ना दर(%) | | | १८ * | ३२ | ६० | ८० |
| ECD बाट कक्षा १ मा नयाँ प्रवेश(%) | | | २५* | ४० | ६५ | ८० |
| कक्षा १ मा कुल भर्ना कोटा (Intake) दर(%) | | | १२५ * | १२३ | १११ | १०२ |
| कक्षा १ मा खुद भर्ना कोटा ( Intake) दर(%) | | | ६७* | ७३ | ८९ | ९८ |
| कक्षा १-५ सम्म कुल भर्नादर(%) | | | ११५ * | ११० | ११० | १०५ |
| प्राथमिक विद्यालय भर्नादर वा वैकल्पिक गुणस्तरयुक्त प्राथमिक शिक्षा वृद्धिदर(%) | ९० प्रतिशतले | | ७२ | ९० | ९५ | १०० |
| विद्यालय शिक्षामा लैङ्गिक असन्तुलन हटाउने | सन् २००५ सम्म | | | | | |
| गुणस्तरयुक्त शिक्षामा लैङ्गिक समानता कायम गर्ने | | सन् २०१५ सम्म | | | | |
| विशेष गरी महिलालाई जोड दिँदै प्रौढ साक्षरताको स्तर वृद्धि गर्ने | | ५० प्रतिशतले | | | | |
| आवश्यक योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | | | ५० | १०० | १०० | १०० |
| आवश्यक प्रमाणपत्र प्राप्त शिक्षक(%) | | | ६० | १०० | १०० | १०० |
| विद्यार्थी-शिक्षक अनुपात | | | ३४ | ३४ | ३१ | ३० |
| पुनरावृत्ति दर(%)<br>कक्षा-१<br>कक्षा-५ | | | ३०<br>९ | २४<br>८ | १४<br>८ | १०<br>८ |
| कक्षा- ५ सम्म Survival दर(%) | | | ७१ | ७५ | ८६ | ९० |
| योग्यता क्षमता(%) | | | ६३ | ६७ | ७६ | ८० |
| कक्षा ५ सम्म सिकाईको उपलब्धि(%) | | | ५२ | ५७ | ७० | ८० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५-२४ बर्षको साक्षरता दर(%) | | | ७६ | ७९ | ८६ | ९५ |
| ६ बषमाथिको साक्षरता दर(%) | | | ६५ | ७५ | ८५ | ९० |
| १५ बर्षमाथिको साक्षरता दर(%) | | | ५८ | ६३ | ७० | ७५ |
| साक्षरता कूल प्रतिशत (१५+) एकाई | | | ०.७ | ०.८ | ०.९ | १.० |

नोटः * अनुमानित

## अनुसूची-५

## कार्ययोजना अवधिका लागि अनुमानित बजेट (सन् २००४/०५-२०१४/१५)

यस कार्ययोजना भित्र सन् २००४ देखि २०१५ अर्थात वि.सं.२०६१ देखि २०७२ सम्मका एघार आर्थिक बर्षहरु समेटिने छन् । कार्ययोजना कार्यान्वयनकर्ताहरुमा विषयगत मन्त्रालय, स्थानीय निकायहरु (जिविस,गाविस,नगरपालिका), विकासका साझेदार संस्थाहरु ( संयुक्त राष्ट्र संघीय संस्थाहरु, अन्तराष्ट्रिय एजेन्सीहरु, अन्तर्राष्ट्रिय गैससहरु), गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु तथा नागरिक समाज रहेका छन् । यस अनुमानित बजेटभित्र सामान्यतया श्री ५ को सरकारको बालबालिकासँग सम्बन्धित विषयको बजेट (प्रशासनिक तथा कार्यक्रम) तथा विकासका साझेदारहरुको बजेट समावेश गरिएको छ । यो अनुमान केही मुख्य कार्यान्वयनकर्ताहरुको बजेट र आगामी बर्षहरुमा हुने वृद्धि समेतलाई आधार मानी गरिएको छ । हाल भईरहेको खर्च यथावत रुपमा लगातार भएमा हुन सक्ने व्ययलाई नै यस तालिकामा देखाइएको छ साथै यो कार्ययोजनाको लक्ष्य हासिल गर्न अप्रत्यक्ष लाभदायी कार्यक्रम भन्दा प्रत्यक्ष लाभदायी कार्यक्रमहरुको सन्चालनलाई उच्च प्राथमिकता दिनको लागि पनि सिफारिस गरिएको छ ।

**तालिका ४.१ कार्ययोजनाकालागि आवश्यक स्रोत अनुमान (स्थानीय मुद्रा रु. दश लाखमा)**

| उदेश्य | २००५-०७ | २००८-१२ | २०१३-१५ | २००५-१५ |
|---|---|---|---|---|
| *कानूनमा सुधार*<br>बाल अधिकार महासन्धि अनुकुल बाल अधिकारका सवै क्षेत्र समेट्ने गरी कानूनको पुनरावलोकन, मिलान तथा सुधार गर्ने | ५ | १० | ५ | २० |
| *संस्थागत विकास*<br>कार्ययोजनाको समन्वय, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनका लागि बाल क्लव प्रवर्द्धन र संस्थागत प्राविधिक तथा बन्दोबस्ती सहयोग लगायत सन्जाल र निगरानी समूह गठन गरी संस्थागत संयन्त्रको विकास तथा सुदृढीकरण गर्ने | १००० | ४००० | २००० | ७००० |
| *स्वास्थ्य तथा एच.आई.भी. एड्स*<br>गुणस्तरयुक्त स्वास्थ्य सेवामा सवै बालबालिकाको पहुँच पुर्याउन स्वास्थ्य सेवा, उपकरण, औषधि तथा सहयोग वृद्धि गर्ने | ४००० | १३००० | ८००० | २५००० |
| *शिक्षा*<br>सवै आवश्यक सुविधाहरु, मानवीय संशाधन र क्षमता अभिवृद्धि समेतमा वृद्धि गरी शिक्षामा सुधार गर्ने | ९००० | २५००० | १८००० | ५२००० |
| *पुनर्स्थापना तथा सामाजिक पुनर्एकीकरण*<br>सीपमुलक तालिम, औपचारिक तथा अनौपचारिक शिक्षा, स्वास्थ्य सुविधा, मनोरन्जन र सहयोग कार्यक्रम समेतको पुनर्स्थापना, सामाजिकीकरण, परामर्श तथा सुधारको सुविधा प्रदान गर्ने | १००० | ३५०० | १५०० | ६००० |
| *संरक्षण*<br>अपाङ्ग तथा कठीन परिस्थितिका बालबालिकालाई लक्षित गर्दै सवै बालबालिकाहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने | १००० | ३००० | २००० | ६००० |
| परिवार तथा सामुदायिक विकास | २००० | ६००० | ३००० | ११००० |
| मानवीय संशाधन तथा क्षमता विकास | २००० | ६००० | ३००० | ११००० |
| पैरवी तथा सचेतना जागरण | ५०० | १००० | ५०० | २००० |
| सूचना व्यवस्थापन प्रणाली | २०० | १००० | ५०० | १७०० |

| | | | | |
|---|---|---|---|---|
| अध्ययन अनुसन्धान | २०० | ६०० | ३०० | ११०० |
| अन्य | ५०० | १५०० | १००० | ३००० |
| जम्मा | २१४०५ | ६४६१० | ३९८०५ | १२५८२० |